# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ९ अङ्क ४६ | पूर्णाङ्क ४२६ | २०८२ असार २ गते सोमबार | Monday 16 June, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।-


## सात बुँदे घोषणापत्र जारी गर्दै अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न




❑ **केके मानन्धर**

असार १।सात बुँदे घोषणापत्र जारी गर्दै दोस्रो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन ११४५ सम्पन्न गरेको छ। दुईदिने सम्मेलनमा बंगलादेश, भारत र नेपालका विभिन्न प्रदेशबाट पत्रकारहरूको गुणात्मक सहभागिता रहेको थियो ।अन्तर्राष्ट्रिय सम्मेलन मार्फत मातृभाषाको पत्रकारितालाई प्रवर्द्धन बाँकी ७ पेजमा

# भूमि बैंक नीति अविलम्ब खारेजी गर्न जोडदार माग

*गोविन्द पौडेल*

काठमाडौं। क्रान्तिकारी किसान महासंघ नेपालले जेठ ३० मा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले वर्तमान सरकारले अगाडि सारेको भूमि बैंक सम्बन्धी नीति अविलम्ब खारेजी गर्न जोडदार माग गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यबाहक महासचिव सिपी गजुरेलले कुनै बेला दक्षिण अफ्रिकामा नेल्सन मण्डेलालाई अफ्रिकाको अबस्था कस्तो छ भनि सोध्दा "पहिला सबै अफ्रिकन जनतासँग जमिन थियो तर अमेरिकनसंग बाईबल मात्रै थियो तर अहिले अमेरिकनसंग जमिन छ, सबै अफ्रिकनसँग बाईबल मात्रै छ" भनेर भनेको प्रसंग उल्लेख गर्दै भूमि बैंक नीति लागु गर्दा नेपाली किसानको हालत पनि "जमिन जति बैंक, कर्पोरेट हाउस र बहुराष्ट्रिय कम्पनीको कब्जामा पुग्ने, नाम मात्रको फर्जी लालपुर्जा चाहिँ किसानको हात हातमा हुने नियति ब्यहोर्न बाध्य बनाइने दावी गर्नुभयो। उहाँले राज्यव्यवस्थाको सञ्चालक संसदीय दलहरू, "साम्राज्यवाद विस्तारवाद र बचेखुचेको सामन्तवादका हलि गोठालाको हैसियत भन्दा माथी उठ्न नसकेकाले नेपाली किसानहरूको त्यो स्थिति आएरै छाड्ने पनि ठोकुवा गर्नुभयो। यी यथास्थितिवादी शक्ति र पश्चगामी शक्तिहरूबाट नेपाली किसानहरूले कहिल्यै पनि उन्मुक्ति नपाउने भन्दै नेपाली किसानको वास्तविक समस्याको समाधान संघीय जनगणतन्त्रबाट मात्रै हुने विचार व्यक्त गर्नुभयो ।

उहाँले यथास्थितिवादीहरूले बेलगाम मच्चाएको संस्थागत कानुनी र नीतिगत भ्रष्टाचार, कालोबजारी, तस्करी, ह्वात्तै मौलाएको कारणले आजित जनतालाई भ्रमित पारेर पश्चगामी शक्तिहरूले टाउको उठाउन थालेकाले जनता केही तरंगित हुन पुगेको चर्चा गर्दै जनगणतन्त्र नै अबको सही र आवश्यक विकल्प भएको दोहोऱ्याउनु भयो ।

उहाँले राजनीतिक दलहरू एकै ठाँउमा आउन नसके पनि भूमि बैंक नीति खारेजीको मुद्दामा ६ वटै किसान संगठन सम्मिलित किसान मोर्चा एकै ठाँउमा आउनुले यो समस्या सबैको साझा भएको मात्रै दर्शाउँदैन राजनीतिक समस्याको जल्दोबल्दो समस्या भएको प्रमाणित भएको पनि दावी गर्नुभयो। उहाँले ६ वटै संगठनलाई धन्यवाद दिनुभयो ।

काठमाडौंको बागबजार स्थित हार्दिक होटेलमा आयोजित 'भुमि बैंकसम्बन्धी नीति बाँकी २ पेजमा

## भ्रष्टाचार विरोधी अभियान सफल पारौं !

हाम्रो पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले गत पीबी बैठकको निर्णय अनुसार २०८२ साल असार ५ गतेदेखि देशव्यापी रूपमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्न गइरहेको छ। यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन हामी सम्पूर्ण न्यायप्रेमी जनसमुदायसँग हार्दिक अनुरोध गर्दछौं ।

***भ्रष्टाचार विरोधी अभियान किन ?***

हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ। देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन। मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकायहरू, अड्डा अदालत, प्रहरी प्रशासन, विकास निर्माणका काम जहाँ जाउँ त्यहाँ भ्रष्टाचार छ, घुसखोरी ब्याप्त छ। घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन्। यसलाई नियन्त्रण गर्ने निकाय देशको सरकार हो। तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ। सरकारमा सामेल भएका मात्र होइन, केही अपवाद बाहेक प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू समेत भ्रष्टाचारबाट मुक्त छैनन्। भुटानीकरण काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछन्। यतिसम्म कि भ्रष्टाचार गर्न र त्यसबाट प्राप्त रकम बाँडफाँड गर्न सफ्टवेयर समेत विकास गरिएको कुरा चर्चामा आइरहेको छ।

यी घटनाक्रमहरूले के कुरा प्रष्ट गर्दछन् भने नेपालमा भ्रष्टाचार संस्थागत रूपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ। सरकारमा सामेल राजनीतिक पार्टी तथा प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू पनि संस्थागत भ्रष्टाचारको पक्षमा रहेका हुनाले नेपालमा भ्रष्टाचारको विषय अत्यन्तै गम्भीर बन्न गएको हो। भ्रष्टाचारले गर्दा नै देशका सम्पूर्ण विकास निर्माणका कामहरू जति हुनसक्थे त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गएको छ। देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो। तर स्वयम् सरकार, त्यसमा संलग्न पार्टी तथा हिजो सरकारमा र अहिले प्रतिपक्षमा रहेका पार्टीका नेताहरू समेत संस्थागत भ्रष्टाचारको पक्षमा भएको हुनाले आम जनता नै भ्रष्टाचारीका विरुद्ध संघर्षमा नउत्रिएसम्म देशमा भ्रष्टाचार कम हुनेवाला छैन। त्यसकारण हाम्रो पार्टीले भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गर्न आवश्यक ठानेको हो। यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन र विभिन्न ढंगबाट यस अभियानलाई सहयोग गर्न हामी सम्पूर्ण जनसमुदायसँग हार्दिक अपील गर्दछौं।

***आदरणीय जनसमुदाय***

हामी तपाइँहरूलाई यो कुरा पनि स्पष्ट गर्न चाहन्छौं कि यो प्रतिक्रियावादी संसदीय व्यवस्था र बुर्जुवा गणतन्त्र भनेकै भ्रष्टाचारी, घुस्याहा र शोषक वर्गको हितगर्ने व्यवस्था हो। त्यसकारण यो व्यवस्था अन्तर्गत हुने भ्रष्टाचार विरोधी आन्दोलनले भ्रष्टाचारको न्यूनीकरण गर्न त संभव छ तर निर्मूल गर्न सक्दैन। देशमा संस्थागत ढंगले फैलिंदै गएको भ्रष्टाचारलाई न्यूनीकरण गर्न र त्यसका विरुद्ध जनतालाई सुसुचित गर्न हामीले भ्रष्टाचार विरोधी अभियान संचालन गर्न आवश्यक ठानेका हौं। देशलाई सधैका लागि भ्रष्टाचारबाट मुक्त गर्न हामीले संघीय जनगणतन्त्रको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्नु अनिवार्य छ। वैज्ञानिक समाजवादले मात्र भ्रष्टाचारको पूर्ण उन्मुलन गर्नेछ। २०८२/३/५

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल
केन्द्रीय कार्यालय

## क्रान्तिकारी महिला संगठन नेपालले राष्ट्रिय सम्मेलन गर्ने



काठमाण्डौ। क्रान्तिकारी महिला संगठन नेपालले २०८२ साल फागुनमा राष्ट्रिय एकता सम्मेलन गर्ने निर्णय गरेको छ। भेलाले ७५ सदस्सीय राष्ट्रिय एकता सम्मेलन आयोजक समिति गठन गरेको छ। संगठनका संयोजक अम्बिका मुडवरीको अध्यक्षता र क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको स्थायी समिति सदस्य असिमको विषेश आतिथ्यता तथा सूर्या थापाको आतिथ्यता ,सहसंयोजक शारदा महतको सञ्चालन र मनु वि.क.को स्वागतमा भेला सम्पन्न भएको हो। ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण पछि भेला अगाडि बढेको थियो। भेलामा विभिन्न जिल्लाबाट उपस्थित सदस्यहरूले बाँकी ७ पेजमा

## अखिल क्रान्तिकारीद्वारा देशव्यापी 'विद्यार्थी जागरण तथा शैक्षिक संघर्षको अभियान'को घोषणा




काठमाडौं। अखिल (क्रान्तिकारी)ले असार १५ देखि ३० गतेसम्म पहिलो चरणमा देशव्यापी 'विद्यार्थी जागरण तथा शैक्षीक संघर्षको अभियान'को घोषणा गरेको छ। आइतबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी सरकारले अघोषितरूपमा शिक्षालाई निजीकरण तथा व्यापारीकरण गर्न लागेकोले आफूहरूले सघर्ष गर्नु परेकोसमेत जनाएको छ।

नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (बहुमत) निकक्ट दुई अखिल(क्रान्तिकारी) र नेकपा(मसाल) निकट अखिल(छैटौं)सहित ३ वटा विद्यार्थी संगठनले जेठ २८ र २९ गते एकता राष्ट्रिय सम्मेलन आयोजक समितिको बैठकले संघर्षको घोषणा गरेको जनाएको छ।

पत्रकार सम्मेलनमा बोल्दै अखिल(क्रान्तिकारी)का संयोजक महेशश्रेष्ठलेसरकारलेअघोषितरूपमा शिक्षालाई निजिकरण गर्न लागेकोले आफूहरूले संघर्षको घोषणा गर्नु परेको बताए। संविधान र कानुन विपरित शिक्षालाई व्यापारिकरण गरिएको बताउँदै श्रेष्ठले बाँकी ७ पेजमा

## भ्रष्टाचारबिरूद्ध सशक्त संघर्ष गर्ने आरसीपी नेपाल रामग्रामको चेतावनी



नवलपरासी। मोहन बैद्य 'किरण' नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल रामग्राम नगर संगठन समितिले संस्थागत भ्रष्टचार बिरुद्ध सशक्त संर्घष गर्ने चेतावनी दिएको छ। उक्त पार्टीको रामग्राम नगर संगठन समितिले शनिवार परासीमा आयोजना गरेको एक प्रशिक्षणमा पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज क्षेत्रबहादुर थापाले भ्रष्टचार बिरुद्ध निर्मम ढंगले संर्घष गर्ने चेतावनी दिए। त्यस्तै पार्टीका अर्का केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले भ्रष्टचार मुलुककै पहिलो समस्या रहेको चर्चा गर्दै भ्रष्टहरू जनप्रतिनिधि होस् वा नोकरशाह उनीहरूलाई कुनै पनि हालतमा जनताले नछाड्ने बताए। 'भ्रष्टचारले देश खोक्रो पारेको छ। दलाल संसदीय ब्यवस्थाले भ्रष्टहरूलाई कारवाही गर्ने ल्याकत राख्दैन। अनेकौ काण्डहरूका नाइकेहरूले कानुनको छिद्रलाई दुरूपयोग गरेर लुट मच्चाइरहेका छन्। अब जनतालाई सैह्य हुने अवस्था नै छैन- उनको भनाई उदृत गर्दै एक सदस्यले भने - त्यसैले संस्थागत भ्रष्टचारका बिरुद्ध जनताले नै जनकारवाही बाँकी ७ पेजमा

## १५ नं. ब्यूरोको प्रशिक्षण र बैठक सम्पन्न




काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको १५ नं. ब्यूरोको प्रशिक्षण र बैठक सम्पन्न भएको छ। पार्टीका स्थायी समिति सदस्य सन्तबहादुर नेपालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि नेपालीले पार्टीका सम्पन्न पोलिटब्यूरो र स्थायी समितिका बैठकका निर्णयहरूका साथै पार्टीको राजनीतिक कार्यदिशा, विधान र सांगठानिक नियमावलीका विषयमा प्रशिक्षण दिनुभएको थियो।

पार्टीका ब्यूरो सचिव विवेकको अध्यक्षता, बलदेवको सञ्चालन र पारसको स्वागतमा सम्पन्न कार्यक्रममा बाँकी ७ पेजमा

## सरकारको भूमि बैंकसम्बन्धी नीति र किसानका जल्दाबल्दा समस्याबारे क्रान्तिकारी किसान महासंघको अवधारणा

१) **विषय उठान** : नेपाल सरकारको २०८२००८ ३ को बजेट कार्यक्रममा भनिएकोछ "परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्दा कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेकोछ भने (सोही कारण) युवामा खेती गर्ने आकर्षण बढ्न सकेको छैन । नवप्रवर्तक र प्रविधिको उपयोगको कमि, न्यून उत्पादकत्व र अधिक उत्पादन लागतले गर्दा राष्ट्रिय आयमा उत्पादनमूलक क्षेत्रको योगदान अपेक्षानुरूप हुन सकेको छैन (दफा-१९)। राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालको कुल जनसंख्याको ६२ प्रतिशत किसान परिवार छन्। कुल किसान परिवारमध्य ८६ प्रतिशतसँग १ हेक्टरभन्दा कम जमिन रहेकोछ । यसबाट नेपालको खेतीको स्वरूप मूलतः सानो किसानी र निर्वाह मुखी रहेको देखिन्छ । यिनै किसानहरूमा अर्ध-बेरोजगारी र बेरोजगारीको संख्या अधिक भएको कारण युवाहरू विदेशमा जान बाध्य छन् । किसान खेतीसँग जोडिएको हुन्छ । तर जसले खेती गर्छ, उसँग जमिन छैन र जो खेती गर्दैन उसँग जमिनछ । जंगली जनवारहरूको विगविगीले पनि खेती हुन दिदैन । त्यसका साथै गुठी र उद्योगधन्दाको नाममा लुकाइएका जमिन, र विचौलियाले गरेको "ल्पटिङ" आदिले गर्दा ३३ प्रतिशत जमिन (६६ हजार हेक्टर) बाँझो छ र यो क्रम बढ्नेदेखिन्छ । यसै कुरोलाई बहाना बनाएर नेपाल सरकारले २०८२०८३ को बजेट कार्यक्रममा भनेकोछ, "कृषियोग्य जमिन बाँझो राख्न नपाईने नीति लिइनेछ । कृषियोग्य भूमिको उपयोग गर्न भूमि बैंकसम्बन्धी कानुनी तथा संस्थागत प्रवन्ध गरिनेछ । आगामी आ.व.मा कम्तीमा १०० स्थानीय तहमा भूमि बैंक स्थापना गरिनेछ । जग्गा धनीले जग्गा लिजमा दिन चाहेमा स्थानीयतहसँग करार संझौता गर्ने व्यवस्था मिलाइनेछ । भूमि बैंकमा अभिलिखित जग्गा व्यावसायिक कृषिका लागि स्थानीयतहसँग करार संझौता गरी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ" (दफा ५७)। बाँकी ५ पेजमा



● सीताराम तामाङ ●

## सम्पादकीय

# इजरायलको मानवताविरूद्ध महाअपराध

प्यालेस्टाइनी भूमिमाथि युद्ध थोपरेर गाँजापट्टीमा नरसंहार मच्चाएको इजरायलले पछिल्लो समय इरानमाथि आक्रमण गरेर त्यहाँका उच्च पदस्थ सैन्य अधिकारीहरूको हत्या गरेपछि इरानले इजरायलमाथि आक्रमण जारी राखेको छ। इजरायल-प्यालेस्टायनबिचको युद्ध विस्तारित भएर मध्यपूर्वमा भयानक युद्ध भड्किने स्थिति देखापरेको छ।

इजरायलले गरेको आक्रमणमा इरानी सेनाका प्रमुख मोहम्मद बाघेरी, इरानी रिभोलुसनरी गाड्र्सका प्रमुख हुसेइन सलामी, वरिष्ठ कमान्डर घोलम अली रसिदलगायतको हत्या भएको छ। आक्रमण गरिएको स्थानमा नटान्जस्थित युरेनियम प्रशोधन केन्द्र पनि पर्छ, जहाँ ६ जना आणविक वैज्ञानिक मारिएका छन्। त्यस्तै, महिला र बालबालिकासहित ७० भन्दा बढी सर्वसाधारणले ज्यान गुमाएको इरानी पक्षले बताएको छ। इजरायलले दुर्भाग्यपूर्ण अवस्था भोग्नुपर्ने चेतावनी दिएको इरानले बदलास्वरूप बलिस्टिक क्षेप्यास्त्रसमेत प्रहार गरेको छ। आक्रमण, प्रत्याक्रमण लम्बिँदै गए क्षतिका विवरण बढ्दै जानेछन्। साथसाथै युद्धमा थप देश पनि जोडिँदै जाने निश्चित छ। राजनीतिक, आर्थिक, भौगोलिक तथा सैन्य सम्बन्धका कारण पूरै पश्चिम एसिया नै युद्धतर्फ धकेलिने र विश्वयुद्ध भड्किने खतरा रहेको छ।

प्यालेस्टाइन भूमिमा सन् १०४८ मा इजरायलको स्थापना भएपछि निरन्तर रूपमा इजरायल र प्यालेस्टाइनबिच युद्ध हुँदै आएका छन्। पुस्तौपुस्तासम्म प्यालेस्टाइनी जनताहरूले आफ्नो आदि थलोको रक्षाका लागि इजरायलका विरुद्ध निरन्तर प्रतिरोध पनि गर्दै आएका छन्। सन् १९४८ मै इजरायल-अरब युद्ध भएको थियो। जसमा इजरायलको स्थापनाको विपक्षमा रहेका इजिप्ट, जोर्डन, इराक, सिरियालगायतले इजरायलमाथि आक्रमण गरेका थिए। सन् १९५६ मा इजरायल, बेलायत र फ्रान्सले इजिप्टमाथि आक्रमण गरेका थिए। सन् १९६७ मा इजरायलसँग इजिप्ट, जोर्डन र सिरिया लडेका थिए।

त्यस्तै, सन् १९८८ मा इरान र इराकबीच युद्ध भएको थियो। सन् १९९० मा इराकले कुवेतमाथि आक्रमण गरेर कब्जा नै गऱ्यो। यसले खाडी युद्ध निम्त्यायो र कुवेतलाई पनि स्वतन्त्र बनायो। गाजा युद्ध त नियमित घटनाक्रम नै बनेको छ। सन् २०२३ अक्टोबर ७ मा प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमाथि आक्रमण गरेपछि इजरायलले सुरु गरेको प्रत्याक्रमण अझै जारी छ। इजरायल र इरानले पटकपटक प्रोक्सी युद्ध लडेका छन्। इरानले इजरायललाई दबाबमा राख्न प्यालेस्टाइनको हमास, लेबनानको हेजबुल्लाह, यमनको हुथीजस्ता इजरायलविरोधी समूहलाई सघाउँदै आएको छ। गत वर्ष इरानले इजरायलतर्फ मिसाइल आक्रमण गरेको थियो। पश्चिम एसियामा गृह तथा बाह्य युद्धका अनेकौं चोटपटक छन्। इजरायल-इरान द्वन्द्वले त्यसलाई थप बल्झाउने र कचल्ट्याउने सम्भावना छ। अमेरिकाको उक्साहटमा इजरायल बेलगाम अरब राष्ट्रहरूलाई 'शत्रु राष्ट्र' घोषणा गर्दै युद्ध उन्माद चरित्र प्रदर्शन गरिरहेको छ र मध्यपूर्व तथा पश्चिम एशियाको शान्ति पूर्णरूपमा खल्बल्याउँदै आएको छ। विश्वमा अहिले 'जिसका लाठी, उसका भैस' भनेजस्तै शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्रहरूमाथि जस्तोसुकै अपराध गरेपनि जायज हुन्छ भन्ने भाष्य स्थापित हुँदै र गराउँदै लगिएको छ, यो निकै खतरनाक छ।

बदलिदो विश्वव्यवस्था र बहुध्रुवीय विश्व व्यवस्थामा अमेरिकी एकाधिकारलाई चुनौती दिंदै अगाडि बढेका चीन, रुस लगायतका शक्ति राष्ट्रहरूले सम्भावित तेस्रो विश्वयुद्ध रोक्न र विश्व शान्ति स्थापित गर्न ठोस पहल गर्न जरुरी छ। युद्ध अपराधी राष्ट्र तथा मानवताविरुद्धको महाअपराधी इजरायलमाथि उदाउँदा विश्व महाशक्ति राष्ट्रहरूले आवश्यक रूपमा दण्डित गर्ने नीति लिन जरुरी छ।

इजरायल-इरान द्वन्द्व नेपालीको पनि प्रत्यक्ष सुरक्षा सरोकारको विषय हो। खासगरी इजरायलमा नेपालीको उपस्थिति छ। युद्धग्रस्त राष्ट्र थाहा हुँदा हुँदै पनि राज्यले इजरायलमा नेपाली युवाहरूलाई पठाएको छ। युवा शक्तिलाई विदेश निर्यात गरेर रेमिट्यान्सबाट राज्य धान्दै आएको वर्तमान सरकारले इजरायलमा रहेका नेपाली नागकिहरूलाई तत्काल स्वदेश फिर्ता बोलाउने र उनीहरूको भौतिक सुरक्षामा गम्भीर बन्न जरुरी छ।


परिवर्तनको सम्वाहक

मूलबाटो

मुख्य पृष्ठ समाचार विचार कुराकानी साहित्य प्रवास खेलजगत प्रविधि सिने जगत पर्यटन ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# भ्रष्टाचार विरूद्धको अभियान र त्यसको उद्देश्य



● सन्तबहादुर नेपाली ●

***वर्षेनी हजारौं मुद्दाहरू अख्तियारमा आएका हुन्छन्। अख्तियारले प्रमाणसहित पेश गरेका मुद्दाहरू पनि सरकारको छाँया परेपछि गल्याक गुलुक गल्छन्। जसको सरकार गठन हुन्छ, उसले आफ्ना भ्रष्टाचारमा सजाय सुनाइएकाहरूलाई चोख्याउने काम गर्छ। प्रतिपक्षमा रहेकाहरूलाई पुराना मुद्दा उठाइदिन्छ र प्रतिपक्षलाई उठ्नै नसक्ने गरी थचारिदिन्छ। अख्तियारले गृहमन्त्री रमेश लेखकलाई भिजिट भिसा प्रकरणमा संलग्न भएको आशंकामा छानविनको दायरामा राख्यो।***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले आगामी ०८२ असार ५ गते देशव्यापी रूपमा भ्रष्टाचार विरुद्धको अभियानको प्रारम्भ गर्ने भएको छ। त्यो दिन जिल्ला जिल्लामा सभा, कोणसभा वा अन्य कार्यक्रम गरेर अभियानको घोषणा गर्नेछ। आखिर यसप्रकारको अभियान पार्टीले किन प्रारम्भ गर्नुपऱ्यो त ? भन्ने प्रश्न उठ्न सक्छ र उठनु स्वभाविक पनि हो। यसको पछाडिको कारण धेरै छन्। प्रथमतः सरकारको नेतृत्व गर्ने नेता तथा नोकरशाहहरूको साँठगाँठ र मिलेमतोमा सबै क्षेत्रमा जुन प्रकारले भ्रष्टाचार गरिरहेका छन्, त्यसको बारेमा जनतालाई सुसूचित गर्नु, त्यसका कारणहरूलाई जनसमक्ष राख्नु, त्यसको निवारणका निम्ति जनताको पहल र सक्रियताको आवश्यकताबारे बताउनु र भ्रष्टाचार निरन्तर चलिरह्यो र रोकिएन भने देशले कुन परिणाम भोग्ने छ र जनताको अवस्था के हुनेछ भनेर जनतालाई सजग तुल्याउनु आदि हुनेछ। द्वितीय, आजसम्म भ्रष्टाचारको गीत धेरै सुनाइएको छ। जनताले भ्रष्टाचारका गीत सुनेर निकै मनोरन्जन लिईसके। एक अर्कोको पोल खोलाखोल निकै भइसक्यो। तर भ्रष्टाचारीहरूको कार्वाहीको प्रश्नमा एक अर्कालाई चोख्याउने काम पनि धेरै भई सके। भ्रष्टाचारका मुद्दाका चाङ लागिसके। तर भ्रष्टाचारीबाट असुल उपर गर्ने काम हुन सकेन। कार्वाहीको नाममा कतिपयलाई अधिकतम् २/४ वर्ष जेल हाल्ने बाहेक केही हुन सकेन। यो अवस्थामा जनताले अब कस्तो उपाय गर्नुपर्ला ? त्यो विषयबारे पनि फैसला गर्न जनतालाई अपिल गर्ने बेला आएको छ। तेस्रो कुरा, भ्रष्टाचारको अन्त (शुन्य सहहनशीलता) के यो दलाल पुँजीवादी संसदीय व्यवस्थाभित्र सम्भव छ ? यदि छैन भने अब के गर्नु पर्ला ? त्यो बारे पनि अब पार्टीले जनतासित नै सल्लाह गर्नुपर्नेछ।

प्रायः महिलाहरूले भ्रष्टाचार गर्दैनन् भन्ने मान्यता छ। तर हालै मिडियामा नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडीले विलिङ प्रणाली खरिद गर्दा उनी सहित १७ जना विरुद्ध ३३ करोड भ्रष्टाचार गरेको आरोपमा अख्तियारले मुद्दा दायर गरेको छ। यो प्रकरणले सरकारी पदमा बसेपछि महिलाहरू पनि भ्रष्टाचार गर्दा रहेछन् भन्ने कुरा पनि जगजाहेर भएको छ। महिलाहरू (सबै महिला होइन) भ्रष्टाचारका लागि परिवारदेखि नै स्रोतको काम गरेको पाइन्छ। कतिपय परिवारको अध्ययन गर्दा के पाइन्छ भने श्रीमानले निश्चित खर्चका लागि श्रीमतीलाई पैसा दिन्छन्। त्यसबाट थोरै धेरै बचाएर श्रीमतीले पैसा संकलन गर्छिन्। त्यो पैसा उनीहरू गहना किन्नमा खर्च गर्छन्। कुरो कति रकम ? भन्ने होइन, कुरो चुहावटको हो। घरमा चुहावट शुरु हुन थालेपछि परिवारका सदस्यमा असमानता पैदा हुन्छ। कतिपय महिलाहरू त लुकाएर व्याजमा पैसा लगानी पनि गर्छन्। यो त निम्न आय भएका परिवारको कुरा भयो। त्यो भन्दामाथि हुने खाने परिवारको कुरा बेग्लै छ। उनीहरू जे गरेर भए पनि पैसा खुब कमाउनुपर्छ भन्ने मान्यता राख्छन्। प्रायः यही वर्गका मानिसहरू भ्रष्टाचारमा संलग्न हुने गर्छन।

कुनै पुरुषले नाजायज रकम कमाउन चाहँदैन भने श्रीमती उनीहरूसित रिसाउँछिन् र भन्छिनः "फलाना फलानाले सानो जागिर भए पनि कति कमाईसके, तिमी त हुति नभएको मान्छे हौ। यसरी कसरी परिवार चल्छ ?" यसरी श्रीमानहरू भ्रष्टाचार गर्न नचाहँदा नचाहँदै पनि श्रीमतीलाई खुशी राख्न र उनको आवश्यकताहरू पूरा गर्न भ्रष्टाचार तर्फ आकर्षित हुन्छन्। त्यस्तै भ्रष्टाचार पसलहरूबाट पनि शुरु हुन्छ। तपाईले कम्पनी, संघसंस्था वा कार्यालयका लागि कुनै सामान खरिद गर्नुभयो भयो भने तपाईलाई विक्रेताले "कतिको बिल बनाउँ हजुर ?" भनेर सोध्छन्। दश प्रतिशत छुट्टाएर बील बनाउने कुरा सामान्य भएको छ। सामान्य व्यक्ति त्यसैमा सन्तोष हुन्छ। तर धेरै खाने मानिसले त्यसमा पनि बार्गेनिङ गरेर त्यो प्रतिशत ३० प्रतिशतसम्म बढाउँछन्। यसरी विभिन्न संघसंस्थासित जोडिने मानिसले त्यसप्रकारको आयलाई उनीहरूको सर्कलमा जायज प्रकारको आयको रूपमा लिन्छन्। यी भ्रष्टाचारका प्रारम्भिक रूप हुन्। हाम्रो सामन्ती तथा पुँजीवादी संस्कृतिले घरमा पनि त्यो प्रवृत्तिलाई प्रोत्साहित गरेको हुन्छ। यिनी यस्ता भ्रष्टाचार हुन जसलाई कसैले पनि सामान्य कुरो ठानेर वास्ता नै गर्दैन। तर यिनी भ्रष्टाचारका पहिलो पाठशाला हुन। यी चुहावटमा पल्किएका मानिसहरू जतिजति अवसर प्राप्त गर्छन् र सरकार वा राज्यका अंगहरूमा माथिल्लो पदमा पुग्छन्, त्यति त्यति यिनीहरूको भ्रष्टाचारको आकार बढ्दै जान्छ। त्यसपछि यस्ता मानिसहरू विचौलियाको रूपमा प्रकट हुन्छन्। त्यसपछि राज्यसंयन्त्र माथि नै प्रभाव जमाउँछन्।

जुन रकम आफ्नो आय भन्दा बढी बाहिरी स्रोतबाट आएको हुन्छ, त्यो कालो धन हो। कालो धन आर्जन गरेर समाजमा धाक, रवाफ देखाउनेहरू नै समाजका सफेदपोश अपराधी हुन्। हाम्रो सामन्ती तथा पुँजीवादी समाजमा त्यस्तै मानिसहरूको मान प्रतिष्ठा गरिन्छ। उनीहरूलाई कालो धनलाई सेतो बनाइएन भने सरकारले त्यसको स्रोत खोज्दा पक्राउ पर्ने डर लागि रहन्छ। त्यसकारण कतिपय मानिसहरू सुन किनेर घरमा थुपार्ने गर्छन वा बैंकको लकरमा राख्छन्। सुन खिया लाग्ने र नष्ट नहुने चीज भएको हुँदा धेरैले सुन किनेर राख्ने गर्छन। त्यसैले महान लेनिनले महिला मुक्तिको कुरा गर्दा भन्नुभएको थियो :"जुन सुनले महिलालाई श्रीमानको दास बनाएको छ, त्यो सुनलाई समाजवादी व्यवस्था आएपछि चर्पीमा लगाइनेछ। किनकि त्यसमा खिया लाग्दैन।" पुँजी आर्जनका लागि सुनले धेरै महत्वपूर्ण भूमिका खेल्ने गरेको छ। तर पुँजीवादमा यसको ठूलो महत्व र मान्यता भए पनि समाजवादमा यसको कुनै मूल्य छैन। किनकि त्यसले जनताको सेवा गर्दैन।

हाम्रो देशमा भ्रष्टाचार समाप्त गर्ने कुरा निकै उठेको पाइन्छ। हरेक सरकारले भ्रष्टाचारलाई शुन्य सहनशीलतामा पुऱ्याउने कुरा गर्छन। तर वर्षेनी हजारौं मुद्दाहरू अख्तियारमा आएका हुन्छन्। अख्तियारले प्रमाणसहित पेश गरेका मुद्दाहरू पनि सरकारको छाँया परेपछि गल्याक गुलुक गल्छन्। जसको सरकार गठन हुन्छ, उसले आफ्ना भ्रष्टाचारमा सजाय सुनाइएकाहरूलाई चोख्याउने काम गर्छ। प्रतिपक्षमा रहेकाहरूलाई पुराना मुद्दा उठाइदिन्छ र प्रतिपक्षलाई उठ्नै नसक्ने गरी थचारिदिन्छ। अख्तियारले गृहमन्त्री रमेश लेखकलाई भिजिट भिसा प्रकरणमा संलग्न भएको आंशकामा छानविनको दायरामा राख्यो। रमेश लेखकलाई चोख्याउन शेरबहादुर देउवा मात्र होइन, सम्पूर्ण कांग्रेस पार्टी, प्रधानमन्त्री ओली, एमाले पार्टी पंक्ति सबै एक जुट भएर उभिएको छ। त्यसरी नउभिने हो भने दुवै पार्टीका अन्य व्यक्तिहरूको पुराना फाइल खडा हुन्छन्। नैतिकताका आधारमा राजीनामाको माग गर्दै प्रतिपक्षले ०८२ जेठ १३ देखि बजेट प्रस्तुति बाहेक सबै बैठक अवरोध गर्दै आएको छ। ठीक यही बेला पतञ्जलीको जग्गा प्रकरण उठाएर पूर्व प्रधानमन्त्री माधव नेपाललाई मुद्दा लगाइएको छ। त्यस्तै पूर्वमन्त्री अग्नी सापकोटालाई काभ्रेका अर्जुन लामाको हत्यामा संलग्न भएको आरोप माथि सर्वोच्चले अनुसन्धान अगाडि बढाउने आदेश दिएको छ। यी काम सर्वोच्चले पहिले पनि गर्न सक्थ्यो। माधव नेपाल र अग्नी सापकोटाको विषय धेरै पहिलेदेखि चर्चित विषय रहँदै आएको छ। तर त्यसमाथि आजसम्म कार्वाही गरिएन। पतंजली जग्गा प्रकरणका दोषीलाई पहिले नै कार्वाही गर्नुपर्ने अवस्था हुँदाहुँदै पनि अहिले प्रतिशोधात्मक रूपमा उठाएको हो कि भन्ने आशंका पैदा भएको छ। तर अर्कोतिर ०६४ को निर्वाचनको बेलामा बम ब्लाष्टमा घाइतेहरूलाई ईटा भट्टीमा हालेर जलाएको आरोपमा जिल्ला अदालतको फैसला अनुसार जेल परेका कांग्रेसी नेता अफताव आलमलाई सरकार कै साँठगाँठमा उच्च अदालतले सफाइ दिएको छ। कांग्रेसीहरू उत्सव मनाइरहेका छन्। अहिले ओलीले एमाले र कांग्रेस नेताहरूका मुद्दा खारेज गराउने र प्रतिपक्षका पुराना मुद्दा ब्यूँताउने काममा व्यस्त छन्। यसले के बताउँछ भने सत्तामा छँदा आफ्नो पक्षका भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने र सत्ता बाहिर छँदा सत्ता पक्षकालाई मुद्दाको दायरामा तान्न संघर्ष गर्ने काम भएको छ। तर भ्रष्टाचारीहरूलाई राज्यको विधि र कानुन अनुसार सजाय दिलाउने, राज्यको सम्पत्तिको संरक्षण गर्ने काम यो राज्य व्यवस्थामा हुन सकेन र सक्दैन।

अहिले भ्रष्टाचार सर्वव्यापी छ। कर्मचारीहरूमा माथिदेखि तलसम्म सेटिङमा चल्छ। मालदार कार्यालय र विभागहरूमा आफ्ना मान्छेहरू तैनाथ गरिन्छ र तलदेखि माथिसम्म बेधडक भ्रष्टाचार गरिन्छ। तलका कर्मचारीहरू कहिलेकांही पत्रकारहरूको फन्दामा परे पनि उनीमाथि खासै कार्वाही हुने गरेको छैन। उनीहरूलाई माथिको आर्शिवादले सधै रक्षा गरिरहेको हुन्छ। यो अवस्थामा जनताले कसलाई विश्वास गर्ने भन्ने प्रश्न पनि त्यतिकै जटिल छ। सत्तापक्ष र प्रतिपक्षको बीचमा हुने पोल खोलाखोलमा यो वा त्यो कसैको विश्वास गर्न सकिने स्थिति छैन। किनकि आजको प्रतिपक्ष भोलि सत्तापक्ष भयो भने उसले पनि त्यही भ्रष्टाचारलाई रक्षा गर्न थाल्दछ र भ्रष्टाचारीलाई जोगाउन थाल्छ। त्यसकारण यो स्पष्ट छ कि देशमा बढिरहेका भ्रष्टाचारका घटनामा कुनै खास पार्टी वा व्यक्ति मात्र होइन, सिंगो राज्य मशिनरी नै भ्रष्टाचारका लागि जिम्मेवार छ। जनताबाट उठेको राजस्व वा करमाथि ठूलो रजाई भइरहेको छ। संक्षेपमा भन्नुपर्दा जनताको सम्पत्तिमा शासकहरूको रजाई छ।

भ्रष्टाचारका घटनाहरू पंचायतकालदेखि नै चर्चामा आउने गरेका छन्। तर कुनै पनि काण्डको सन्दर्भमा नेताहरू एकाध बाहेक जेल जानु परेको छैन। अहिले पनि एकाध नेताहरू वा नोकरशाहहरू जेल गए पनि अधिकांश नेता तथा नोकरशाहहरू राजनीतिक आडमा जेल जानु परेको अवस्था छैन। भ्रष्टाचार गरेको रकम फिर्ता गर्नु पनि परेको छैन। देशलाई एफएटीएफले नेपाललाई ग्रेलिष्टमा राखेको छ। सरकार सम्पत्ति शुद्धिकरणका लागि कुनै तयारी गर्दैन। तर कागजमा मिलाउने काम भने गरेको हुन सक्छ। यो सबै दृश्यहरूलाई हेर्दा अब भ्रष्टाचारीलाई कार्वाही गर्ने जिम्मा जनताको काँधमा आएको छ।जनताले भ्रष्टाचारीहरूलाई मान सम्मान होइन, सामाजिक बहिष्कार गर्ने, कार्यक्रममा अतिथि बन्न नदिने, पोष्टर टाँस्ने, जस्ता कैयौं सजाय गर्न सक्छन्। तर त्यो कुरा जनताको चेतनामा भर पर्छ। वर्गसंघर्षले नै सामाजिक परिवर्तनको फैसला गर्छ।मुख्य कुरा भ्रष्टाचारीलाई सामाजिक कार्वाही गर्ने बेला आएको छ। किनकि हाम्रो न्याय प्रणाली, सुरक्षा संयन्त्र राजनीतिक पार्टीका अगाडि घुँडा टेकिसके। उनीहरूलाई स्वतन्त्र ढंगले काम गर्न दिइदैन।

अन्तमा, देशमा बढिरहेको भ्रष्टाचारको अख्तियार वा अन्य संघसंस्था वा पत्रकारहरूले मात्र विरोध गरेर वा केही व्यक्तिलाई जेल हालेर रोकिने वाला छैन। त्यसका लागि घरघरमा जागरण ल्याउनु आवश्यक छ। किनभने माथि उल्लेख गरिए जस्तो भ्रष्टाचारका भ्रुणहरू घरघरमा छन्। जबसम्म भविष्यका नाती पनातीसम्मका लागि सम्पत्ति थुपार्ने सामन्ती र पुँजीवादी प्रवृत्ति र यो दलाल व्यवस्था कायम रहन्छ, तवसम्म भ्रष्टाचार उन्मूलन हुन सक्दैन। समाजवादी व्यवस्थामा मात्र मानिसले सम्पत्ति थुपार्ने उद्देश्य परित्याग गर्छ। किनकि हरेक नागरिकको जिम्मा राज्यले लिएको हुन्छ। नागरिकलाई भ्रष्टाचार गरेर अतिरिक्त पुँजी जम्मा गर्न आवश्यकता नै पर्दैन।

## भूमि...

र किसानका जल्दाबल्दा समस्याबारे हाम्रो अबधारणा' विषयक अन्तरक्रिया कार्यक्रममा क्रान्तिकारी किसान महासंघका केन्द्रीय अध्यक्ष सिताराम तामाङले अवधारणा प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा अध्यक्ष सिताराम तामाङले अवधारणा पत्र प्रस्तुत गर्नु हुँदै ६ ओटा किसान संगठनले ६५ बुँदे मागपत्र पेश गरेको तर सरकारले कुनै सुनुवाइ नगरेको बताउनु भयो। कांग्रेस एमाले गठबन्धन सरकार जसरी पनि भूमि बैंक नीति पारित गरेर किसानको हातमा रहेको जमिन सयौं बर्षको लागि लिजको नाममा खोसेर बहुराष्ट्रिय कम्पनी कर्पोरेट हाउस र बैंकलाई सुम्पेर साम्राज्यवादलाई पोस्न कम्मर कसेर लागेको आरोप लगाउनु भयो। नाफा भए तिनै बैंक, कर्पोरेट हाउस, र बहुराष्ट्रिय कम्पनीको हुने, घाटामा गए जमिन लिलाम गरी किसानलाई जमिनबाट बेदखल गर्ने योजनामा सरकार लागेको दाबी गर्दै उहाँले त्यसो हुन कुनै पनि हालतमा नदिने र सम्पुर्ण जमिनमाथि किसानहरूको हक अधिकार सुनिश्चित र सुरक्षित हुने गरि सामुहिक बृहत उत्पादन सहकारी गठन गरेर भुमिको बैज्ञानिक व्यवस्थापन गर्ने आफ्नो महासंघको नीति रहेको पनि जानकारी दिनुभयो। त्यसका लागि महासंघले सबै ब्युरोमा केन्द्रीयस्तरको अन्तर्क्रिया कार्यक्रम गर्दै व्यापक बनाउने निर्णय गरेको र सशक्त आन्दोलन सिर्जना गर्ने तयारीमा रहेको पनि बताउनु भयो।

अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका सहमहासचि बुद्ध बस्नेतले नेपाल सरकारका बसहरू अन्य स्वतन्त्र बिशेषज्ञहरू संगको छलफलमा कृषि उत्पादन बढाउन जमिन बाँझो नराख्न ल्याएकाले सहि भएको भन्ने भ्रम व्याप्त रहेको चर्चा गर्दै त्यसलाई चिर्न देशव्यापी यस्ता कार्यक्रमहरू लान जरुरी रहेको बताउनु भयो। कृषि अन्तर्गत झण्डै आधादर्जन जति मन्त्रालय भईकन पनि कृषि क्षेत्र उपेक्षित बन्नु बिडम्बना नै भएको उहाँको भनाइ थियो।

अखिल नेपाल किसान युनियनका ईन्चार्ज लोकनारायण सुवेदीले कृषि क्षेत्र मानवको जीवन दाहिनी शक्ति भन्दै जीवन दिने शक्ति भएकोले यो राष्ट्रिय समस्याको रूपमा बुझ्नु पर्ने बताउनु भयो। उहाँले किसानका मुद्दामा एकीकृत आन्दोलनको रूपमा विकास गर्नुपर्ने धारणा राख्दै आजसम्मको आन्दोलन सामन्तवाद र साम्राज्यवाद सामु सम्झौतामा टुङ्ग्याएकाले किसानको समस्या ज्युँ का त्युँ रहेको स्पष्ट पार्नुभयो।

अखिल नेपाल किसान महासंघ (आप्का) अध्यक्ष भैरव रेग्मीले किसान समस्या मानव अस्तित्वसंग अभिन्न रूपले जोडिएकाले राष्ट्रिय समस्याको रूपमा लिनुपर्ने औंल्याउदै भूमि बैंक नीति खारेजीका लागि सशक्त रूपमा संयुक्त किसान संघर्ष उठाउनुको विकल्प नरहेको कुरामा जोड दिनु भयो।

त्यसैगरी अर्का किसान नेता बलराम बास्कोटाले पनि भूमि बैंक नीति खारेजीको पक्षमा जोड दिनुभएको थियो।

सीताराम तामाङको अध्यक्षता र महासचिव धनेश्वर पोखेलद्वारा सञ्चालित अन्तर्क्रिया कार्यक्रममा स्वागत मन्तव्य महासंघकी केन्द्रीय सदस्य गंगा गुरुङले राख्नुभएको थियो।

# विश्वभरका क्रान्तिका प्रतीक 'चे ग्वेभारा' र उनका अभूतपूर्व क्रान्तिकारी योगदान

## (चे ग्वेभाराको जन्म जयन्तीको विशेष अवसरमा प्रकाशित सामग्री)

● नारायण गिरी ●

अर्नेस्टो चे ग्वेभारा वास्तवमा अर्जेन्टिनाका मार्क्सवादी क्रान्तिकारी थिए। यद्यपि उनले क्यूवाको क्रान्तिमा मुख्य भूमिका निर्वाह गरे। उनलाई एल चे अथवा चे मात्रै भनेर पनि चिनिन्छ। उनी डाक्टर, लेखक, क्रान्तिकारी, छापामार योद्धा तथा नेता, सिद्धान्तकार र कुटनितिज्ञ समेत थिए। उनले दक्षिण अमेरिकाका विभिन्न राष्ट्रहरूमा क्रान्ति गरेर स्वतन्त्र बनाउने धेरै ठूलो प्रयास जिन्दगीको अन्तिम क्षणसम्म गरिरहे। उनको मृत्युपछि उनलाई संसारमा वामपन्थी गतिविधिहरूको प्रतीकको रूपमा मानियो।

अर्नेस्टोको जन्म जुन १४, १९२८ मा अर्जेन्टिनाको रोजारियो शहरको एक मध्यमवर्गीय परिवारमा भएको थियो। उनका पिताको नाम अर्नेस्टो ग्वेभारा लिंच थियो भने आमाको नाम सीलिया दे ला सेना ये लोसा थियो। उनका पाँच दाजुभाइ-दिदीबहीनी थिए र उनीहरूमध्ये उनी सबभन्दा जेठा थिए। उनका पिता आइरिस मूलका थिए भने माता स्पेनी मूलकी थिइन्। चेका पिता स्पेनको जनक्रान्तिका प्रबल समर्थक थिए। यसरी क्रान्तिकारी विचारले ओतप्रोत परिवारमा चेको बालककालदेखि नै गरीबीप्रति सहानुभूतिको संस्कार प्राप्त भएको थियो। चे ग्वेभारामा जिद्दि र चंचल स्वभाव थियो। उनी दमका रोगी थिए। चेको उत्कट आजिविका र उग्र स्वभावको कारणले उनका बुबा कहिलेकाहीं भन्ने गर्दथे कि मेरो छोरामा आइरिस विद्रोहीहरूको रगत दौडिरहन्छ। उनकी आमा पनि महिला स्वतन्त्रता र समाजवादी विचारधाराकी समर्थक थिइन्। यसरी चेले पिताबाट विद्रोही स्वर लिए भने माताबाट स्वतन्त्रताको प्रेरणा प्राप्त गरेका थिए। चे बचपनदेखि नै विभिन्न रोगका शिकार थिए। कैयौंपटक उनी मृत्युको मुखमा पुगेर फर्किएका थिए। उनलाई दमको रोगले निकै समयसम्म नराम्रोगरी सताइरह्यो। रोगी र कमजोर भएको कारणले उनलाई आमाले घरमै पढाउँथिन्। आमाबाट नै उनले धेरै शिक्षा लिएका थिए। त्यसबाहेक उनी घरमै भएका समाजवादी पुस्तकहरू पढ्ने गर्दथे। चेको वास्तविक नाम अर्नेस्टो ग्वेभारा थियो। क्युवाको क्रान्तिको क्रममा अर्नेस्टो ग्वेभाराले आफ्नो नाम चे राखेका थिए, जसको अर्थ हाम्रो आफ्नो, अत्यन्त घनिष्ठ र आत्मीय साथी हुन्छ। पछि यही नामबाट संसारमा उनलाई चिनियो। वास्तविक रूपमा नै चे ग्वेभारा विश्वका श्रमजीवीहरूका साथी नै बने। उनका अनुसार यदि कसैले हरेक अन्यायको विरुद्धमा आफ्नो आवाज बुलन्द गर्दछ भने ऊ मेरो कमरेड हो।

अर्नेस्टो पाँच वर्षको भएपछि मात्र उनको स्वास्थ्यमा केही सुधार आएको थियो। अब उनी वरिपरिका साथीहरूसँग घुम्न लागेका थिए र केही साथीहरू पनि बनाएका थिए। उनी साथीहरूसँग विभिन्न खेलहरू खेल्ने गर्दथे। यही बीचमा उनलाई मोटरसाइकल सवारीको रुचि जाग्यो। त्यसपछि उनले चुनौतिपूर्ण ढंगले विभिन्न पहाडी इलाका मा समेत मोटरसाइकललाई दौडाउँथे। यसबाट पनि उनी शुरुदेखि नै धेरै साहसी थिए भन्ने कुरा पुष्टि हुन्छ।

आमाको तर्फबाट अर्नेस्टोलाई प्रारम्भिक शिक्षा प्राप्त भयो भने पिताले उनलाई खेल, शारिरिक व्यायाम र प्रतिस्पर्धामा टिक्ने चाल बुझाए। पिताले उनलाई कसरी दृढ इच्छाशक्तिको बलमा शारीरिक दुर्बलतामाथि विजय प्राप्त गर्न संभव छ भन्ने कुरा सिकाए। इच्छाशक्ति प्रबल भएपछि ठूलोभन्दा ठूलो संकल्पलाई सजिलैसँग साध्न सकिन्छ र यसैबाट उसले शारीरिक असक्षमताहरूमाथि काबू पाउन सक्दछ भन्ने जस्ता महत्त्वपूर्ण कुरा उनका पिताले उनलाई सिकाएका थिए। अर्नेस्टो ग्वेभारामा नेतृत्व क्षमताको गुण बचपनदेखि नै प्रबल थियो र त्यो पछि राम्रोसँग विकसित भइरहेको थियो। राम्रा पुस्तक पढ्ने संस्कार चेले मातापिताबाट नै पाएका थिए। उनको घरमा क्रान्तिसँग जोडिएका धेरै पुस्तकहरू आउँथे र चे तिनलाई ध्यानपूर्वक अध्ययन गर्दथे र तिनीहरूमा व्यक्त विचारहरूमाथि सोच्ने गर्दथे। यसको परिणामस्वरूप १४ वर्षको उमेरमा नै उनले सिगमण्ड फ्रायड, अलेक्जेण्डर डूमा, रोबर्ट फास्ट, जुलियस बर्ने, आदिका पुस्तकहरू पढिसकेका थिए। रोमान्चक साहित्य पढ्नमा उनलाई विशेष रुचि थियो। जेक लण्डनका पुस्तक उनी धेरै मन पराउँथे। फ्रान्सेली कवि चार्ल्स बुडेलोयरको प्रभाव पनि उनीमाथि परेको थियो। उनले रूसो, मार्क्स, नेरूदा, फ्रेड्रिको गार्सिया लोर्का, अनातोले फ्रान्स, आदि क्रान्तिकारी लेखकका रचनाहरूको गहन अध्ययन गरेका थिए, जसको कारणले गर्दा उनीभित्र बौद्धिक विकास तीव्र रूपमा भएको थियो। किशोरावस्थामा अर्नेस्टोको विभिन्न वर्गका साथीहरूसँग घुलमिल भयो। उनी सबैसँग समान व्यवहार गर्दथे। यही क्रममा सन् १९३७ मा चे स्कूलमा भर्ना भए। उनले पहिले नै घरमा आमासँग राम्रोसँग अध्ययन गरेकोले गर्दा कक्षामा उनी प्रभावशाली सिद्ध भए। स्कूलको पढाइको क्रममा उनलाई शिक्षकहरूले प्रशंसा गर्दथे तर उनी पढाइमा भने सामान्य विद्यार्थी नै थिए। यद्यपि खेल क्षेत्रमा भने उनी अब्बल थिए।

अर्नेस्टोको रूचि वालककालदेखि नै काव्य र कला जस्ता विशिष्ट विषयहरूमा थियो। उनले बादलेयर, गोर्सी, लोर्का, एन्टोनियों मचाडों र पाब्लो नेरुदा, आदि जस्ता लेखकहरूका कविताहरूमा अत्यन्तै रुचि राख्दथे। उनी सदैव स्पेनिश कवि लियोन फेलिपको काव्य आफ्नो सिरानीमा राख्ने गर्दथे। उनी स्वयंले पनि कविता लेख्ने प्रयास गरे तर उनी आफूलाई एक असफल कवि भन्थे। उनी कविता यति मन पराउँथे कि उनको मृत्युको समयमा उनले एउटा कविताको किताव लिएर गइरहेका थिए, जसलाई उनले हातले लेखेका थिए। यसमा चिलीका कवि पाब्लो नेरूदा, पेरूका कवि सीजर भैलेजो र क्युवाका कवि निकोलस गुइलेनका कविताहरू थिए। उनले आफ्ना परम मित्र फिडेल क्यास्त्रोसँग पहिलो भेटपछि 'फिडेलको सम्मानमा गीत' लेखेका थिए, जुन ग्वेभाराको मृत्युपछि प्रकाशित भएको थियो। त्यो गीत यस्तो थियो - "कृषि-सुधार, न्याय, खाना र स्वतन्त्रता। जब तिम्रो यो नारा सबै दिशाहरूमा गुन्जिनेछ,तब यो नारालाई दोहोर्‍याउँदै, तिमी हामीलाई आफूसँग पाउनेछौं। त्यस दिन जब राक्षस आफ्नो पेट चाटिरहेको हुनेछ, जहाँ राष्ट्रियकरणको भालाले उसलाई छेडिसकेको हुनेछ, त्यहाँ तिम्रो साथमा हामी हुनेछौं, आफ्नो गर्विलो र बफादार हृदयसँगै। "

अर्नेस्टो ग्वेभाराले बचपनदेखि नै नेतृत्व क्षमताको विकास गरेका थिए। किशोरावस्थासम्म आइपुग्दा उनी दूरद्रष्टा, मेधावी, प्रबल इच्छाशक्तियुक्त, नेतृत्वकौशल युवकको रूपमा विकसित भइसकेका थिए। उनको चिन्तनशैली आफ्ना समकालिक युवाहरूभन्दा अब्बल थियो र सामाजिक सरोकारका विषयहरूमा उनी धेरै अगाडि थिए। यही बीचमा सन् १९३६ मा स्पेनको सेनाले विद्रोह गरेर जनरल फ्रान्सिस्को फ्रेन्कोको नेतृत्वमा निर्वाचित सरकारलाई अपधस्त गर्न लागेको थियो। यो विद्रोही समूहलाई जर्मनी निरंकुश सम्राट एडोल्फ हिटलर र इटलीको मुसोलिनीको समेत समर्थन प्राप्त थियो। यसप्रकार सन् १९३९ मा सैन्य शक्तिको बलमा जनरल फ्रेंकोले सत्ता कब्जा गर्‍यो। यस घटनाले चे ग्वेभारालाई नराम्रोसँग प्रभावित बनाएको थियो।

सन् १९४२ को मार्च महिनामा अर्नेस्टो ग्वेभारा हाइस्कूलमा पढ्नको लागि कोलेजियो नेशनल डीन फेन्समा भर्ना भए। त्यस बेला उनी १४ वर्षका थिए। निवासस्थानबाट स्कूल धेरै टाढा भएकोले र अर्नेस्टो विरामीसमेत भएकोले गर्दा सन् १९४३ मा अर्नेस्टोको सबै परिवार कोरडोवा बसाइ सर्‍यो। यसपछि उनीहरूको परिवारमा खटपट शुरू भयो। उनका आमा-बाबु बीच निरन्तर तनाव सिर्जना भयो। अब अर्नेस्टोलाई केही समस्यहरू थपिदै गएका थिए। उनी आफ्नो सम्पूर्ण दिलदिमाग पढाइमा लगाइरहेका थिए। खाली समय उनी आफ्नो समयको उपयोग पढ्न, खेल्न र साथीहरूसँग कुराकानी गर्नमा बिताउँथे। उनी यस अवधिमा जोन किट्स, पाब्लो नेरूदा, गार्शिया लोर्काका कविताहरू, एमिल जोला, आन्द्रे जीद, विलियम फोकनरका उपन्यास अत्यन्तै रूचिपूर्वक पढ्ने गर्दथे। यही बीचमा नै उनले सिगमण्ड फ्रायड र अनातोले फ्रांसलाई पढे। उनको अध्ययन विशाल थियो। यद्यपि उनी कक्षामा भने औसत अंक नै ल्याउँथे। तर बाहिरी अध्ययनमा भने उनको सर्वाधिक ज्ञान थियो।

सन् १९४६ मा अर्नेस्टोले हाईस्कूलको परीक्षा पास गरे। चे गणित र विज्ञानमा पनि धेरै अगाडि थिए। यसकारण उनका परिवारले उनलाई इन्जिनियर बनाउन चाहन्थे। सन् १९४७ मा अर्नेस्टो परिवार कोर्डोबा छोडेर बुनोस एअर्स गयो। त्यसबेला परिवारमा आर्थिक संकट सिर्जना भएको थियो। उनका मातापिताको बीचमा पनि झगडा तीव्र रूपमा बढेर सँगै बस्न नसक्ने स्थितिमा पुगेको थियो। यही बेला उनकी प्यारी हजुरआमाको मृत्यु क्यान्सरको कारणले भयो। यी विभिन्न कारणले गर्दा अर्नेस्टोले कोर्डोबामा बस्ने इच्छा त्यागे। यसपछि उनी इन्जिनियरिङ पढ्नुको अलावा सन् १९४८ मा चिकित्साको अध्ययन गर्नको लागि ब्यूनस आयर्स विश्वविद्यालयमा भर्ना भए। उनी विज्ञानका विद्यार्थी थिए। पहिले उनको डाक्टरको व्यवसायमा कुनै रुचि थिएन। तर जब अचानक उनकी अति प्यारी हजुरआमाको समयमै उपचार नभएर क्यान्सरको कारण मृत्यु भयो, त्यसपछि उनको सम्पूर्ण मन बदलियो। उनले राम्रोसँग डाक्टरीको पढाई गरे। कलेजमा खर्चको लागि उनले सामान्य नोकरी पनि शुरू गरे। घरमा अशान्तिको वातावरण थियो। त्यसबाट बच्नको लागि उनी आफूलाई सदैव व्यस्त राख्ने प्रयत्न गर्दथे। अर्नेस्टोमा आफ्नो सांगाठानिक र नेतृत्व क्षमता भएकोले उनी छिट्टै साथीहरूमा लोकप्रिय हुन्थे। यही बीचमा उनलाई भ्रमणको रुचि पैदा भएको थियो। उनमा भ्रमण गरेर इतिहास, राजनीतिक विज्ञान, समाजशास्त्र तथा दर्शनलाई बुझ्ने इच्छा पैदा भयो। यसको साथै उनले स्थानीय पत्रपत्रिकामा लेख्ने काम पनि आरम्भ गरे।

अर्नेस्टो ग्वेभाराको मन सदैव केही नयाँ गर्ने कुरामा छटपटाइरहेको हुन्थ्यो। १ जनवरी १९५० मा उनी कलेज विदाको बेलामा मोटरसाइकल लिएर लामो यात्रामा निस्किए। पहिलो विश्राम उनले कोर्डोबामा लिए र त्यहाँ उनले ग्रेनांडोसँगै मिलेर केही समय कुष्ठ रोगीहरूसँग समय बिताएपछि उनी पुनः यात्रामा अगाडि बढे। उनको लागि यो यात्रा धेरै परिवर्तनकारी सिद्ध भयो। उनी पहिले शहरी जीवनमा हुर्किएका थिए। गाउँ र गरीबी उनले देखेका थिएनन्। मोटरसाइकल यात्राबाट उनले ग्रामीण जीवनलाई नजिकैबाट देख्ने अवसर प्राप्त गरे। पहिलो पटक उनले गाउँमा जमिन्दारहरूको उत्पीडन देखे। उनले त्यहाँ ग्रामीण मजदूरहरूको श्रमबाट ठूला भूमिपति धेरै धनवान र शक्तिशाली हुँदै गइहरहेको कुरा स्पष्ट रूपमा देखे। पहिलोपटक उनलाई राजनीतिक सीमापारि सम्पूर्ण ल्याटिन अमेरिका दुई भागमा बाँडिएको अनुभव भयो। एकातिर सम्पत्ति र स्रोतसाधनमामा कब्जा जमाएका यूरोपियन मूलका जमिन्दार, उद्योगपति, पूँजीपति र व्यापारी छन् भने अर्कोतिर मूल ल्याटिनी मजदूरहरूका वंशज छन्, जो पेटभरी खानको लागि मात्र ज्यान छोडेर श्रम गर्दछन्। तर दिनरात परिश्रम गर्दा पनि प्रायः उनीहरूले पेटभरी खान पाउँदैनन्। यसरी पहिलोपटक उनले समाजको उत्पीडक र उत्पीडितमा स्पष्ट रूपले विभाजनलाई देखे। अब अर्नेस्टोलाई मार्क्सका धेरै कुराहरूले प्रभावित गर्नलागे। यसपछि उनले यही बीचमा रूसी क्रान्तिको पनि गहिरोसँग अध्ययन गरे। अब उनी लेनिन र स्टालिनका क्रान्तिबाट पनि धेरै प्रभावित भए।

विभिन्न सामाजिक अनुभवहरूबाट अर्नेस्टोको राजनीतिक बोध स्पष्ट हुँदै गइरहेको थियो। अब उनले बाइसौं वशन्त पार गरिसकेका थिए। उनमा युवा अवस्थामा हुने नयाँ सोच र सपना उत्कर्षमा पुग्दै थियो। त्यही बेलामा उनको १६ वर्षीय मारिया डेल कर्मन चिचीना फेरेरासँग सम्पर्क भयो। उनी कार्डोबाका सबभन्दा धनी व्यापारीकी छोरी थिइन्। दुवैको पहिलो भेट प्रेममा बदलियो। चिचीनाका परिवारले त्यो सम्बन्धलाई स्वीकार नगरे पनि दुवैको बीचमा प्रेम गहिरिँदै गयो। दुवै विवाहको लागि तयार भए पनि चिचीनाको आमाको कारणले त्यो संभव भएन। त्यसपछि अर्नेस्टो पुनः पढाइमा लागे।

यही क्रममा अर्नेस्टो ग्वेभारा उनका साथी अल्ब्रेट ग्रेनान्डोसँगै ४ जनवरी १९५२ मा मोटरसाइकलमा ल्याटिन अमेरिका भ्रमणमा निस्किए। उनीहरू शुरूमा अर्जेन्टिनाको समुद्री क्षेत्रको मिरामर शहरमा घुमे। उनकी प्रेमिका चिचीना पनि त्यही आफ्ना मातापितासँगै बस्थिन्। अर्नेस्टो र उनको बीचमा पुनः भेट भयो। दुवैको प्रेम फेरि फस्टाउन लाग्यो। तर अर्नेस्टो यात्रामा निस्किएकाले केही दिनपछि उनीहरू आफ्नो गन्तव्यतिर अगाडि बढे। अर्नेस्टोले त्यो यात्रामा जीवनको गहिराईलाई राम्रोसँग बुझ्ने मौका प्राप्त गरे। उनले कोलम्बिया, चिली, पेरू, भेनेजुएला, आदि ठाउँको पूरै यात्रा गरे। त्यस क्रममा उनले अमेरिकी पूँजीपतिहरूद्वारा ल्याटिन अमेरिकाका कैयौं देशहरूका मानिसहरूमाथि शोषण भइरहेको देखे। उनले पूँजीवादी अमेरिकी शोषकहरूले देशका साधनस्रोतहरू लुटिरहेको र ल्याटिन अमेरिकाका जनताहरू भोकले मरिरहेको दर्दनाक दृश्यहरू देखे। त्यसैगरी उनले साम्राज्यवादी शोषणको कारण रोगीहरूले उपचार नपाइरहेको, जनता भोकमरीको शिकार भइरहेको, खानी मजदूर र किसानहरूको भयंकर शोषण भइरहेको जस्ता दृश्यहरू देखे। उनले मानिसहरूको अभावग्रस्त जिन्दगीलाई नजिकैबाट नियाल्ने मौका पाए। यसरी उनले अमेरिकी साम्राज्यवादले आफ्ना उपनिवेशहरूलाई कसरी शोषण गर्दछ भन्ने कुरा यो यात्राको क्रममा नजिकैबाट बुझे। अर्नेस्टो ग्वेभाराले यो यात्रा आफ्नो मोटरसाइकलबाट गरेका थिए। उनी एउटा डायरी सदैव आफूसँग राख्ने। मानिसहरूलाई भेटेपछि उनको अन्तर्मनमा उत्पन्न भएका कुराहरूलाई डायरीमा लेख्ने काम गर्दथे। यही यात्राको क्रममा उनले एक संस्मरण लेखेका थिए, जुन मोटरसाइकल डायरिज नामले अहिले पनि प्रसिद्ध रहेको छ। उनले डायरीमा एक ठाउँमा लेखेका छन् - 'मलाई के लाग्दथ्यो भने म भित्रभित्रै धेरै पाकिसकेको थिए, जुन यो शहरको आपतकाल तथा दुर्व्यवहारले भरिएको जीवनमा लामो समयदेखि मेरो मनमा बहकिरहेको थियो। त्यो यस सभ्यता, घृणास्पद सभ्यताको नाममा कलंक हो, जसको भीषण होहल्लायुक्त वातावरणमा असभ्य मानिसहरू पागल जसरी दौडिरहेका छन्। वास्तवमा भन्ने हो भने यो शान्तिको शानदार विलोम हो।' यही यात्राकै क्रममा उनलाई चिचीनाले अब अरु प्रतीक्ष गर्ननसक्ने सन्देश पठाएकी थिइन्। यद्यपि उनी आफ्नो यात्रामा अगाडि बढिरहे। अब अर्नेस्टो र उनका साथी चिली पुगे र त्यहाँ पनि उनीहरूले विल्कुलै नयाँ अनुभव हासिल गरे। यात्राको क्रममा प्रायः अर्नेस्टोले मोटरसाइकल चलाउने गर्दथे। यसरी यात्रा गर्दै उनीहरू १७ जुलाई १९५१ मा भेनेजुयला पुगे। त्यसपछि उनका साथीलाई नोकरीको निमन्त्रणा प्राप्त भएकोले उनी त्यता लागे र अर्नेस्टो एक्लै भए। उनी यात्रालाई अझै अगाडि बढाउन चाहन्थे तर उनको मोटरसाइकलको इन्जिनमा अचानक खराबी आएकोले यात्रामा अवरोध सृजना भयो। त्यसैले उनले यात्रा अधुरै छोडेर फर्किनुपरेको थियो। उनको यो यात्राले उनको सम्पूर्ण चिन्तनप्रणाली नै बदलियो र उनको हृदयसमेत परिवर्तन भयो। यो यात्राले उनको संसारप्रतिको दृष्टिकोण नै परिवर्तन गरिदिएको थियो। उनले ल्याटिन अमेरिकी सबै देशहरूमा गरीबी फैलिएको र त्यहाँको सरकारले पनि जनताको नराम्रोसँग शोषण गरिरहेको कुरा स्पष्ट रूपमा अनुभव गरे। त्यसबेलादेखि नै उनको मनमा देश र समाजका गरीब जनताको लागि केही गर्ने क्रान्तिकारी भावना जगृत भयो।

यात्राबाट घर फर्कनेवित्तिकै उनले आफूलाई एकपटक फेरि अध्ययनमा समर्पित गरिदिए। अप्रिल १९५३ मा एक चिकित्सकको रूपमा स्नातक भएपछि उनले मेक्सिको सिटीको जनरल अस्पतालमा इन्टर्नशिप गरे। उनले त्यहाँ एलर्जीमाथि रिसर्च गरेका थए। डाक्टरको डिग्री लिएपछि अर्नेस्टोले आफ्नो लागि एक सुविधासम्पन्न जीवन सुनिश्चित गरिसकेका थिए। उनलाई ल्याबमा काम गर्ने र आकर्षक तलब दिने आश्वासन पनि प्राप्त भइसकेको थियो। तर उनीभित्र त संसार हेर्ने र बुझ्ने उत्कण्ठा थियो। पहिलो यात्राको अनुभव उनीसँग अपर्याप्त थियो। उनी संसारलाई बुझ्नको लागि अरु धेरै ठाउँ हेर्न चाहन्थे। त्यो यात्राको क्रममा उनी आफैलाई पनि बुझ्न चाहन्थे। त्यसकारण अवसर मिल्ने वित्तिकै उनले तेस्रो पटक यात्रामा निस्किने शुरुवात गरे। अबको यात्राको लागि उनले एक नयाँ साथी कार्लोस् केलिसालाई छनौट गरे। यसरी अर्नेस्टोले यात्रा शुरु गरे। उनको योजना अनुसार चिली र त्यहाँबाट बोलिभिया, पेरू, इक्वेडर, कोलम्बिया हुँदै सम्पूर्ण दक्षिण अमेरिका भ्रमण गर्ने थियो। नौ महिनासम्म चलेको त्यो यात्रा अत्यन्तै रोचक र नयाँ-नयाँ अनुभवहरूले भरिपूर्ण थियो। त्यो यात्राबाट उनले ल्याटिन अमेरिकाको धरातालीय वास्तविकतालाई बुझ्ने मौका प्राप्त गरे। त्यसैगरी उनले यसबाट आफूलाई वैचारिक रूपले समृद्ध र संकल्पवान पनि बनाए। यसरी यात्रा गर्दै उनीहरू ११ जुलाई १९५३ मा बोलिभिया पुगे। बोलिभिया ल्याटिन अमेरिकाको धेरै गरीब देश थियो र त्यसबेला परिवर्तनको दिशामा अगाडि बढिरहेको थियो। सन् १९५२ मा सत्ता समालेपछि बोलिभियाका राष्ट्रपति भिक्टर पोज एस्टेन्सरोले देशलाई समाजवादी दिशामा ढाल्न शुरु गरेका थिए। उनले सेनामा कटौति, खानी तथा अन्य सार्वजनिक क्षेत्रहरूको राष्ट्रियकरण जस्ता प्रमुख कदम चालेका थिए। यसबाट अर्नेस्टो अत्यन्तै प्रभावित भएका थिए। बोलिभियाको यात्रामा अर्नेस्टोले विभिन्न खानी मजदूरहरू, कम्युनिष्ट सदस्यहरू, आम जनता, गरीब श्रमिक, आदि सबैसँग अन्तरंग भेटघाट तथा कुराकानी गरेका थिए। यसबाट उनले त्यहाँको सम्पूर्ण दुर्दशालाई नजिकैबाट अध्ययन गरेका थिए। यो यात्राको क्रममा अर्नेस्टोले मजदूरहरू रोग, भोक र गरीबीको कारणले तड्पिदै मरिरहेका देखे। श्रमिकहरूले अभावग्रस्ततालाई आफ्नो नियति र जिन्दगीको स्वाभाविक हिस्सा मानेको पाए। यहाँबाट उनले वास्तविक समस्या उत्पीडनमा भएको र यसले गर्दा श्रमिकहरूमा आर्थिक असमानताको सिर्जना भएको, जसको कारणले उनीहरू रोग, भोक र गरीबीको शिकार हुनुपरेको निष्कर्ष निकाले। उनले यी सबै कारणहरूको जन्मदाता अमेरिकी साम्राज्यवाद भएको ठहर गरे। यसमा अमेरिकी कम्पनीहरू शासन र प्रशासनमा हावी भएर हो र सरकारले पनि उत्पीडनमा विदेशी कम्पनीहरूलाई साथ दिएको उनले स्पष्ट रूपले देखे। त्यसकारण यो यात्रा नै मुख्यगरी अर्नेस्टोलाई क्रन्तिकारी चे ग्वेभारामा बदल्ने यात्रा थियो भनिन्छ। यसपछि विस्तारै उनी संयुक्त राज्य अमेरिकाको शोषणकारी प्रवृत्ति नै दक्षिण अमेरिकाको गरीबी र अन्यायको मूल हो भन्ने निष्कर्षमा पुगे।

यात्राको क्रममा उनले भीषण गरीबी देखे। अर्धनग्न किसानहरूले जमिन्दारहरूको खेतमा काम गर्दै गरेको देखे। कुष्ठ रोगीहरूको ठूलो समूह देखे। पहिलो यात्रामा उनले ४५०० किलोमीटरको यात्रा गरेका थिए। दोस्रो यात्रामा उनी अर्जेन्टिना, चिली, पेरू, इक्वेडर, कोलम्बिया, भेनेजुयला, पानामा तथा मियामीसम्म पुगेका थिए, जसमा उनले जम्मा नौ महिनाभित्र ८००० किलोमीटरभन्दा बढी यात्रा गरेका थिए। दुवै यात्राबाट उनी के निष्कर्षमा पुगे भने दक्षिण अमेरिका फरक-फरक देशहरूको समुच्चय नभएर एउटा राष्ट्र हो, जसलाई स्वाधीनताको भावनाले क्षेत्रीय रूपमा विभाजन गर्दछ। राज्यको सीमाभन्दा पर सबै क्षेत्रहरूमा लगभग एउटै परिस्थिति छ। हरेक ठाउँमा अत्यन्तै गरीबी व्याप्त छ। आर्थिक विषमता र त्यसको परिणामस्वरूप उत्पीडन, घोर अभावग्रस्तता छ। सम्पूर्ण क्षेत्र अमेरिकाको आर्थिक-राजनीतिक शोषणको शिकार भएको छ। यसरी आफ्नो ल्याटिन अमेरिकाको यात्राको क्रममा उनले रोग, भोक, गरीबी, बेरोजगारीसँग प्रत्यक्ष रूपमा साक्षात्कार गरेका थिए। उनले यात्राको क्रममा रोग, भोक र गरीबीलाई यसरी देखे कि उनलाई आफू डाक्टर भएकोमा निरर्थक लाग्न लाग्यो। उनका अनुसार यस्ता मानिसहरूको सेवाको लागि डाक्टरी पेशाको कुनै अर्थ छैन। त्यसपछि उनले आफ्नो चिकित्सक पेशा छोडेर राजनीतिसँग जोडिने निर्णय लिए। दोस्रो यात्राको क्रममा उनले मियामीलाई अन्तिम गन्तव्य बनाएका थिए। त्यस बेला नै सीआइएको निर्देशनमा उनलाई गिरफ्तार गरियो तर यसमा उनको कुनै दोष थिएन। जेहोस् दोस्रो यात्रापछि अर्नेस्टोले डाक्टर पेशालाई पूर्ण रूपले त्यागेर राजनीतिमा जोडिने निर्णय लिइसकेका थिए। उनको राजनीतिमा मार्क्सको गहिरो प्रभाव थियो भने रूसको क्रान्तिले उनलाई धेरै आकर्षित गरेको थियो। अर्नेस्टोको प्रतिबद्धता सम्पूर्ण दक्षिणी अमेरिकी समाजलाई मुक्त गराउने थियो। उनी समाजका उत्पीडित वर्गलाई शोषणबाट मुक्तिको मार्ग खोज्न चाहन्थे।

यसपछि अर्नेस्टो शोषणमा आधारित व्यवस्थाको क्रान्तिकारी परिवर्तन गर्नको लागि वेचैनीपूर्वक लाग्नथाले। उनको लागि परिस्थिति र अवसर *बाँकी ४ पेजमा*

१. क्रान्ति भनको त्यो स्याउ जस्तो होइन जुन पाकेपछि आफै झर्छ, यो त तिमि आफैले झार्नु पर्दछ।
२. आफ्नो जीवन जीतमा रमाएर होइन हारलाई हराएर मनाउनु पर्दछ।
३. एउटा सच्चा क्रान्तिकारी प्रेमको महान अनुभूति मार्फत निर्देशित हुन्छ।
४. साथी नहुनु दुखदायी कुरा हो तर शत्रु नहुनु त्यो भन्दा वेसी दुखद कुरा हो।
५. हरेक व्यक्तिको हृदयमा सत्य रहेको हुन्छ। चाहे उसको परिस्थिति कति नै विषम किन नहोस, चाहे मानिसले बाहिरबाट उसलाई फरक नजरियाले किन नहेरुन, चाहे उसको हृदयमा सत्य जति नै गहिराइ वा कम गहिराइमा किन नहोस, जब एक पटक उसका हृदय क्रिस्टलको सियोले उनिन्छ तब सच्चाई, त्यो सत्य मूलको पानि झैँ बाहिर आउदछ।
६. यथार्थवादी बन्ने गर, असम्भवको माग गर। द्यभ चभबष्कितष्अ, मझबलम तजभ ष्उयककष्दभि!
७. यो संसारको कुनै पनि भागमा कुनै पनि व्यक्ति माथि भएको अन्यायलाई भित्री गहिराइ देखि अनुभूत गर्ने प्रयाश गर्ने गर्नु; यो नै एउटा क्रान्तिकारीको सबैभन्दा सुन्दर गुण हो।
८. पहिले संसारले तिमीलाई बदल्न देउ ताकी तिमीले संसारलाई बदल्न सकौ।
९. संघर्ष विना स्वतन्त्रता प्राप्त हुन्छ भने कुरामा विश्वास गर्ने हामीलाई कुनै अधिकार छैन।
१०. कुनै कुरा हासील गर्न पहिले हामीले कुनै कुरा गुमाउनु पर्दछ।
११. जब संसारमा कसैमाथी अन्याय हुन्छ तब आक्रोशसँगै काप्न सक्ने क्षमता छ भने; तब मात्र हामी कमरेड हुन् सक्छौ।
१२. युवाहरूले एउटा जमातको रूपमा सोच्ने र गर्ने गर्नुपर्दछ; आफ्नोलागी मात्र सोच्नु अपराधिक कार्य हो।
१३. मेरो आफ्नो पैतालाको बलले बाच्नको लागि मर्नु पनि पर्दछ भने म तयार छु।
१४. मौनता पनि एउटा तर्क हो; अर्को तरिकाबाट व्यक्ति गरिएको।
१५. जब कुनै चिजको निम्ति मर्न तयार हुदैनौ भने त्यस चिजलाई बाच्नको निम्ति पाउदछौ भन्नेमा ढुक्क हुन सकिदैन।
१६. शिक्षा प्रणालीको पर्खाल हटाउनु जरुरी छ किनकि शिक्षा जससँग पैसा छ उसको बालबच्चाले मात्र पढ्न पाउने गरी कसैको सुविधाको लागि मात्र हुनुहुँदैन।

# विश्वभरका...

पनि विस्तारै-विस्तारै आइरहेको देखिन्थ्यो । अगस्ट १९५३ को बीचमा उनले पेरूको मार्गबाट भेनेजुयला जाने विचार गरे तर तुरुन्तै उनले आफ्नो मार्ग बदले । त्यसपछि ग्वाटेमालाको यात्रा गर्ने लक्ष्य बनाए र त्यता लागे । त्यसबेला ग्वाटेमालाको जनसंख्या केवल तीस लाख थियो र त्यसमा पनि अधिकांश संख्या त्यहाँका पुराना निवासीहरूको थियो । उनीहरू भीषण गरीबीमा बाँचिरहेका थिए । त्यहाँको अर्थव्यवस्था कृषिमा आधारित थियो । तर देशको सत्तरी प्रतिशत कृषि भूमिमा केवल दुई प्रतिशत अमेरिकी र यूरोपीय मूलका मानिसहरूको अधिकार थियो । त्यसबेला त्यहाँ समाजवादी (कम्युनिस्ट) को सरकार थियो, जसको नेता ज्याकोबो अर्बेन्ज थिए । उनले समाजका गरीब जनताका लागि धेरै काम गरिरहेका थिए तर त्यतिबेला अमेरिका र सोभियत संघ (रुस) मा शीतयुद्ध चलिरहेको थियो । त्यहाँ राष्ट्रपति जेकब अर्वेंज गुजमान ठूलो परिमाणमा भूमि सुधार कार्यक्रम लागू गरिरहेका थिए । उनले कृषि-भूमिलाई भूमिविहीनहरूमा बाँडे ।यी कार्यक्रमहरूको शिकार एउटा ठूलो अमेरिकी कम्पनी यूनाइटेड फ्रुट कम्पनी पनि भयो, जससँग त्यहाँ लाखौं एकड जमिन थियो । यो कम्पनीको कब्जामा भएको २२५००० एकड जमिन राष्ट्रपति अर्वेन्जले अधिग्रहण गरे । यिनै कार्यक्रमहरूबाट अमेरिकाका अरु पनि कारोबारीको हित प्रभावित भयो । अमेरिकाले समाजवादी सरकारहरूलाई समर्थन गर्दैनथ्यो । त्यसकारण अन्तिममा यहाँ अमेरिकी सरकार र सीआइए गुप्तचर संस्थाले यहाँको गुजमान सरकार पल्टाइदिए । त्यस बेला अर्नेस्टो पनि ग्वाटेमालामा नै थिए र गुजमानको समर्थन गरिरहेका थिए । अर्नेस्टो ग्वाटेमालाको कृषि सुधारहरूबाट अत्यन्तै प्रभावित भए । उनले त्यहाँ पूरै नौ महिनासम्म बसेर सम्पूर्ण कुराको अध्ययन गरे । तर सत्ता पल्टिएपछि पक्राउ खाने र मारिने डरले उनी मेक्सिको आए । यो घटनाको चे ग्वेभारामा गहिरो प्रभाव परेको थियो । उनले एक ठाउँमा लेखेका छन् - म अर्जेन्टिनामा जन्मिए, क्युवामा लडेँ तर म ग्वाटेमाबाट क्रान्तिकारी बनेँ । त्यसपछि उनले विश्वभर समाजवाद (साम्यवाद) ल्याउने निर्णय गरे र उनले गरिब जनतालाई उनीहरूको अधिकार प्रदान गर्ने प्रण गरे । चे ग्वेभारा ग्वाटेमालामा कट्टर मार्क्सवादी बने । उनले यस कार्यमा सक्रियतापूर्वक आफूलाई अगाडि बढाए ।

मेक्सिकोमा यात्रा गर्दा अर्नेस्टो अत्यन्तै कष्टपूर्ण अवस्थामा थिए । उनीसँग पैसा सकिसकेको थियो । त्यहाँ उनका कुनै परिचित मित्रहरू पनि थिएनन् । त्यहाँ उनका पिताका साथीको केही सहायता थियो । मेक्सिकोमा नै उनले पेरू मूलकी अर्थशास्त्री हिल्डा जेडा अकोस्टालाई भेटे । पछि उनीहरूको बीचमा प्रेमसम्बन्ध भएको थियो । प्रतिभाशाली हिल्डाको कम्युनिष्ट नेता तथा क्रान्तिकारी विचारकहरूसँग गहिरो सम्बन्ध थियो । अर्नेस्टो उनीसँग सुरक्षित दूरी कामय राख्न चाहन्थे । तर पनि विस्तारै-विस्तारै दुवैको बीचमा निकटता बढ्दै गयो । हिल्डाको माध्यमबाट नै उनको भेट मेक्सिकोका कम्युनिष्ट नेताहरू र विचारकहरूसँग भएको थियो । यहीँ नै उनले जुलाई १९५५ मा राहुल क्यास्त्रो र फिडेल क्यास्त्रोसँग भेट गरे । फिडेल क्यास्त्रोसँगको त्यो भेट दुवैको लागि अत्यन्तै महत्त्वपूर्ण सिद्ध भयो । उनीहरू भेट भएपछि रातभरि र दिनमा पनि समय निकालेर बातचित गरिरहन्थे । यो भेट अत्यन्तै महत्त्वपूर्ण थियो । यहाँबाट नै नयाँ क्युवाको रचना भएको थियो । क्यास्ट्रोलाई भेटेपछि चे अत्यन्तै प्रभावित भएका थिए । त्यसपछि उनीहरूको साथित्व जीवनको अन्तिम घडीसम्म निरन्तर अगाडि बढ्यो । फिडेलले चेको बारेमा भनेका थिए - चेको क्रान्तिकारी विचार मेरोभन्दा धेरै परिपक्व थियो । विचारधारा र सिद्धान्तको क्षेत्रमा उनी धेरै विकसित थिए । मभन्दा उनी धेरै विकसित क्रान्तिकारी थिए । मेक्सिको यात्राको क्रममा नै अर्नेस्टोले 'चे' उपनाम प्राप्त गरेका थिए । ल्याटिन अमेरिकी देशमा व्यक्ति विशेषप्रति घनिष्ठता दर्शाउनको लागि पनि चे शब्दको प्रयोग गर्ने गरिन्छ । अर्नेस्टो आफ्नो सम्पर्कमा आउने मान्छेलाई अनौपचारिक भाषामा प्रायः चे भनेर बोलाउने गर्दथे । त्यसकारण पनि उनलाई चे भन्न थालिएको देखिन्छ । जेहोस् यो सम्बोधन उनीसँग सदाको लागि जोडियो । पछि उनलाई यही नामले संसारमा चिनियो । मेक्सिकोमा रहँदा उनको आर्थिक स्थिति निरन्तर खस्किँदै गएको थियो भने अर्कोतिर क्रान्तिप्रति उनको विश्वास दैनिक रूपमा बढ्दै गएको थियो । यही बीचमा उनको भेट निर्वासनको सजाय काटिरहेका क्युवाका प्रमुख क्रान्तिकारीहरूसँग भयो, जसमा लोपेज जस्ता क्रान्तिकारी पनि थिए । लोपेजले अर्नेस्टोलाई क्युवाको आन्दोलनको बारेमा धेरै जानकारी दिए । अर्नेस्टोले ग्वाटेमालाको क्रान्तिको असफलता देखिसकेका थिए तर उनी अझै आशावादी थिए र ग्वाटेमालाको संघर्षको कमजोरीहरूलाई बचाउन चाहन्थे । त्यस बेला उनको एक मात्र उद्देश्य अमेरिकाको समर्थनमा टिकेको निरंकुश सत्तालाई उखेलेर फ्याँक्नु थियो । यही बीचमा १८ अगस्ट १९५५ मा उनले हिल्डा जिडियासँग विवाह गरे ।

क्युवामा निर्वासित क्रान्तिकारी नेताहरूको ठूलो संख्या मेक्सिकोमा थियो । क्यास्त्रोले उनीहरूलाई नै संगठित गरेर क्युवाको दक्षिणी समुद्री किनाराबाट बाटिस्टा सरकारलाई ध्वस्त बनाउने रणनीति तयार गरे । उनको योजना अनुसार छापामार युद्धद्वारा निरंकुश बाटिस्टा सरकारलाई ध्वस्त बनाउने थियो । अर्नेस्टो चे ग्वेभाराले अमेरिका समर्थित कुनै पनि निरंकुश सत्ता परिवर्तन गर्नको लागि स्वयंलाई प्रतिबद्ध गरिसकेका थिए । यसकारण उनी पनि फिडेलको क्रान्तिकारी आन्दोलन वा छापामार दलमा सहभागी भए । अब सैन्य प्रशिक्षण मेक्सिकोमा शुरु भयो । आफ्नो सम्पूर्ण निष्ठा, स्वतःस्फूतर्ता र संकल्पको बलमा अर्नेस्टो प्रशिक्षणको अन्तमा सर्वश्रेष्ठ छापामार प्रमाणित भए । प्रशिक्षणकै बेलामा हिल्डाले अर्नेस्टोकी छोरीलाई जन्माइन् । यसपछि १४ जुन १९५६ मा फिदेल क्यास्त्रो र उनका दुई सहयोगीलाई बाटिस्टाको हत्याको षड्यन्त्रको आरोपमा गिरफ्तार गरियो । त्यसको दस दिनपछि अर्नेस्टो पनि क्युवाका सेनाको कब्जामा परे । आरोप प्रमाणित नभएको कारण एक महिनापछि नै फिडेललाई रिहा गरियो । तर अर्नेस्टोलाई भने ५७ दिनको कारावासपछि अगस्टको मध्यमा रिहा गरियो । यो घटनापछि अर्नेस्टो अमेरिकाको विरोधमा अझ तीव्र रूपमा लागे । रिहा भएको तुरुन्तै पछि उनले क्यास्त्रोलाई भेटे र दुवै मिलेर क्रान्तिलाई नयाँ सिराबाट अगाडि बढाउने कार्यमा जुटे । अब उनीहरू दुवैको सक्रिय नेतृत्वमा क्युवामा छापामार युद्ध तीव्र रूपमा अघि बढ्यो । २५ नोभेम्बर १९५६ मा अर्नेस्टोले छापामार दस्तासहित मेक्सिकोको मार्गबाट क्युवामाथि आक्रमण गरे । उनीसँग केवल ८२ छापामार योद्धा थिए । भयंकर युद्धमा अर्नेस्टोका ६० जना छापामार सदस्य मारिए । यो अत्यन्तै भयानक पराजय थियो तर अर्नेस्टोको हौसला भने मरेको थिएन । त्यसपछि बचेका २२ छापामार सैनिकहरूसँग उनी नयाँ तरीकाबाट संगठित हुने प्रयासमा जुटे । यसरी बाटिस्टाका सेनाले क्रान्तिकारीका अधिकांश मानिसहरूको हत्या गरिदियो । यस आक्रमणमा चे ग्वेभारा पनि घाइते भएका थिए । यसपछि उनी बाँकी बाँचेका साथीहरूलाई लिएर सिएरा मेस्त्रा नामक ठाउँमा पुगे । उनको स्वास्थ्य सुधार भएपछि उनले छापामार सेनालाई पुनः मजबुत बनाउन लागे । सिएरा मेस्त्राका पहाडमा उनीहरूले छापामार युद्धको अभ्यास गरिरहे । त्यहाँ उनीहरूले मलेरिया, भोकप्यास, लामखुट्टे, आदिको शिकार हुनुपरेको थियो । त्यसैले उनले यसलाई युद्धको सबभन्दा दर्दनाक दिनको रूपमा उल्लेख गरेका छन् । त्यस बेला उनी छापामार सैन्य दलका नेता मात्र थिएनन्, उनी हतियार निर्माण कार्यमा पनि सक्रियतापूर्वक लागेका थिए । उनले ग्रिनेट बनाउने कारखाना बनाए । आफ्नो संघर्षमा सर्वसाधारणलाई अनुकूलित बनाउन उनले मानिसहरूलाई पढाउन शुरु गरे । उनले नियमित रूपमा समाचारपत्र पढ्ने र पढाउने काम पनि गरे । स्थानीय किसानहरूलाई उनले साम्राज्यवादी अमेरिकाको कुत्सित उद्देश्य तथा उसको शोषणकारी नीतिहरूको बारेमा राम्रोसँग बुझाए । यसैगरी क्यास्त्रोको क्षमता आम्नेसाम्नेको लडाइँमा दुश्मनलाई परास्त गर्नको लागि बनेको थियो । उनको सांगाठानिक क्षमता चामत्कारिक थियो । तर भौगोलिक रूपमा युद्धको तयारी गर्ने, आफ्ना विचार र संघर्षको लागि जनताको सहानुभूति बटुल्ने काम चे ग्वेभाराको थियो । वास्तवमा उनी बुद्धि र हतियार दुवैका सिपाही जस्तै थिए । यही कारणले गर्दा उनलाई स्थानीय जनताको पूर्ण रूपमा साथ, सहयोग र समर्थन प्राप्त भएको थियो ।

चे ग्वेभारा निरन्तर आफ्नो कार्यकुशलतासहित सैन्य संगठनलाई प्रबल बनाइरहेका थिए । वैचारिक-राजनीतिक र सैन्य हिसाबले पनि सुदृढ संगठन निर्माण गर्दै अगाडि बढिरहेका थिए । यही क्रममा फेब्रुअरी १९५७ मा अचानक फेरि उनको स्वास्थ्य खराब भयो । उनलाई दमले सताउन थाल्यो र उनलाई सास लिनमेत गाह्रो हुनलाग्यो । यही बेलामा क्युवाका सैनिकहरूले उनीहरूमाथि आक्रमण गर्ने संकेत प्राप्त भयो र सबै सामान उठाएर विद्रोही सैनिक अन्यत्र भूमिगत ठाउँमा सरे । चे ग्वेभाराको स्वास्थ्य स्थिति अत्यन्तै नाजुक भइरहेको थियो । औषधि पनि सकिएको थियो । क्युवाका सेनाहरू विद्रोहीहरूलाई चारैतिर खोजिरहेका थिए । यस्तो स्थितिमा पनि चेको मनोबल कहिल्यै गिरेन । एक स्थानीयमार्फत् औषधिको प्रबन्ध गरियो । क्युवाको सरकारले क्यास्त्रो मारिएको, विद्रोह दबाइएको जस्तो अफवाह फैल्याइरहेको थियो । पछि टाइम म्याग्जिनले क्यास्त्रो जीवित रहेको र चे तथा उसलाई स्थानीय जनताको समर्थन रहेको समाचार प्रकाशित गराएपछि उनीहरू रातारात प्रसिद्ध भए । अब युद्धको मोर्चा तीव्रतापूर्वक निर्माण हुनलाग्यो । चेले कमाण्डरको रूपमा विद्रोहीहरूको नेतृत्व गरेका थिए । यही बीचमा क्युवाका सेना र विद्रोही सेनाबीच भयंकर युद्ध भयो । यो युद्धमा क्युवाका १४ सैनिक मारिए । अन्य धेरै हताहत र गिरफ्तार भए भने विद्रोही सैनिकका ६ जना हताहत भएका थिए । यो युद्धमा चे ग्वेभाराले अत्यन्तै महत्त्वपूर्ण भूमिका निभाए । उनी हमेशा लडाइँमा अगाडि हुन्थे त्यसकारण अन्य सेनाहरूको मनोबल निरन्तर बढिरहन्थ्यो । उनी सेनाहरूलाई लड भन्दैनथे, बरु मेरो पिछा गर भन्थे । यसले गर्दा पनि सबै सेनाहरू अब्बलतापूर्वक लडाइँमा भाग लिन्थे । युद्धपछि उनी डाक्टर भएर सबै घाइतेहरूको उपचार गर्थे र सबैको सेवामा जुटिरहन्थे । उवेरोमा प्राप्त भएको विजयबाट क्युवाको एक भाग विद्रोही सैनिकहरूको कब्जामा आइसकेको थियो । यसपछि चेलाई कमाण्डेडको पद सुम्पिइयो । अब चेले युद्धका अन्य मोर्चाहरूमा काम गर्न शुरु गरे । जनताको साथ, सहयोग र समर्थनबिना क्रान्ति सम्पन्न हुन सक्तैन भन्ने कुरा चेलाई राम्रोसँग थाहा थियो । त्यसकारण उनले समाचारपत्र निकाल्ने योजना बनाए । उनको उद्देश्य समाचारपत्रको माध्यमबाट प्रतिक्रियावादी भ्रष्ट बाटिस्टा सरकारका खराब क्रियाकलापहरूलाई संसारको सामुन्ने ल्याउने थियो । त्यसपछि अल क्यूबानो लिब्रे नामक समाचारपत्र प्रकाशन गर्ने काम भयो । त्यही वर्ष विद्रोही सेनाले एक रेडियो स्टेशनको पनि स्थापना गरे र त्यसमा पनि चेको प्रमुख भूमिका थियो । क्युवाको क्रान्तिको सफलताको निम्ति रेडियोको धेरै ठूलो भूमिका थियो ।

यसरी सबै क्षेत्रमा बिस्तारै क्रान्तिकारीहरूले थप आक्रमण गर्न थाले र बाटिस्टाका सेनाका हतियारहरू कब्जा गर्नथाले । उनको छापामार सेनामा अरू धेरै विद्रोहीहरू पनि सहभागी हुन थाले । त्यसपछि उनलाई धेरै सफलताहरू प्राप्त हुँदै गए । चे ग्वेभारा आफै डाक्टर समेत भएकोले घाइतेको उपचार पनि गर्ने गर्दथे । उनी हतियार चलाउने तालिम पनि दिन्थे । त्यसरी नै देशद्रोही र शत्रुहरूलाई गोली हानेर सफाया पनि प्रयोग गर्थे । यसरी उनको व्यक्तित्व निकै जटिल र प्रभावशाली थियो । उनीहरूको नेतृत्वमा छापामारहरूले जितिरहेका थिए र क्युवाका शहरहरूमा छापामारहरूको कब्जा हुँदै गइरहेको थियो । यसको पछाडि भरपूर रूपमा आम जनता र मजदूरहरूको सहयोग थियो । शहरमा विजय गर्नुभन्दा पहिले छापामारहरूले सेयरा मेस्ट्राका पहाडहरूमा आफ्ना सेल्टर बनाएका थिए । यहाँ किसानहरूले यी छापामारहरूलाई सहयोग गरिरहेका थिए ।

यसरी चे ग्वेभाराका निरन्तर क्रान्तिकारी मोर्चाहरू अगाडि बढ्दै गइरहेका थिए । २९ जुलाईदेखि ८ अगस्टसम्म लास मर्सिडिसमा भयंकर लडाइँ भयो, जसले क्युवाको क्रान्तिलाई निर्णायक मोड दियो । यो युद्धमा बाटिस्टा सरकारले विद्रोहीहरूलाई एकै झड्कामा समाप्त गरिदिने सोचेको थियो । छापामार सेनाहरूलाई जालमा पार्नको लागि क्युवाको सेनापतिले एउटा चाल चलेको थियो । त्यसैले छापामार सैनिक भएको ठाउँमा १६०० बाटिस्टा सैनिकहरूले घेरे, तर चेले त्यसको सूचना तुरुन्तै प्राप्त गरे । अब उनी बडो होसियारीपूर्वक अगाडि बढ्ने योजनामा लागे । यही बीचमा बाटिस्टा सेनापति केन्टिलोको तर्फबाट छापामार सेनालाई आत्मसमर्पणको सन्देश पठाइयो । चेले विचार गर्नको लागि समय मागे र युद्धविरामको प्रस्ताव राखे । यो कुरालाई विद्रोहीहरूको कमजोरी ठानेर सेनापतिको स्वीकार्यो । यही युद्धविरामको फाइदा उठाउँदै विद्रोही सैनिकहरू पहाडमा जम्मा भएर रणनीतिक योजना बनाउन लागे । यही बीचमा सेनापति, बाटिस्टा र सेनाहरूबीच खटपटको स्थिति सृजना हुँदैगयो । यही मौका छोपेर छापामार सेनाले आक्रमण शुरु गरे । चेलाई सान्ता क्लारा कब्जा गर्ने जिम्मेवारी दिइएको थियो । त्यो क्युबाको चौथो सबभन्दा ठूलो शहर थियो तर त्यहाँ बाटिस्टा सरकारले आफ्नो सम्पूर्ण सैनिक शक्ति तैनाथ गरेको थियो । चारैतिर दुश्मन सैनिकले घेरिएर पनि चेले अत्यन्तै कौशलतापूर्वक छापामार सैनिकहरूको नेतृत्व सम्हाले र विजय हासिल पनि गरे । अन्तिममा २८ डिसेम्बर १९५८ मा चेले आफ्ना सैनिकहरूसहित केरिबियन किनारको कमाजोनीसम्म मार्च गरे । स्थानीय जनता र विशेषगरी किसानले चेका सैनिकहरूलाई उमंगसहित स्वागत गरिरहेका थिए । चेको कुशल सेनापतित्वको कारणले नै यो विजय संभव भएको थियो । यद्यपि सान्ता क्लाराको युद्धकै बीचमा बाटिस्टा सरकारले रेडियोबाट चे मारिएको र आफ्नो जित भएको कुराको घोषणा गरेको थियो । तर केही दिनमै सबै वास्तविकता सतहमा आयो । चेले मात्र ३०० छापामार सैनिकहरूसँगै कर्नेल लम्पीलाई पराजित गरिदिएका थिए । यसबाट बाटिस्टा सरकारको अप्रियता झन भनो झन सतहमा देखिन थाल्यो । थोरै छापामार सैनिकहरूलाई लिएर चेले युद्धमा विजय प्राप्त गरेका थिए र उनीहरूले सरकारी सेनाका सबै हातहतियार र खरखजानासमेत कब्जा गरेका थिए । यसबाट बाटिस्टा सेनाको मनोबल एकाएक गिर्नलाग्यो र उनीहरू एकपछि अर्को गर्दै विद्रोही सेनासँग मिल्न लागे । सन १९५९ को नववर्षमा विद्रोही रेडियो स्टेसनबाट सान्त क्लारामाथि कब्जाको सन्देश संसारभरि प्रचार भयो । यसपछि बाटिस्टाका सेनाका अधिकारीहरूले विद्रोहीसँग मिलेर शान्तिप्रस्ताव अगाडि बढाउने योजना बनाए । यो खबर बाटिस्टाले सुनेपछि ऊ देश छोडेर भाग्यो । त्यसको ठीक एक हप्तापछि ८ जनवरी १९५९ मा फिडेल क्यास्त्रो र चे ग्वेभाराले विजयोल्सासहित क्युवाको हवाना प्रवेश गरे । उत्साहित भीडले उनीहरूको भव्य स्वागत गर्‍यो । सत्ता कब्जाको सैन्य अभियान लगभग पूरा भइसकेको थियो । अब क्रान्तिको मुख्य लक्ष्यको रूपमा निहित राजनीतिक-आर्थिक परिवर्तनको काम बाँकी थियो । यसमा चे र क्यास्त्रोले सम्पूर्ण योजना बनाएर लाग्नुपर्ने थियो ।

यसरी क्युवाको क्रान्तिकारी परिवर्तनको बौद्धिक सूत्रधार चे ग्वेभारा नै थिए । क्रान्ति सफल भएपछि उनका मातापितासहित सम्पूर्ण परिवार क्युवा आएका थिए । चेकी पत्नी र छोरी पनि उनलाई भेट्न आए । यद्यपि २२ मई १९५९ मा हिल्डा र चेको बीचमा सम्बन्धविच्छेद भयो र त्यसको दस दिनपछि चेले अलीडासँग विवाह गरे, जससँग उनको युद्धको क्रममा प्रेम थियो । अब चेको लक्ष्य क्युवाको पुनर्निर्माण गर्नु थियो । चेले अब क्युवाको नागरिकता प्राप्त गरिसकेका थिए । क्रान्तिको सफलताको सम्पूर्ण श्रेय पनि उनले प्राप्त गरेका थिए । यसपिछ क्यास्त्रो र चे मिलेर विभिन्न भ्रष्ट कानूनलाई तोड्दै नयाँ जनपक्षीय कानून ल्याए । यसबाट सर्वसाधारण धेरै खुशी भए । चेले क्रान्ति विरोधी अनेक कैदीहरूलाई संभव भएसम्म माफी दिएका थिए ।

क्युवाको क्रान्तिको सफलतापछि फिडेलले चे ग्वेभाराको मार्क्सवादी विचारधाराको प्रभावसहित क्युवालाई समाजवादी राष्ट्र घोषणा गरे । त्यसपछि चे ग्वेभाराले फिडेलको सरकारमा उद्योग मन्त्रालयको भूमिका सम्हाले । त्यसपछि उनी नेशनल बैंक अफ क्युवाका अध्यक्षसमेत भए । यही बीचमा उनले संसारका धेरै ठाउँको भ्रमण गरी वस्तुस्थितिको अध्ययन पनि गरे । त्यसपछि उनले औद्योगिक राष्ट्रीयकरणको योजना पनि ल्याए । उनले देशको अर्थव्यवस्थालाई सकारात्मक दिशा दिनको लागि कैयौं धेरै कदमहरू उठाएका थिए ।

चे ग्वेभाराले क्रान्तिपछि क्युवामा सामाजिक-आर्थिक सुधारात्मक कार्यलाई तीव्रता दिए, जुन क्रान्तिको वास्तविक उद्देश्य थियो । क्युवाको सत्ता कब्जाको केही दिनपछि नै उनले आम जनतालाई क्युवाको नयाँ सरकारको प्रथम उद्देश्य सामाजिक न्याय कायम गर्नु हो भन्ने कुरा स्पष्ट पारे । उनले पहिलो चरणमा भूमि वितरणको कार्यक्रमलाई अगाडि बढाए, जसानुर १७ मई १९५९ मा चे ग्वेभाराले कृषि सुधार नियम लागू गरे । यस अनुसार सम्पूर्ण कृषि भूमिलाई ठूला कृषि फार्महरूमा विभाजन गर्ने आदेश दिइएको थियो । प्रत्येक कृषि फार्मको क्षेत्रफल लगभग ४ वर्गकिलोमीटर थियो । जोसँग योभन्दा बढी कृषिभूमि हुन्थ्यो, त्यसलाई अधिग्रहण गरी लगभग ६७ एकडको कृषि भूखण्डमा बाँडिएको थियो । उखु खेतीमा विदेशीहरूलाई हटाइयो । आर्थिक असमनताको अन्त्यको लागि चे ग्वेभाराद्वारा गरिएका यस्ता महत्त्वपूर्ण कदमहरूको जनताले भव्य स्वागत गरे ।

चे ग्वेभाराको समाजवादी राज्यको सपना केवल क्युवामा मात्र नभएर सम्पूर्ण ल्याटिन अमेरिकासँगै संसारलाई साम्राज्यवादी अमेरिकाबाट मुक्त गराउन चाहन्थे । त्यसकारण उनी यात्राको माध्यमबाट संसारलाई बुझ्ने प्रक्रिया स्वरूप १२ जुन १९५९ मा तीन महिनाको विदेश यात्रामा निस्किए । यसपटक उनले सिरिया, मोरक्को, सुडान, यूनान, थाइल्याण्ड, पाकिस्तान, ग्रीक, यूगोस्लाभिया, जापान, आदि देश भ्रमण गरे । यी देशहरूमा भ्रमण गरेर उनले त्यहाँको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक क्षेत्रको व्यापक अध्ययन गर्नुको साथै समाजवादी सपनालाई पूरा गर्ने विभिन्न घटनाक्रमहरूलाई बुझ्ने काम गरे । सेप्टेम्बरमा चे स्वदेश फर्किए । त्यतिबेला क्युवामा भूमिसुधारको कामले व्यापक रूप लिइरहेको थियो । जमिन्दारहरू यसको विरोध गरिरहेका थिए । विरोधी नेताहरू पनि यसको विरोध गरिरहेका थिए । त्यसपछि चे ग्वेभाराले यो सम्पूर्ण काम सम्हाले । उनलाई राष्ट्रिय भूमिसुधार संस्थाको प्रमुख बनाइयो । उनी उद्योगमन्त्री पनि बनेकै थिए । भूमि सुधार कार्यक्रमको लागि एक सैन्य दल पनि बनाइयो । क्युवामा हजारौं हेक्टर कृषिभूमिमाथि अमेरिकी पूँजीवादी कम्पनीहरूको अधिकार थियो । उनीहरूको कब्जाबाट ४८०००० एकड भूमि मुक्त गराइयो । यसबाट रिसाएर अमेरिकाले चीनी आयातमा प्रतिबन्ध लगाएको थियो । अमेरिकी साम्राज्यवादको विरोधमा चेले १० जुलाई १९६० मा विशाल प्रदर्शन आयोजना गरे, जसमा लाखौं श्रमिकहरूले भाग लिएका थिए । चेले यहाँ आफ्नो भाषणमा अमेरिकालाई आर्थिक आतंकवादी घोषणा गरेका थिए । क्युवाको पुनर्निमाणको लागि चे ग्वेभाराले एकातिर भूमिसुधारको क्षेत्रमा महत्त्वपूर्ण काम गरिरहेका थिए भने अर्कोतिर उनले शिक्षा क्षेत्रमा पनि व्यापक सुधार गर्दैथिए । सन् १९५९ भन्दा पहिले क्युवामा शिक्षाको साक्षरता प्रतिशत धेरै कम थियो । अझ ग्रामीण क्षेत्रमा त यसको अवस्था नाजुक थियो । शिक्षकहरूको कमी र सरकारी उदासीनताको कारणले गर्दा किसान र मजदूरहरूको ठूलो हिस्सा अशिक्षित थियो । त्यसकारण सन् १९५९ मा चेले शिक्षा-वर्ष घोषणा गरी एक लाख स्वयंसेवकसहित साक्षरता दलको गठन गरे । यस दलका सदस्यहरूलाई नयाँ स्कूल भवन निर्माण गर्ने, प्रशिक्षित शिक्षक तयार गर्ने र आदिवासी किसान-मजदूरहरूलाई पढाउने-लेखाउने जिम्मेवारी सुम्पिइएको थियो । आर्थिक सुधारका कार्यक्रमजस्तै शिक्षा सुधारमा पनि चेले अभूतपूर्व सफलता हासिल गरे । यो अभियानपछि ७०७२१२ व्यक्ति साक्षर भए भने साक्षरताको अनुपात ९६ प्रतिशत पुग्यो । यसैगरी उच्च शिक्षाको क्षेत्रमा पनि क्रान्ति ल्याउने काम चेले गरे । शिक्षालाई जनमुखी बनाउनको लागि उनले सबै विश्वविद्यालयहरूमा सकारात्मक सोच अपनाउन आव्हान गरे । क्युवाका सबै प्रमुख विश्वविद्यालयका शिक्षाशास्त्री, कुलपतिहरूलाई सम्बोधन गर्दै उनले शिक्षा नीति आम रूपमा बदल्ने कुरालाई स्पष्ट बनाए । शिक्षानीतिमा टिप्पणी गर्दै चेले १७ अक्टुवर १९५९ मा भनेका थिए - हाम्रा विश्वविद्यालयहरूले प्राचीन सामाजिक पद्धतिलाई कायम राखेर अहिलेसम्म डाक्टर, वकिल, न्यायाधीश, आदि उत्पादन गरेका छन् । उनीहरू कृषि वैज्ञानिक, कृषिलाई वृद्धि गर्ने जागरूक कार्यकर्ता, अध्यापक, रसायनविद्, भौतिक वैज्ञानिक उत्पादन गर्नमा असक्षम भएका छन् । त्यसैगरी यहाँ कुनै राम्रो गणितज्ञ पनि छैन । त्यसकारण शिक्षा क्षेत्रमा आमूल परिवर्तन आवश्यक छ । शिक्षा क्षेत्रमा सुधारको लागि राज्यले विश्वविद्यालयहरूको नीतिनिर्माण हस्तक्षेप गर्नुपर्दछ । शिक्षालाई जनतासम्म पुर्याउनको लागि उचित कदम उठाउनुपर्दछ । चेले शिक्षालयमा नयाँ सोचसहित सकारात्मक कदम उठाउने कुराको आव्हान गरेका थिए ।

चे ग्वेभाराले क्युबामा गरिबी र महंगी हटाउनको लागि अनेकौं सुधारात्मक कार्यहरू शुरु गरे । उनले सदैव अमेरिकी साम्राज्यवाद र यसको विदेश नीतिको विरोध गरिरहे । अमेरिकाले क्युवामा भएको समाजवादी क्रान्तिलाई कति पनि मन पराएको थिएन । त्यसैले अमेरिकी साम्राज्यवाद कुनै नै कुनै उपायले फिडेलको सरकारलाई ढाल्न चाहन्थ्यो र उसले यसको लागि हरेक नैतिक-अनैतिक हतकण्डा अपनाइरहेको थियो । यसैबीचमा सन् १९६२ को क्युबा मिसाइल संकट शुरू भयो । वास्तवमा अमेरिकाले रूसलाई आतंकित बनाउनको लागि इटाली र टर्कीमा आफ्ना आणविक मिसाइलहरू तैनाथ गरेको थियो । यसकारणले चे ग्वेभाराले सोभियत संघसँग सहयोग मागे । त्यसपछि सोभियत संघले क्युबामा आफ्नो मिसाइल तैनाथ गरिदियो । किनभने त्यहाँबाट अमेरिका नजिकै थियो । सोभियत संघमा पनि त्यतिबेला समाजवादी सरकार थियो र क्युबासँग उसको सम्बन्ध धेरै राम्रो थियो । तर पछि अमेरिका र रूसले आ-आफ्ना मिसाइल हटाएका थिए । यद्यपि चेलाई रूसको यो रबैया मन परेको थिएन । किनभने रूसले मिसाइल हटाउनुअघि क्युवाली सरकारसँग कुनै वार्ता गरेको गरेको थिएन । अब चे ग्वेभाराले चीनसँग मित्रताको हात बढाए र त्यहाँका नेता माओत्सेतुङलाई समर्थन गर्न थाले, जो आफै क्रान्तिकारी विचारका थिए ।

चे ग्वेभारा र क्यास्त्रोका क्रान्तिकारी कदमबाट अमेरिकी साम्राज्यवाद नराम्रोसँग भड्किएको थियो । चे र क्यास्त्रोको राष्ट्रिय पुनर्निर्माण कार्यक्रमबाट उसले नराम्रोसँग आर्थिक हानि बेहोर्नुपरेको थियो । त्यकारण सीआइएको माध्यमबाट चे र क्यास्त्रोलाई अपदस्त गर्न बे अफ पिग्स नामको अपरेशनसहित क्युवाको दक्षिणि किनाराबाट सैनिक छिराउन आरम्भ गरेको थियो । तर फिडेल र चेको छापामार कदमले अमेरिकाको यो प्रयास असफल भयो ।

आर्थिक सुधारलाई गति दिनको लागि क्यास्त्रोले चेलाई क्युवाको केन्द्रीय बैंकको अध्यक्ष बनाउनुको साथै वित्त मन्त्रालयको जिम्मेवारी पनि प्रदान गरिएको थियो । उद्योग मन्त्रालयको जिम्मेवारी उनले प्राप्त गरेका थिए । त्यसपछि चेको राजनीतिक हैसियत क्यास्त्रोपछि दोस्रो नम्बरमा हुनगएको थियो । यसपछि क्युवालाई आत्मनिर्भर बनाउनको लागि चेले अन्य धेरै महत्त्वपूर्ण कदमहरू उठाए ।

सन् १९६५ मा चे ग्वेभाराले आफ्नो महत्त्वपूर्ण लेख 'Socialism and men in Cuba' मा भनेका छन् - समाजवादी अर्थव्यवस्था यदि व्यक्तिगत महत्त्वाकांक्षा, लोभ, प्रतिस्पर्धा, आदिलाई छोडेर सामूहिक कल्याणको लागि तयार हुँदैन भने त्यो आफ्नो आन्तरिक संघर्ष, युद्धको कारण स्वतः समाप्त हुनेछ । त्यसकारण उनी समाजमा उच्च श्रमशक्ति तथा नागरिकहरूलाई बढावा दिने खालको आमसहमति र जीवनमूल्यहरूको स्थापना गर्न चाहन्थे, जहाँ सहअस्तित्वको भावना नागरिकहरूको सहज संस्कारको हिस्सा होस् । उनको मान्यता अनुसार व्यक्तिगत अभिलाषाले यस लक्ष्यलाई पूरा हुन दिँदैन । यसकारण समानता, सद्भाव र सहअस्तित्वका लागि वयक्तिगत अभिलाषा र अहमतामाथि नियन्त्रण आवश्यक हुन्छ । यसको लागि नागरिकहरूले आत्मानुशासनमा ढल्नुपर्दछ । विकासलाई लिएर उनको धारणा पूर्ण रूपले जनवादी थियो । क्युवामा कम्युनिष्ट शासनको स्थापनापछि उनले आर्थिक संरचनामा जोड दिए, जसको पछाडि उनको त्यही क्रान्तिकारी सोच थियो । नयाँ नागरिक समाजसँगै नयाँ विकास नीति हुँदा विकासको बारेमा पनि नयाँ दृष्टि आवश्यक हुन्थ्यो । चेले सही समयमा सही कदम उठाएर यी सम्पूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्ने काम गरे । चे ग्वेभाराले यसरी निरन्तर आफूलाई क्युवाका देश र जनताको हितको निम्ति अविराम सक्रिय राखे । मन्त्रालयको कामपछि उनी निर्माण कार्यमा सक्रिय हुन्थे । उनी घण्टौंसम्म निरन्तर कार्य गर्दथे । मिटिङ प्रायः राति बोलाउँथे । खाने काम हिड्दाहिड्दै

बाँकी ८ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# अमेरिकाका लागि प्रलयकारी हुनेछ इरानसँगको युद्ध

● रोजमेरी केलानिक ●

अमेरिका एकपटक फेरि मध्यपूर्वको युद्धमा फस्ने सँघारमा आइपुगेको छ। यसपटक इजरायलले अमेरिकालाई युद्धमा घिसार्दै छ, जो झनझन् अमेरिकाको मित्रजस्तो देखिन छाडेको छ।

अमेरिकाले महिनौँदेखि गर्न खोजिरहेको आणविक सम्झौताको जेजस्तो सम्भावना थियो, त्यसलाई शुक्रबार इजरायलले इरानमाथि गरेको अचानकको आक्रमणले नष्ट गरिदिएको छ। इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले निकै लापरबाहीपूर्वक सो क्षेत्रमा तैनाथ ४० हजार अमेरिकी सैनिकहरूलाई खतरामा पारिदिएका छन् । ती इरानको प्रतिशोधको निसाना बन्न सक्छ। जसले अमेरिकालाई इरानसँगको युद्धमा धकेल्न सक्छ।

आक्रमणमा इरानले अमेरिकाको पनि सहमति रहेको आरोप लगाइरहेको छ। तर, इरानले अमेरिकी भूमिकाको जसरी व्याख्या गरे पनि इजरायलले अमेरिकालाई आवश्यक सावधानी अपनाउन पर्याप्त चेतावनी नदिई आक्रमण सुरु गरेको देखिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार इजरायलले चाँडै आक्रमण गर्ने बताए पनि अमेरिकाले आफ्ना सैनिकका परिवार तथा अत्यावश्यकबाहेकका दूतावासका कर्मचारीलाई त्यहाँबाट निकाल्ने प्रक्रिया बुधबार दिउँसो मात्र सुरु गरेको थियो। अझ अमेरिकी विदेश मन्त्रालयले आक्रमण सुरु हुनुभन्दा केही घण्टाअघि मात्र अमेरिकी नागरिकहरूलाई सो क्षेत्रबाट बाहिर निकाल्ने योजना बनाएको थियो।

यसबाट ट्रम्प र सबै अमेरिकीहरू क्रुद्ध हुनुपर्ने हो। अब नेतन्याहु र अमेरिकाका कट्टर समूहले इरानको आणविक प्रशोधन केन्द्रहरूलाई ध्वस्त पार्न सघाउनुपर्‍यो भनेर ट्रम्पलाई दबाब दिने निश्चित छ। किनकि इजरायली सेनाका लागि त्यो काम आफैँले गर्न कठिन छ। अमेरिकी सेनाले समेत त्यसमा असफलता बेहोर्न सक्छ। तर, अमेरिका इरानविरुद्धको युद्धमा सहभागी भए त्यो ट्रम्पको कार्यकालकै सबैभन्दा ठूलो गल्ती हुनेछ।

इरानसँगको युद्ध अमेरिकाका लागि ठूलो प्रलय हुनेछ। यो दशकौँदेखि मध्यपूर्वमा उसको हस्तक्षेपको चरम असफलता हुनेछ। साथै, यो ठिक त्यही नीति हुनेछ, जसको ट्रम्पले लामो समयदेखि विरोध गर्दै आएका थिए।

आधा संसार फट्को हानेर एउटा कमजोर देशसँग लड्दा अमेरिकालाई केही फाइदा हुने छैन। इरानले आफ्नो क्षेत्रमा त समस्या खडा गर्छ तर अमेरिकाका लागि उसले ठूलो सुरक्षा खतरा उत्पन्न गर्दैन। तर, अमेरिकाले गुमाउँछ चाहिँ धेरै। सबैभन्दा दुखद कुरा अमेरिकी सैनिकहरूले ज्यान गुमाउने खतरा रहन्छ। साथै, यो क्षेत्रमा आफ्नो पीडादायी अतीतबाट उम्किने मौका पनि अमेरिकाले गुमाउने छ।

सबैखाले राजनीतिक विचारधारा बोक्ने अमेरिकीहरू इरानसँगको युद्धको विरोधमा छन्। किनकि गत २५ वर्षमा मध्यपूर्वमा अमेरिकाको लडाइँबाट उनीहरूले दुईवटा ठूला पाठ सिकेका छन्। निवारणकारी युद्धले काम गर्दैन भन्ने त उनीहरूले बुझेका छन् नै, त्यसमाथि यस्तो युद्धले अनपेक्षित परिणाम पनि ल्याउँछ, जसले अमेरिकाको राष्ट्रिय सुरक्षामा स्थायी प्रभाव पार्न सक्छ।

छलका आधारमा सुरु गरिएको २००३ को इराक युद्ध पनि आणविक हतियार रोक्नकै लागि भनेर गरिएको थियो। तर, त्यसले प्रलय निम्त्यायो। सद्दाम हुसेनसँग आम नरसंहारकारी हतियार नभएकाले मात्र होइन। अमेरिकी आक्रमणले इराकमा भद्रगोल र गृहयुद्ध जन्मायो। अनि क्षेत्रीय शक्ति सन्तुलन इरानको पक्षमा ढल्काइदियो। किनकि त्यो युद्धले इरानलाई इराकमा आफ्नो प्रोक्सी मिलिसिया स्थापित गर्ने मौका दियो। अन्ततः सो युद्धले आईएसआईएसको उदयलाई पनि मार्गप्रशस्त गर्‍यो।

इरानसँगको युद्ध त्यहाँभन्दा सजिलो होला भनेर सोच्ने कुनै कारण छैन। बरु, त्यो भन्दा अझ विनाशकारी हुन सक्छ। यदि अमेरिका यो युद्धमा सामेल भयो भने उसले स्थल सेना उतारेर होइन, हवाइ आक्रमण गरेर सुरु गर्ने सम्भावना छ। किनकि इरानमा दुर्गम पहाडी इलाका छ। तर, भर्खरै हुतीविरुद्धको ७ अर्ब डलर खर्च भएको असफल सैन्य कारबाहीले देखाइसकेको छ- हवाइ आक्रमण साह्रै महँगो हुन्छ, यसमा अमेरिकीहरूको ज्यान जाने जोखिम पनि रहन्छ र अन्ततः असफल हुने सम्भावना पनि ज्यादा हुन्छ। अमेरिकाले यमनजस्तो गरिब देशलाई समेत नियन्त्रणमा लिन नसकेको हुतीजस्तो कमजोर समूहविरुद्ध समेत कहिल्यै हवाइ श्रेष्ठता हासिल गर्न सकेन।

हुतीको तुलनामा इरान आफ्नो बचाउ गर्न धेरै गुणा सक्षम छ। यदि हवाइ आक्रमणले इरानको आणविक क्षमता नष्ट गर्न सकेन भने लौ स्थल सैनिक पनि सँगसँगै लैजानुपर्‍यो भन्ने दबाब अमेरिकामाथि नाटकीय रूपले बढ्न सक्छ। सायद अफगानिस्तानमा तालिबानलाई सत्ताच्युत गर्दा जस्तै।

त्यसको परिणाम के भयो, हामीलाई थाहै छ। सानो र छोटो बनाउने मनसायका साथ सुरु गरिएको अफगान युद्ध प्रलयकारी २० वर्ष लामो द्वन्द्वमा परिणत भयो। सुरुमा मात्र १३ सय अमेरिकी सेनाले भाग लिएको युद्धमा २०११ सम्म आइपुग्दा १ लाख हाराहारी अमेरिकी सेना तैनाथ भए। र, अन्ततः २ हजार ३२४ अमेरिकी सैनिकहरूले ज्यान गुमाए।

मानौँ, भनेजस्तो भयो र अमेरिकाले इरानका अधिकांश आणविक केन्द्रहरू ध्वस्त पार्‍यो। तर, त्यसले पनि आणविक बम बनाउने इरानको प्रक्रियालाई अलिकति ढिला मात्रै पार्ने हो। युद्धले हतियारको विकास रोक्न सक्दैन। सोहीकारण इरानसँग व्यवहार गर्ने सवालमा या त कूटनीति, नत्र बेवास्ता गर्नु नै राम्रो उपाय हो।

इरानले आणविक सम्बर्द्धन कार्यक्रम थालेको २० वर्षभन्दा बढी भइसक्यो। त्यसलाई उसले मुलुकभरिका अनेकौँ स्थानमा विस्तार गरेको छ। जसमा उसले हजारौँ वैज्ञानिकहरूलाई खटाएको छ। इस्फहानको एउटा केन्द्रमा मात्र ३ हजार वैज्ञानिकले काम गर्छन्। हतियार निर्माणका लागि युरेनियम कसरी समृद्ध गर्ने, इरानका पर्याप्त वैज्ञानिकहरूलाई थाहा छ। ती सबैलाई इजरायलले मार्न सक्दैन। जबकि तिनैलाई ताकेर उसले आक्रमण गरिरहेको छ।

प्राविधिक ज्ञानको निरन्तरता कायम रहन्छ भन्ने मान्ने हो भने इरानले सम्भवतः छोटो समयमै आफ्ना परमाणु केन्द्रहरूको पुनर्निर्माण गरिसक्ने छ। र, निस्सन्देह अटेरी इरानी शासनले भविष्यमा इजरायली र अमेरिकी आक्रमण रोक्नकै लागि पनि हतियार बनाएरै छाड्ने संकल्प लिनेछ।

इजरायलको जोड छ- इरानले कसैगरी कहिल्यै पनि आणविक बम बनाउन सफलता हात पार्नु हुँदैन। यसले नेतन्याहु इरानी सत्ता ढले आफ्नो विजय हुन्छ भन्ने विश्वासमा रहेको संकेत गर्छ। त्यसलाई पुष्टि गर्नेगरी इजरायलले तेहरानको नेतृत्वलाई समाप्त पार्ने उदेश्यले आक्रमण गरिरहेको देखिन्छ।

नेतन्याहुले इजरायलमा सत्ता बदल्ने चाहना राखेको अहिले मात्र होइन। गत सेप्टेम्बरमा उनले सत्ता परिवर्तन 'मान्छेहरूले सोचेभन्दा छिटो' हुनसक्ने बताएका थिए। त्यतिबेला फ्रान्सेली कूटनीतिक स्रोतले ल मोन्ड पत्रिकालाई भनेको थियो, 'एउटा निश्चित वृत्तमा के विचार घुमिरहेको छ भने इजरायलीहरूले हामीलाई एउटा ऐतिहासिक घडीतर्फ लगिरहेका छन्। सम्भवतः यो इरानी शासनको अन्त्यको सुरुवात हो।'

डिसेम्बरमा सिरियाका बसर अल असदको पतनले इरानमा पनि त्यस्तै उथलपुथल हुने अड्कल बढाइदियो। अमेरिकाका केही उग्र विचार राख्ने व्यक्ति र प्रवासी इरानीहरूले अहिले तेहरानमा सत्ता परिवर्तन अपरिहार्य भइसकेको दाबी गरिरहेका छन्। ट्रम्पका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले भनेका छन्, 'इरानमा सत्ता परिवर्तनको अभियानका बारेमा सोच्ने समय अब आयो।'

यो चटकी सोच हो। इतिहासले बारम्बार देखाइसकेको छ- जुन देशमा बमबारी गर्‍यो, त्यो देशका जनता आक्रमणकारीका विरुद्ध उभिन्छन्, नकि आफ्नै देशका शासकविरुद्ध। भलै आफ्नो देशको शासन जतिसुकै अलोकप्रिय किन नहोस्। पछिल्लो आक्रमणपछि इरानीहरू सडकमा उत्रिएका छन्। तर, आफ्नो सरकारको विरोधमा होइन, इजरायलविरुद्ध बदलाको माग गर्दै।

मानौँ, इरानी शासन ढलेछ रे। त्यसपछि के त? इरानी सरकारको जतिसकै कमजोरी भए पनि सरकार नहुँदाको अराजकताभन्दा खराब सरकार नै भए पनि राम्रो कुरा हो। के हामी इरान अमेरिकी आक्रमणपछि इराक वा लिबियाजस्तै असफल राष्ट्र बनोस् भन्ने चाहन्छौँ?

पहिलो कार्यकालमा आफूले कुनै नयाँ युद्ध सुरु नगरेर कीर्तिमान राखेको भन्दै ट्रम्प खुब बखान गर्ने गर्छन्। त्यो कीर्तिमान विरासतमा बदलिन लायक छ। त्यसैले युद्धमा सहभागी भएर आत्मघात गर्ने नेतन्याहु र स्वदेशी कट्टरपन्थीहरूको दबाबको उनले प्रतिरोध गर्न आवश्यक छ।

*(न्युयोर्क टाइम्सबाट। डा रोजमेरी केलानिक डिफेन्स प्रायोरिटिज नामक अमेरिकी थिंक ट्यांकको मध्यपूर्व कार्यक्रम निर्देशक हुन्)*

# 'अन्तर्राष्ट्रिय व्यवस्थालाई कमजोर पार्ने अमेरिकी प्रयासको विरोध गर्नैपर्छ'

● छन सोङ ●

एक शताब्दीमा देखिएको भन्दा व्यापक र तीव्र परिवर्तनहरूको बीचमा अहिलेको विश्व फेरि एकपटक दोबाटोमा उभिएको छ। विशेषतः विकासोन्मुख देशका जनताहरूले शान्ति, विकास, सहकार्य र पारस्परिक हितको माग गरिरहेका छन्। उनीहरू मानवकल्याण सुधार गर्ने र साझा चुनौतीहरूको समाधान खोज्ने संयुक्त प्रयास चाहन्छन्। तर केही देशहरू इतिहासको धाराविरुद्ध अगाडि बढिरहेका छन्। अन्तर्राष्ट्रिय मान्यतालाई कुल्चिरहेका छन्। र, लामो संघर्षपछि स्थापित अन्तर्राष्ट्रिय व्यवस्थालाई निरन्तर क्षति पुर्‍याइरहेका छन्। यसले विश्वभरका विवेकशील मानिसहरूमा गम्भीर चिन्ता र तीव्र विरोधको भावना उत्पन्न गराएको छ।

संयुक्त राज्य अमेरिका अन्तर्राष्ट्रिय व्यवस्थाको प्रमुख अवरोधकका रूपमा देखिएको छ। वर्चस्ववाद र शक्तिको राजनीतिबाट सञ्चालित अमेरिका साना राष्ट्रहरूलाई धम्क्याउँछ। जबरजस्ती प्रतिबन्ध लगाउँछ। र, व्यापार युद्ध, प्रविधि युद्ध तथा वित्तीय युद्धहरू भड्काउँछ। यसको क्रूरता र स्वार्थी उद्देश्यहरूले यस्तो यथार्थ उद्घाटित गरेका छन् कि अमेरिका आफैं अन्तर्राष्ट्रिय व्यवस्था पालना गर्ने पक्षमा छैन। उसले प्रवर्द्धन गर्ने भनिएको "अन्तर्राष्ट्रिय व्यवस्था" वास्तवमा उसकै स्वार्थ पूर्तिको उपकरण मात्र हो। जब अमेरिकी राष्ट्रिय स्वार्थहरू अन्तर्राष्ट्रिय नियमहरूसँग ठोक्किन्छन् तब अमेरिका ती नियमहरूलाई तोड्न पनि पछि पर्दैन चाहे त्यसको मूल्य विश्वव्यापी रणनीतिक स्थिरतालाई गम्भीर क्षति पुर्‍याउने खालको नै किन नहोस्।

हामीले बुझ्नुपर्छ कि अहिलेको अन्तर्राष्ट्रिय व्यवस्था स्वतःस्फूर्त रूपमा बनेको होइन। यो दुईवटा विश्वयुद्धबाट प्राप्त पीडादायी पाठहरूबाट निर्माण गरिएको हो। दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्रसंघलाई केन्द्रमा राखेर एक नयाँ अन्तर्राष्ट्रिय प्रणाली स्थापना गरियो जसको उद्देश्य विश्वशान्ति र विकासको संरक्षण गर्नु थियो। संयुक्त राष्ट्रसंघको चार्टरमा उल्लेख गरिएका सार्वभौम समानता, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, र विवादहरूको शान्तिपूर्ण समाधान गर्ने सिद्धान्तहरू नै अन्तर्राष्ट्रिय स्थिरताको आधारशिला बने। यस प्रणालीभित्र राष्ट्रहरूले तिनीहरूको आकार वा सम्पत्तिको अवस्था जे भए पनि बराबरीको आवाज र वैध अधिकार प्राप्त गर्छन्। जसले गर्दा विश्वव्यापी शासन सुशृङ्खल र संस्थागत रूपमा अघि बढ्न सक्छ।

तर, हालका वर्षहरूमा संयुक्त राज्य अमेरिका पूर्ण रूपमा यस ढाँचाबाट विचलित भएको छ। उसले एकतर्फीरूपमा युनेस्को र मानव अधिकार परिषद्बाट बहिर्गमन गरेको छ। इरान आणविक सम्झौता र पेरिस सम्झौताजस्ता बहुपक्षीय सहमतिहरू च्यातेर बहुपक्षीयताको खुलेआम उपहास गरेको छ र पटक-पटक आफूलाई अन्तर्राष्ट्रिय नियमहरूभन्दा माथि राख्ने कार्य गरेको छ। यस्ता व्यवहारहरूले दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थालाई मात्र अस्वीकार गर्दैनन् ती ब्यबहार विश्वशान्ति र विकासप्रति प्रत्यक्ष चुनौती पनि हुन्। यदि यसलाई नियन्त्रण गरिएन भने अमेरिकी गतिविधिहरूले मानवताका साझा व्यवस्थाको जग नै कमजोर पार्नेछन् र विश्वलाई पुनः अराजक प्रतिस्पर्धाको युगमा धकेल्नेछन्।

जापानी आक्रान्ताविरुद्ध चिनियाँ जनताको प्रतिरोध र विश्वव्यापी फासिस्टविरोधी युद्धमा विजयी राष्ट्रको रूपमा चीनले विश्वशान्ति पुनःस्थापनामा अपूर्व बलिदान र अपरिहार्य योगदान पुर्‍याएको थियो। आज चीन संयुक्त राष्ट्रसंघको चार्टरको अधिकार जोगाउन, विश्वव्यापी शासनमा सक्रिय रूपमा सहभागी हुन र साझा भविष्य सहितको मानव जातिको समुदाय निर्माण गर्न समर्पित छ। चीन अहिलेको अन्तर्राष्ट्रिय व्यवस्था जोगाउने एक प्रमुख आधारस्तम्भ बनेको छ।

तर पनि, संयुक्त राज्य अमेरिका ताइवानसम्बन्धी मुद्दामा चीनलाई निरन्तर उक्साइरहेको छ र "ताइवान कार्ड" को प्रयोग गरेर चीनको उदय रोक्ने प्रयास गरिरहेको छ। यो केवल चीनका आन्तरिक मामिलामा स्पष्ट हस्तक्षेप मात्र होइन संयुक्त राष्ट्रसंघको महासभा प्रस्ताव संख्या २७५८ को समेत उल्लङ्घन हो। ताइवान प्राचीन कालदेखि नै चीनको अभिन्न भाग रहँदै आएको छ। ऐतिहासिक सन्दर्भ स्पष्ट छ र कानुनी तथ्यहरू निर्विवाद छन्।

सन् १९४३ डिसेम्बर १ मा चीन, संयुक्त राज्य अमेरिका र बेलायतद्वारा जारी गरिएको काइरो घोषणापत्रमा भनिएको थियोः "प्रथम विश्वयुद्ध १९१४ देखि जापानले कब्जा गरेका वा हडपेका प्रशान्त महासागरका सबै टापुहरू उसबाट खोसिनेछन् र जापानले चिनियाँहरूबाट चोरेका सबै भूभागहरू जस्तै मंचुरिया, फोर्मोसा, ताइवाने र पेस्काडोरस, पेंघुचीनलाई फिर्ता गरिनेछन्।" सन् १९४५ जुलाई २६ मा चीन, अमेरिका र बेलायतले हस्ताक्षर गरेको (पछि सोभियत संघले पनि समर्थन गरेको) पोट्सडाम घोषणापत्रमा फेरि भनिएको थियोः "काइरो घोषणामा उल्लेख गरिएका सर्तहरू कार्यान्वयन गरिनेछन्।" सोही वर्ष सेप्टेम्बर २ मा जापानले आत्मसमर्पणको आधिकारिक दस्तावेजमा हस्ताक्षर गर्दै पोट्सडाम घोषणाका सर्तहरू पालना गर्ने प्रतिबद्धता जनाएको थियो। अक्टोबर २५ तारिखमा चिनियाँ सरकारले ताइवानमाथि पुनः सार्वभौमिक अधिकार घोषणा गर्दै ताइपेईमा "चीन युद्ध क्षेत्र अन्तर्गत ताइवान प्रान्तको आत्मसमर्पण समारोह" आयोजना गर्‍यो। यी सबै अन्तर्राष्ट्रिय वैधानिक हैसियत स्पष्ट कानुनी दस्तावेजहरूले ताइवानमाथि चीनको सार्वभौमिक अधिकारलाई कानुन र तथ्य दुवै आधारमा पुनः पुष्टि गर्छन्।

सन् १९७१ मा संयुक्त राष्ट्रसंघको महासभाले प्रस्ताव संख्या २७५८ पारित गर्दै जनवादी गणतन्त्र चीनको वैधानिक स्थान पुनःस्थापित गर्‍यो। जसले चीन एउटा मात्र राष्ट्र हो र ताइवान चीनको अभिन्न भाग हो भन्ने मान्यता प्रदान गर्‍यो। यो प्रस्ताव "एक चीन नीति" को राजनीतिक दस्तावेज हो। यसको कानुनी अधिकारिता अन्तर्राष्ट्रिय व्यवहारमार्फत् पूर्ण रूपमा पुष्टि भइसकेको छ र यसमा कुनै चुनौतीको सम्भावना रहँदैन।

हालका वर्षहरूमा चीनलाई नियन्त्रणमा राख्ने उद्देश्यले अमेरिका निरन्तर रूपमा संयुक्त राष्ट्रसंघको महासभा प्रस्ताव २७५८ को मर्म र आशयलाई विकृत गर्दै आएको छ। उसले "ताइवान स्वतन्त्रता" का पक्षपाती पृथकतावादी शक्तिहरूलाई हौसला दिँदै अन्तर्राष्ट्रिय रूपमा स्थापित "एक चीन सिद्धान्त" माथि आँच पुर्‍याउने प्रयास गर्दै आएको छ। तर, कुनै झूट सय पटक दोहोर्‍याए पनि त्यो झूट नै रहन्छ। अमेरिका र "ताइवान स्वतन्त्रता" का पृथकतावादी शक्तिहरूले जति नै कथा रचे पनि संसारमा चीन एउटा मात्रै छ र ताइवान चीनको अभिन्न हिस्सा हो भन्ने तथ्य उनीहरूले परिवर्तन गर्न सक्दैनन्। उनीहरूले "एक चीन सिद्धान्त" प्रतिको विश्वव्यापी समर्थनलाई डगमगाउन सक्दैनन्। न त चीनको अवश्यंभावी र पूर्ण पुनःएकीकरणलाई रोक्न नै सक्छन्। उत्साहजनक कुरा के हो भने अब झन् धेरै देशहरूले अन्तर्राष्ट्रिय व्यवस्था जोगाउनुको महत्व बुझ्न थालेका छन्। संयुक्त राष्ट्रसंघका प्रस्तावहरूलाई संयुक्त रूपमा समर्थन गर्नु आवश्यक छ भन्ने कुरा महसुस गर्न थालेका छन्। अब अमेरिकाले आफूअनुकूल दोहोरो मापदण्ड लागू गरेर विश्व न्यायलाई क्षतविक्षत गर्न पाउँदैन।

चीनको मित्रवत् छिमेकी नेपालले लामो समयदेखि "एक चीन नीति" को प्रष्ट भाषामा साथ समर्थन गर्दै आएको छ र संयुक्त राष्ट्रसंघको महासभा प्रस्ताव न. २७५८ लाई स्पष्ट रूपमा समर्थन गरेको छ। यसले नेपाली सरकार र जनताको निष्पक्षता र न्यायप्रतिको गहिरो प्रतिबद्धता दर्शाउँछ। हिमाल र नदीले बाँधिएको चीन-नेपाल मित्रता पुस्तौँदेखि निरन्तर रहँदै आएको छ। दुवै देशले बहुपक्षीय मामिलामा एकअर्कालाई समर्थन गर्छन् र विकासका लागि आपसी लाभदायी सहकार्यमा संलग्न छन्। चीन-नेपाल मित्रता जोगाउनु भनेको अन्तर्राष्ट्रिय न्यायको रक्षा गर्नु हो। चीनको धारणा समर्थन गर्नु भनेको अन्तर्राष्ट्रिय व्यवस्थाको संरक्षण गर्नु हो। हामी आशा गर्छौं कि अझ धेरै देशहरूले नेपालको उदाहरण पछ्याउने छन्। संयुक्त राष्ट्रसंघ-केन्द्रित अन्तर्राष्ट्रिय प्रणालीको दृढताका साथ समर्थन गर्ने छन्, र अन्तर्राष्ट्रिय व्यवस्था कमजोर पार्ने सबै योजनाहरूलाई अन्तर्राष्ट्रिय समुदायको सामूहिक इच्छाशक्तिको अगाडि पूर्ण रूपमा निष्क्रिय बनाउने छन्।

*(लेखक नेपालका लागि जनबादी गणतन्त्र चीनका राजदुत हुन्। अङ्ग्रेजी भाषामा लेखेका लेखको नेपाली अनुवाद।)*

## सरकारको...

क्रान्तिकारी किसान महासंघ नेपाल लगायत ६ वटा कम्युनिष्ट पार्टीहरू निकट किसान संगठनहरूले संयुक्त किसान संघर्ष समिति गठन गरेर लामो समयदेखि नेपाल सरकारको भूमि बैंक, कर्पोरेट फार्मिङ, सरकारी उद्योगहरूको निजीकरण, सहकारी-लघु वित्त, गुठी- ठगी प्रकरण, आदिका विरुद्ध ६५ सूत्रीय माग सार्वजनिक गरी संघर्ष गर्दै आएको अवस्थामा पुनः बजेट कार्यक्रममार्फत 'भूमि बैंक लगायतका किसानमारा कदम-प्रतिगामी कदम चाल्ने काम गरेकोछ। यस प्रकारका प्रतिगामी कदमहरूको विरोध र नेपालको कृषिको रूपान्तरण र उत्पीडित किसानहरूको हक, हित र अधिकारको रक्षार्थ हाम्रो महासंघको अवधारणा सार्वजनिक गरेका छौं।

१) **भूमि बैंकको विरोध किन** ? नेपाल सरकारको बजेट कार्यक्रमले नै परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्दा कृषिक्षेत्रको उत्पादकत्व न्यून नहेको स्वीकार गरेकोछ। यसो भनेको नेपालको खेती प्रणाली अझै पनि निर्वाहमुखी र टुक्रे उत्पादन प्रणालीमा आधारित छ। आजसम्म कृषिको वैज्ञानिकीकरण, व्यवसायीकरण र औद्योगीकरण हुन सकेको छैन। स्वभावतः कृषिक्षेत्रको उत्पादकत्व न्यून रहेकोछ। जे जति उत्पादन हुन्छ त्यसको पनि बजार सुनिश्चित छैन। बजारमा विदेशी कृषि उत्पादनको प्रभुत्व रहेकोछ। नेपाल सरकारहरूको बजेट कार्यक्रममा कृषि क्षेत्रको विकास कहिल्यै प्राथमिकतामा परेन। आ.व.२०८२००८३ को बजेटमा पनि जम्मा रु.५७ अर्ब ४८ करोड (१.२ प्रतिशत) कृषि तथा पशुपंक्षी मन्त्रालयलाई छुट्याइएको छ। यो भनेको कृषिक्षेत्र र किसानको अपमान हो।

क्रान्तिकारी/वैज्ञानिक भूमि सुधार गरी साना किसान, गरिब किसान, भूमिहीन सुकुम्बासी, गुठी तथा विर्ता पीडित, आदि जनताको भूमि सम्बन्धी समस्या समाधान गर्नु पर्नेमा, तिनले प्राप्त गरेको जग्गाहरूमा उनीहरूको स्वामित्व र व्यवस्थापनमा ठूलठूला चक्लाबंदी खेती वा पशु पालन वा फलफूल वा जडीबुटी, आदि व्यवसाय गरी गराई स्वदेशमा नै रोजगारीको अवसर सृजना गर्नु पर्नेमा, र त्यसका लागि सरकारले प्रचुर बजेट विनियोजन गरी उत्पादन र उत्पादकत्व विकास गरी राष्ट्रिय पुँजीको विकास गर्नु पर्नेमा त्यसको विपरित आ.व. २०८२/०८३को बजेटमा भूमि बैंकको कार्यक्रम लागु गरिएको छ र त्यसका लागि कानुनी प्रकृया पनि छिटै पुरा गर्नेछ। भूमि बैंक पश्चिम/साम्राज्यवादको नवउपनिवेशवादी नीतिलाई विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, र विश्व व्यापार सँगठनको स्थापना गरी तिनको मार्फत नवउदारवादको कार्यक्रम भनेर अगाडि सारेका छन्। यो कार्यक्रमले साम्राज्यवादी बहुराष्ट्रिय कम्पनीहरू, एकाधिकारी संस्थाहरू र दलाल पुँजीवादी संस्थाहरूको हितमा कामगर्दछ। विश्व बैंक र मुद्रा कोषको दवाबमा नेपालमा भूमि बैंकको धारणा कांग्रेस सरकारको अर्थमन्त्री राम शरण महतले सुरु गरेका र ने.का. एमालेको सरकारले आ.व. २०७१/०७२ को बजेटमार्फत कृषिमा कर्पोरेट फार्मिङ भित्र्याउने काम गरेको हो। त्यसबखत देखि बारम्बार यो कार्यक्रम नेपालमा लागु गर्ने प्रयास भइआएकोछ। साम्राज्यवादी (र विस्तारवादी) शक्तिहरूको हितमा काम गर्नु यिनीहरूको फर्ज बन्दछ। तर ६ किसान संगठनले भूमि बैंक सम्बन्धी व्यवस्था खारेज गर। किसानहरूको जमिन बहुराष्ट्रिय कम्पनीहरू र दलाल पुँजीपतिहरूको हातमा पुर्‍याउने र किसानहरूलाई जमिनबाट बेदखल गर्ने काम बन्द गर' भनेर विरोध गर्दै आएको छ। अन्य साम्राज्यवाद विरोधी राजनीतिक पार्टी र संघ, संस्थाहरूले पनि यसको विरोध गरेका छन्। तर अहिले ने.का. र एमालेको बहुमतको सरकारले यो कार्यक्रम लागु गरेर मालिकलाई रिझाउने कोशिष गरिरहेको छ। उनीहरूको बहानाबाजी सजिलो छ।

कृषियोग्य जमिन बाँझो राख्ने नीतिका कारण जग्गाधनीले जग्गा लिजमा दिन पर्नेछ र सो जमिन व्यवसायिक संस्थाले स्थानीयतहसँग करार संझौता गरी प्राप्त गर्नेछ। तर एक पटक विदेशी बहुराष्ट्रिय कम्पनी होस वा स्वदेशी दलाल पूँजीपतिहरूले, धेरै किसानहरूको जग्गा लामो समयसम्म (३ ४९,९९ वर्ष) करारमा लिएपछि उक्त जग्गाहरू बैंकमा धितो राखेर कर्पोरेट फार्मिङ सुरु गर्छन्। त्यसपछि जग्गा फिर्ता हुने सम्भावना हुँदैन। यसबाट जग्गावाल किसान पनि जग्गा विहिन हुन्छन् भने भूमिहिन सुकुम्बासीहरूले जग्गा पाउने कुरा पनि समाप्त हुन्छ।

३) भ्रष्टाचार संस्थागत भएको छ। हरेक दिन ठूलाठूला भ्रष्टाचारका समाचार बाहिरिन्छन्। भूटानी शरणार्थी प्रकरण, ललिता निवास, गिरिबन्धु टि.स्टेट, पतन्जली जग्गा प्रकरण, यती होल्डिङ, बाँसबारी जुत्ता कारखाना बिक्री, आदि भ्रष्टाचारका कुरा नसेलाउँदै गृहमन्त्री संलग्न भएको भिजिट भिसा प्रकरण थपिएको अवस्थाछ। उद्योग वा बगानको नाममा बाँझो राखिएका जग्गाहरू समेत हदबन्दी भन्दा बढी जग्गा विक्री गर्न पाउने, अब्यवस्थित बसोबासीको नाममा सार्वजनिक (वनको) जग्गा पनि बाँड्न मिल्ने र कृषिक्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिने 'भूमि विधेक' संसदमा प्रस्तुत छ। यसले स्पष्ट रूपमा भूमाफियाको स्वार्थको निम्ति काम गर्नेछ। सरकार जोडिएका भूमाफियाहरूले उक्त जग्गा, जमिनहरू अन्ततः बहुराष्ट्रिय कम्पनीहरूको हातमा सुम्पनेछ। सामन्तवादी शोषणको अवशेषको रूपमा रहेको मिटरब्याजी ब्याजखोरीहरूलाई कुनै कारबाही हुन सकेको छैन। लघुबित्त र सहकारीले गरेको भ्रष्टाचारको छानविन भएकै छैन। उखु किसानको पुरानो रोग कायमै छ। गुठी जग्गा कमाउने हजारौं किसानहरूले अहिलेसम्म मोहीको हक पाएका छैनन्। भूमि बैंकको कानुन लागू भए पछि गुठी तथा सुकुम्बासी किसानहरूको जग्गा-पाउने अधिकारको आशामा तुसारापात हुनेछ। विचौलियाहरूलाई भ्रष्टाचारको नयाँ क्षितिज खुल्नेछ।

नेपाल सरकारले पहिलेदेखि नै सार्वजनिक उद्योग धन्दाहरूको निजीकरण गर्दै आएकोमा भर्खरै उदयपुर सिमेण्ट उद्योग, हेटौंडा सिमेण्ट उद्योग, नेपाल मेटल कम्पनी, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल्स, हेटौडा कपडा उद्योग, बुटवल धागो कारखाना र गोरखकाली टायर उद्योग ऐनमार्फत निजीकरण गर्ने निर्णय गरिएको छ। राज्यको दायित्व भनेको मुलुकको कृषि, उद्योगधन्दा, शिक्षा, स्वास्थ्य, सुरक्षा, आदि आफूले संचालन गर्ने, लगानी बढाउने, स्वदेशमै रोजगारीको अवसर सृजना गरी राष्ट्रिय पुँजीको विकास गर्नु पर्नेमा भएका उद्योगधन्दाहरू क्लकारखानाहरू पन विक्रिमा राखिएको छ। कौडिको भाउमा बेचेर अकूत कमिशनको खेल गरिएको छ। आ.व. २०८२/०८३ को बजेट कार्यक्रम हेर्दा सार्वजनिक ऋण ३० खर्व पुग्ने र विकास निर्माण २१ प्रतिशत र ऋणतिर्नमा १९ प्रतिशत बजेट छुट्याइएको छ। ती दुबै रकम बैदेशिक ऋण र अनुदानबाट पूर्ति गरिनेछ। यो प्रक्रिया आजसम्म चलिआएको छ। यसको अर्थ संसदीय व्यवस्थाका सरकारहरू भ्रष्टचारी छन्, विकाससँग जोडिदैनन् भन्ने देखिन्छ। सरकारहरू विकास र निर्माण भन्दा भ्रष्टाचारमा बढी लिप्त भएको कारण जनतामा चरम असन्तुष्ठी छ। जनता विकल्प खोजीरहेका छन्। यथास्थितिमा मुलुक चल्न सक्तैन। त्यो सत्य भएकोले संसदवादी दलालहरूले आफैले संविधानमा हेरफेर गर्ने कुरा उठाएका हुन्। यो राजनीतिक अस्थिरताको फाइदा उठाउँदै पुनरुत्थानवादी तत्वहरूले, जसलाई भारतका मोदीको पार्टीको साथ र सहयोग छ, यहाँ तान्दुप नृत्य सुरु गरेकाछन्। यो अवस्थामा मुलुकलाई पछाडि फर्कन दिने कि अग्रगमनतर्फ डोर्‍याउने? क्रान्तिकारी किसान महासंघ, नेपाल अग्रगमनको पक्षधर हो-जनगणतंत्रमा नपुगी कृषिक्रान्ति पुरा हुँदैन, वर्गीय र जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक-साँस्कृतिक समस्याहरू पनि समाधान हुँदैनन् भन्ने मान्यता राख्ने महासंघ हो। आजको जल्दोबल्दो किसान, कृषि र भूमि सम्बन्धी समस्यालाई पनि अग्रमनकै दिशाबाट हल खोजिनु पर्छ। आ.व.२०८२२०८३ को बजेट कार्यक्रम बहुर्राष्ट्रिय कम्पनिलाई बुधाउने भूमि बैंक तथा अन्य किसानमारा नीतिहरूका विरुद्ध एकल वा संयुक्त संघर्ष अघि वढनु पर्छ भन्ने मान्यता राख्तछ। लामै समयदेखि छ किसान संगठनहरू मिलेर 'संयुक्त संघर्ष समिति' गठन गरेका छौं। तर अब त्यतिले मात्र पुग्दैन, मैदानमै उत्रिनका लागि तयारी गर्ने बेला आएको छ भन्ने हाम्रो बुझाई रहेकोछ।

अर्ध-औपनिवेशिक तथा अर्धसामन्तीकासाथ अहिले नव-औपनिवेशिक तथा नवउदारवादी शोषण उत्पीडनको शिकार बन्दै आएका किसान आन्दोलनको इतिहास लामो रहेकोछ। कम्युनिष्ट पार्टीको निदेशनमा २००८ सालदेखि किसान संघद्धारासंचालित पूर्वी तराईको र काठमाण्डौंको किसान आन्दोलन, २०१० सालमा भीमदत्त पन्तद्धारा सुदुरपश्चिम क्षेत्रमा चलाएको किसान संघर्ष र २०३६/०३७ तिरका विभिन्न किसान आन्दोलन उल्लेखनीय आन्दोलनहरू हुन। २०४६ सालको र विशेष गरेर २०६२/०६३को जनआन्दोलनपछि वामपंथी दलहरू पन सरकार संचालनमा पुगेको अबस्थामा किसानहरूले आफ्नो हक, हित र अधिकार प्राप्तिको आशा गर्नु स्वभाविक थियो। बरु साम्राज्यवादी नवउदारवादी तथा दलाल नोकरशाही पुँजीवादी एवं सामन्तवादी तत्वहरूद्धारा ठूलो शोषण उत्पीडनका कारण किसानहरू एकातिर अर्धवेरोजगारी तथा बेरोजगारीका कारण विशास संख्यामा विदेशमा जान बाध्य हुनु परेकोछ। आज सरकारले क्रान्तिकारी भूमि सुधार होइन भूमि बैंक लागु गर्ने बजेट कार्यक्रम ल्याउनु भनेको थप साम्राज्यवादी नवउदारवादको किसान मारा कार्यक्रम लागु गर्नु हो। यसको विरोधमा हामी किसान संगठनहरूमात्र नभएर अग्रगमणपक्षधर राजनीतिक दलहरू नै सडकमा जानु पर्ने आवश्यकता समेत औल्याउन चाहान्छौं।

*२०८२ जेष्ट ३०*

*(जेठ ३० मा सम्पन्न क्रान्तिकारी किसान महासंघ नेपालद्धारा आयोजित अन्तरक्रियामा महासंघका अध्यक्ष सीतारामा तामाङले प्रस्तुत गर्नुभएको अवधारणा पत्र)*

# बागी स्त्रीको आत्मकथामा उत्पीडनका स्वरहरु



● खगेश्वर सापकोटा ●

नेपाली साहित्यमा कलम चलाइरहेका पछिल्लो समयका साहित्यिक व्यक्तित्वहरूमध्ये सुमिना एक हुन् । विशेष गरी नारी/महिला मुक्तिका लागि नारीमाथि हुने अन्याय, अत्याचार, हिंसा, उत्पीडन र शोषणका विरुद्ध सुमिनाले सशक्त रूपमा कलम चलाउँदै आइरहेकी छन् भने श्रमजीवी वर्गको पक्षमा दृढताका साथ उनको आवाज बुलन्द रहेको पनि पाइन्छ ।

सुमिनाको 'बागी स्त्रीको आत्मकथा' महिलाहरूप्रति विद्रोहको आह्वान हो । यस कवितासङ्ग्रहभित्र महिला मुक्ति र स्वतन्त्रता सम्बन्धि कवि सुमिनाका कविताका धेरै विषयवस्तु रहेका छन् । पितृसत्ताले निर्माण गरेका र क्रूरतापुर्वक महिला विरुद्ध लागु गरेका सबै किसिमका भाष्यहरूको बर्खिलापमा उभिनु कवि सुमिनाका कविताहरूको मुख्य स्वर र वैचारिक पक्ष रहेको छ ।

समकालीन साहित्य जगतमा कवि सुमिनालाई एक वैचारिक हस्तक्षेपमा कटिबद्ध साहित्यिक व्यक्तित्वका रूपमा चिनाउन अब कुनै भारी टीकाको आवश्यकता छैन । उनले जे लेखिरहेकी छन्, त्यही नै काफी छ । कवि सुमिनाका कविता सही विचार सम्प्रेषणका धारिला औजार हुन् । सुमिनाका कविताहरूले बिद्रोह रोज्नु गज्जबको कुरा हो । सही विचार र धारणलाई अँगाल्दै विद्रोह रोज्नु झै खुसीको कुरा हो ।

सुमिनाको 'बागी स्त्रीको आत्मकथा' शीर्षकलाई केलाएर हेर्दा र यसभित्र रहेका कविताहरूलाई नियाल्दा देश र राज्यका विरुद्ध विद्रोह गर्ने विप्लवी नारीहरूको उद्घोष देख्न सकिन्छ । बागी स्त्रीको आत्मकथा महिलाहरूको प्रसवको पीडाको कथा हो । र, यी कविताहरू महिलाको पीडा, वेदना र सकसको प्रतिबिम्ब पनि हो ।

हाम्रो समाजमा महिललाई लैङ्गिक विभेद मात्र गरिएको छैन । महिला भएकै आधारमा अन्याय, अत्याचार, शोषण र दमन गरिएको छ । समान काम गर्दा पनि महिला भएकै कारणले श्रम शोषण वा पुरुषले पाएको जति पारिश्रमिक महिलालाई दिइदैन । महिला भएकै आधारमा महिलामाथि कथित पुरुषत्वको व्यवहार देखाउने पुरुष भनाउँदाहरूले जुन किसिमको विभेदपूर्ण अन्याय, अत्याचार, शोषण र दमन गरेका छन् त्यसको विरुद्धमा र नारीहरूलाई आफ्नो हक, अधिकार प्राप्तिको लागि सङ्घर्षमा आउनको लागि आह्वान गर्दै राज्यसत्ता र पुरुषसत्ताको विरुद्ध लेखिएका सकसको कथा हो बागी स्त्रीको आत्मकथाभित्र रहेका कविताहरू ।

राज्यद्वारा जतिसुकै महिला मुक्तिका भाषण, नारा र कुराहरू संविधानका धाराहरूमा लेखिएको भएपनि यथार्थमा महिलाहरूले पूर्णरूपमा स्वतन्त्र भएर बाँच्न पाउने अधिकार प्राप्त गर्न सकेका छैनन् ।

आज साँच्चै नै महिला मुक्ति वा महिला स्वतन्त्रता भएको भए किन महिलाहरू माइतीघरबाट दाइजो नल्याएको निहुँमा जिउँदै पोलिनु पर्दथ्यो ? किन आफ्नो लोग्नेको घरबाट लखेटिनु पर्दथ्यो ? महिलाहरू बोक्सीको आरोपमा किन ज्युँदै खाडल खनेर पुरिनु पर्दथ्यो ? किन घर, समाज र गाउँबाट लखेटिएका घटनाहरू हामीले विभिन्न पत्रपत्रिकाहरूमा पढ्नु परिरहेको छ ? किन टेलिभिजनहरूमा हेर्न र सुन्न परेको छ ? महिलाहरूले छोरी जन्माएकै कारण उनीहरूलाई अवहेलना र तिरस्कारमा पारिएका छन् ? घरबाट गलहत्याएर निकालिएका छन् ? त्यति मात्र होइन, छोरा पाउनकै लागि जेठी श्रीमतीलाई छाडेर कान्छी श्रीमती ल्याउने, मानसिक यातना दिने, गर्भमा छोरी रहे तुहाउने जस्ता लिङ्ग भेदी कार्यहरू सामाजिक रूपमा व्याप्त बनेका छन् । के यी सबै महिला मुक्ति वा महिला स्वतन्त्रता भएका उदाहरण हुन् ?

कवि सुमिना समाज वा पुरुषले खडा गरेका यस्ता विभेदका पर्खालहरू भत्काउनको लागि उनी आफू र आफूजस्तै महिलाहरू अभ्यस्त भएको कुरा 'म भत्काउनमा अभ्यस्त छु' कवितामा लेख्छिन्ः

*चुल्याउँदै गर ए समय !*
*म हिँड्ने बाटोमा अवरोधका पर्खालहरू*
*म भत्काउनमा अभ्यस्त छु*
*निरन्तर भत्काएर निर्माण गरेकी हुँ मैले*
*आफ्नो स्वतन्त्र मार्ग*
*जहाँ म*
*निस्फिक्री देखिरहेकी छु*
*आफ्नै सपनाका पदचापहरू ।*

*(पृष्ठ ३०)*

हामीले राणा शासनको विरुद्धमा आवाज मात्र उठाएनौं, मुठ्ठी कसेर आन्दोलनमा सरिक भयौं र त प्रजातन्त्रको स्थापना भयौ । पञ्चायतको विरुद्धमा हामी साहना प्रधान भयौं । हामीले पञ्चायतको विरुद्धमा आवाज उठायौं, मुठ्ठी कस्यौं र सङ्घर्षमा लामबद्ध भयौं । क्रान्तिमा होमियौं र त पञ्चायतको अन्त्य र बहुदलीय व्यवस्थाको आगमन भयो । हामीहरू लोकतन्त्र र गणतन्त्रको पक्षमा उभिँदै २०५२ साल फागुन १ गते शसस्त्र जनयुद्धमा सरिक भयौं । हजारौं महिलाहरूले यस युद्धमा आफ्नो प्राण आहुति गरे र ०६२/०६३ सालको दोस्रो जनआन्दोलन सफल भयो । हामी महिलाहरू हरेक आन्दोलनमा पुरुषसँग होस्टेमा हैसे गर्दै साथसाथै थियौं र त हरेक आन्दोलनहरू सफल भएका थिए । यही महिलाको मस्तिष्कले कुविचारका महलहरू भत्काएर नयाँ चेतनाको घर निर्माण गरेका छन् भन्दै सुमिना कविताका हरफहरूको माध्यमबाट लेख्छिन्ः

*यही मस्तिष्कले भत्काएर*
*कुविचारको महल*
*निर्माण गरेकी हुँ आफूभित्र*
*नयाँ चेतनाको घर ।*

*(पृष्ठ ३०)*

महिलाहरूलाई स्वतन्त्रता प्राप्त भएको घोषणा गरिएको छ तर त्यो स्वतन्त्रता भनेको नदीमा स्वतन्त्र रूपमा पौडिन पाउने माछालाई पोखरी र अक्वेरियममा कैद गर्नु जत्तिकै हो । यो स्वतन्त्रता र मुक्तिको नाममा रचिएको अर्को दमन र हिँसा हो । सुन्दर अक्वेरियममा राख्दैमा माछाहरूको दुनिया बदलिन्न र तिनीहरूको जीवन स्वतन्त्र रहन्न । फोस्रा भाषण र संविधानका धारा र किताबका पानामा महिला मुक्ति र स्वतन्त्रताको कुरा गरिए पनि व्यवहारमा रत्तिभर लागु हुन नसक्ने हो भने त्यो महिला मुक्तिको कुनै अर्थ नरहने कुरा कवि सुमिनाको कविताले प्रस्तुत गरेका छन् ।

*मलाई मञ्जुर छैन*
*माछा बनेर*
*सुन्दर अक्वेरियमभित्र सजिन ।*

*(पृष्ठ ३१)*

शासकहरूले मजदुर र किसानको समस्यालाई बुझ्न सक्दैनन् । मजदुरहरूले आफूले पाउनुपर्ने पारिश्रमिक पाउन सकेका छैनन् । मजदुरहरू सडकमा रात गुजार्न बाध्य भएका छन् । मजदुर र गरिबहरूको समस्यालाई शासकहरूले चुनावको समयमा मात्रै सम्झन्छन् । चुनाव जितेर गएपछि उनीहरूले आफ्नो धरातललाई बिर्सन्छ र आफ्नै देशको माटोको सुगन्धबाट उनीहरू अत्तालिन्छन् भन्ने कुरालाई शासकहरू कवितामा यसरी व्यक्त गरेकी छन् ।

*जहाँ मजदुरहरू*
*सडकमा रात गुजार्छन्*
*जहाँ गरिबहरू*
*चुहिएको छानोमुनि भिजेको जिन्दगी बाँच्छन्*
*जहाँका जनता*
*बाढी, डुबान र पहिरोको त्रासले महिनों*
*सन्तोषको निद्रा निदाउँदैनन्*
*हो, त्यो देश*
*जहाँ शासक हिँड्ने बाटोमा*
*बिछ्याइन्छन् राता कार्पेटहरू*
*उनीहरू उभिने जमिनमा*
*ओछ्याइन्छन् कुर्सी र पिर्काहरू*
*किनकि*
*शासकहरू आफ्नो धरातल बिर्सन्छन्*
*र अत्तालिन्छन् माटोको गन्धसँग*
*सायद, देशको सुगन्धसँग*

*(पृष्ठ ४१)*

हरेक क्षेत्रबाट महिलाहरू उत्पीडित भइरहेपछि उन्मुक्तिको बाटो रोज्न र खोज्नको लागि अक्षरहरूको माध्यमबाट चाहना व्यक्त गरिएको कविताको सङ्ग्रह हो 'बागी स्त्रीको आत्मकथा' । कवितामा महिलाहरूले पुरुष सरह पाउनुपर्ने हक, अधिकार नपाएको र अब लैङ्गिक समानताको लागि आवाज उठाउनु पर्ने बेला गइसकेको भाव 'समुन्नत यात्रा' शीर्षकको कवितामा कवि सुमिनाले व्यक्त गरेकी छन् । नेपालको लगभग आधा धर्ती र आधा आकाशभन्दा बढी भू-भाग ओगटेको महिलाहरू अझै पनि पुरुषसरह अधिकार खोज्न क्रान्ति गर्नुपर्ने अवस्था छ । साँच्चै महिला र पुरुष एउटा साइकलका दुई पाङ्ग्रा हुन् । एउटा पाङ्ग्रा बिग्रे साइकल गुड्न नसके जस्तै महिला नहुने हो भने यो सृष्टि नै बन्द हुन सक्छ । महिला पनि यस धर्तीका अभिन्न अङ्ग हुन् । काम, कर्तव्य र अधिकारहरूमा पुरुषसरह महिलाहरूको पनि समान दायित्व र अधिकार छ भन्ने कुरालाई कवि सुमिनाले 'समुन्नत यात्रा' मा यसरी व्यक्त गरेकी छन् ।


*यो धर्ती*
*मैले आधा टेकेकी छु*
*तिमीले आधा टेकेकी छौ*
*यो आकाश*
*तिमीले आधा टेकेका छौ*
*मैले आधा टेकेकी छु*
*यो सृष्टि*
*मैले आधा धानेकी छु*
*तिमीले आधा धानेका छौ*
*तिमी आधा, म आधा*
*आधा आधा मिलेर*
*तिमी भएका छौ पूरा*
*म पनि भएकी छु पूरा*

*(पृष्ठ १५८)*

*बरु आऊ*
*तिम्रा केही सहुलियत र सुविधाहरू*
*मेरा केही कठिनाइ र जटिलताहरू*
*आधा-आधा बाँडेर हाम्रा कार्यभारहरू*
*पुरा गरौं एउटा*
*समानताको समुन्नत यात्रा ।*

*(पृष्ठ १५९)*

महिलाहरू आफ्नो अधिकार लिनका लागि आफै अघि बढ्नुपर्छ । अरुले दिएको स्वतन्त्रता वास्तवमा त्यो स्वतन्त्रता होइन । महिलालाई लैङ्गिक विभेद गरेर नै हरेक क्षेत्रहरूमा महिला आरक्षणको कोटा राखिएको छ । वास्तवमा त्यो महिला स्वतन्त्रता होइन त्यो महिलामाथि भएको विभेदपूर्ण व्यवहार हो भन्ने भाव उनका धेरै जसो कविताहरूमा आएका छन् ।




यो समय मानवतावादी मूल्य र मान्यताको चर्को रूपमा खोजी भइरहेको युग हो । किनभने यो युग ती कुराहरूमा तीव्र गतिमा क्षय भइरहेको युग पनि हो । मानवले मानवप्रति गर्ने उचित व्यवहारको खोजीका सन्दर्भमा मानवतावादी मूल्य र मान्यताको सन्दर्भ प्रकाशन हुन पुग्छ । मानव समुदाय विविध पृष्ठभूमिका आधारमा, विविध सन्दर्भमा वर्ग र समुदायमा विभाजित छ । मानवका तिनै वर्ग पनि जाति, धर्म, आर्थिक स्थिति, शैक्षिक स्थिति आदिका आधारमा अवसर र सुविधा पाउने र नपाउने अझ अर्को वर्गमा विभाजित छ । अवसर र सुविधा पाउनेहरू अरु माथि सधैं अमानवीय व्यवहार गर्नुलाई आफ्नो नैसर्गिक अधिकार सम्झन्छन् । अवसर र सुविधाहीन मानिसहरू अरु मानिसको आफूप्रतिको दृष्टिकोणलाई सहज रूपमा स्वीकार गर्न सक्दैनन् र जन्मन्छन् अनेकन नवीन मान्यता, सिद्धान्त, आन्दोलन र द्वन्द्वका कुराहरू ।

हरेक मानवीय पर्यावरण पुरुषवादबाट आक्रान्त बन्न पुगेपछि हरेक अवसर र सुविधाबाट बञ्चित महिला समुदाय पनि सतर्क हुन थाल्यो । जीव वैज्ञानिक भिन्नताले मात्र फरक फरक र अन्य सम्पूर्ण कुरामा पुरुषसमान रहेकी महिला र पुरुषका बिचमा रहेको असमानता यति चरम अवस्थामा पुग्यो कि त्यसले दास र मालिकको स्वरूप समेत ग्रहण गर्न पुग्यो । जसको फलस्वरूप महिला र पुरुष सेवक र सेवितका रूपमा रूपान्तरित वा परिभाषित हुन पुग्यो । यही पुरुषवादले एकातिर नारीवादको जन्म गरायो भने अर्कोतिर लैङ्गिक समानताको खोज गरायो । पश्चिमी मुलुकभन्दा पूर्वी एसिया मुलुक र विशेषगरी भारत र नेपालमा यो समस्या अझै ज्युँदो छ ।

सामन्तवादले छिया छिया भएको नेपाली महिला अस्मिता अब लैङ्गिक समानताको प्रश्नमार्फत् आफ्नो ब्युँझाइलाई सार्वजनिक गर्दै आइरहेको छ र नेपाली समाजका विविध सन्दर्भमा लैङ्गिक समानताको अवधारणा अगाडि बढिरहेको छ । अनेकन सामाजिक सन्दर्भहरू मध्येकै एक हो साहित्यिक सन्दर्भ पनि जुन लैङ्गिक समानताको सन्दर्भबाछ अछुतो रहन सकेको छैन । र, सक्दैन पनि । त्यसकै उपजको वा विद्रोहको रूपमा देखा परेको कृति हो 'बागी स्त्रीको आत्मकथा ।' कवि सुमिनाले यस कृतिमा महिलाहरूले स्वतन्त्र रूपमा आफूहरूले पाउनुपर्ने विभिन्न किसिमका अधिकार र स्वतन्त्रताको मागको फेहरिस्त नै पेश गरेकी हुन् भन्दा उपयुक्त नहोला । 'बागी स्त्रीको आत्मकथा' यो समयको पहिचानको प्रतिनिधिमूलक आवाज बोकेर आएको कविताहरूको सङ्ग्रह हो ।

❑ यो साता कविता

## सहिदको सपना



❑ समर्पण न्यौपाने

*बोकेर आँखाभरिका सपना*
*पछ्याउनु पछ्याइरह्यो उसले*
*जीवनका सुदूर क्षितिजहरू*
*चढिरह्यो उल्लाससाथ*
*सङ्घर्षको एकपछि अर्को टाकुरी*
*गरेर अथाह प्रेम माटोलाई*
*छरिरह्यो पसिनाको मिठो आभा ।*

*अपसोच !*
*जब माग्यो उसले*
*त्यही पसिनाको मूल्य, श्रमको कदर*
*उन्मुक्ति दासताका जञ्जीरहरूबाट*
*महल ओगटेका विकृत आकृतिहरूले*
*हाँसे अपमानको ठूलो अट्टहास*
*र समातेर मैलिएको कमिजको कठालो*
*च्यात्दै सोधे*
*उसलाई 'उसको औकात' !*
*हो, त्यही दिन*
*घिनाएर समाजको कुरूपतासँग*
*खाएको हो उसले*
*व्यवस्था परिवर्तनको सपथ ।*

*ती अक्करे भीरहरू साक्षी छन्*
*साक्षी छन्*
*ती डाँडा, भञ्ज्याङ र खोल्चीहरू*
*गएर सोध्नु तल्सिङ र मुनाहरूलाई*
*मुछेर सिस्नु र ढिँडोसँग*
*सुनौलो भविष्यको सपना*
*कोरेकै हो 'ब्लुप्रिन्ट' नयाँ नेपालको*
*हो निसर्त स्वीकारेको*
*उसले क्रान्तिको जोखिमयुक्त गोरेटो*
*कोट्याइ हेर्नु अभिलेख भेटिन्छन्*
*कमेरो पोतिएका ती भित्ताहरूमा*
*लड्दै गर्दा*
*उन्मुक्तिको अविश्राम युद्ध*
*अनायासै ढलेको हो ऊ*
*रणभूमिमा एक महान् योद्धाईं*
*दिएको हो सहादत*
*ल्याउन परिवर्तनको रातो सूर्योदय ।*

*सहिदलाई के थाहा ?*
*कुनै दिन*
*बिछ्याएर उसको बलिदानमाथि*
*भव्य रेड कार्पेट*
*कुटिल मुस्कानसहित*
*चढ्नेछन् उसका सहयात्रीहरूले*
*दरबारका भर्याङ्ग ।*
*बेचेर स्वाभिमान*
*कुनै बहुराष्ट्रिय कम्पनीलाई*
*खडा गर्नेछन्*
*नवधनाढ्यहरूको अर्को जमात*
*जसको बङ्गलाहरूमा*
*एक एक गरि*
*मातेर ढल्नेछन् आस्था र सिद्धान्त ।*
*यही अस्तव्यस्तताबाट*
*भएर आजित मूलबाटोमा*
*गर्नेछ निष्ठाले आत्मदाह !*

*परिवर्तनको नाममा फेरिन्छन्*
*केबल मुहारहरू*
*जो उत्तिकै घृणा गर्छन्*
*भुँइमान्छेहरूलाई ।*
*साँच्चै ल्याउनुछ भने*
*सुनौलो बिहानी*
*त्याग्नैपर्छ औपचारिकताको लाचार खास्टो*
*मुक्त गरेर सहिदलाई*
*मात्र कागज र शिलाहरूको गन्जागोलबाट*
*हुन नदिन मुकदर्शक*
*लाग्नैपर्छ एकजुट भई*
*साकार गर्न*
*सहिदका सपना !*

*(इच्छुक अंक १२ बाट)*

## गाजामा...

? के मानव अधिकारको परिभाषा गाजाका नागरिकहरूलाई फरक हो ? उनीहरू खाली हात, खुला आकाशमा जिउन विवश बनाएको छ। उनीहरूलाई यहाँबाट त्यहाँ भाग, त्यहाँबाट त्यहाँ भाग भन्दै विस्थापित बनाइएको छ। आदेशको भरमा प्यालेष्टाइनीहरू भाग्नु र भौंतारिनु परेको छ।

विस्थापित,महिला,बालबच्चाहरू र निर्दोषको मानव अधिकारको कुनै वास्ता गरिरहेको छैन। बाँच्न पाउने अधिकार अत्याधुनिक हात हतियारले, ड्रोन आक्रमणले ध्वस्त हुँदैछ। विज्ञहरूले महिला ,बालबच्चाहरू मारिनु भनेको उनीहरू स्थानलाई आफ्नो हातमा लिने हो भन्छन् किनकि महिलाहरूले पुरुषहरू जहाँ पुगे पनि आफ्नो स्थान नछोडेर त्यसलाई संरक्षण गरेर बस्ने गर्छन् उनीहरूलाई मारे पछि सबै हत्याउन सजिलो हुन्छ त्यसकारण महिलाहरूलाई निशाना बनाइँदैछ भन्छन्। बालबालिकाहरूलाई निशाना बनाउनु र मार्नुको कारण बच्चाहरू केही वर्ष पछि हुर्कन्छन् ठूला हुन्छन् र आफ्नो मातृभूमि रक्षाकोलागि लड्छन्। त्यसकारण तिनीहरूलाई एकैचोटी सकेपछि मात्रै आफूले भने जस्तो गर्न सकिन्छ त्यही भएर महिला तथा बालबालिकाहरूलाई आक्रमणको निशाना बनाइँदैछ भन्ने कुरा गर्दछन्। तत्काल र दीर्घकालसम्म कसरी त्यहाँका मानिसहरूलाई सक्ने योजनामा इजरायल रहेको छ। युद्धको चपेटामा पर्ने भनेको महिला बालबच्चा ,केटाकेटी र असक्त नै हुन् तर पनि हमास सक्ने भन्दै थालिएको आक्रमण र अभियानमा मानव अधिकार ,बालबच्चाहरूको अधिकार युद्धका नियमहरू केहीको पनि ख्याल गरिएको देखिँदैन। युद्धमा अत्याधुनिक हतियारको प्रयोग गर्दा त्यसको दीर्घकालीन असर कति हुने हो त्यसको लेखाजोखा त अझै हुन बाँकी नै छ। अझै युद्ध रोकिने कुनै लक्षणहरू देखिएका छैनन्। इजरायलले नाकाबन्दी निकै कडा पारिरहेको छ। राहत रोकेको छ। केही दिन पहिला राहत बोकेर प्यालेष्टाइन प्रवेश गर्न खोजेका ट्रकहरूलाई प्रवेशमा रोक लगाएको थियो।केही ट्रकहरूलाई मात्रै प्रवेश दिएको समाचार आएको थियो। इजरायलले नाकाबन्दीलाई कडा पार्दै लगेको छ। सांरभरका संघ संस्था, संयुक्त राष्ट्रसंघले गरेको अनुरोधको इजरायललाई कुनै वास्ता छैन। प्यालेष्टाइनमा कम्तीमा पनि मानवीय सहायताको सम्बोधन आवश्यक छ भनेर बोलिएका बोलीहरूको कुनै मूल्य छैन। युद्धमा पनि केही हदसम्म मानवअधिकारको रक्षा गर्न ध्यान दिन पर्दछ तर त्यहाँ त्यसो हुन सकेको छैन।

युद्धको नियम भनेको आमने समाने भएर लड्ने बाहेक कसैको पनि मानव अधिकारको हनन गर्नु हुँदैन। युद्धमा विपक्षी नै भए पनि उसको मानव अधिकारको रक्षा हुनु पर्दछ। कति धैरै पीडाजनक समाचार छ कि सहायता लिन लाइनमा बसेको अवस्थामा ३१ जना प्योष्टाइनीहरूको इजरायली सेनाले गोली हानेर हत्या गरेको छ। सबै क्षेत्रबाट हवाइ ,समुद्र ,आकाश आक्रमण जारी राखेको इजरायली सैनिक बललाई सबै बन्धक रिहा नगरे हमासलाई ध्वस्त गर्न इजरायली रक्षा मन्त्री इजरायल कात्जले निर्देशन दिएका छन्। उनले आफ्नो सेनाले पूर्ण शक्तिका साथ आक्रमण बढाइरहेको अब कुनै पनि कुराकानी बिना हमासका सबै क्षेत्रमा हमासलाई नष्ट गर्न सबै क्षेत्रमा लागेको बताएका छन्। इजरायलले अमेरिकी सहयोगमा निरन्तर आक्रमण गरिरहेको छ। अमेरिका जो संसारमा मानवअधिकारको कुरा संसारभरिलाई सिकाएको नाटक गर्छ तर आफूले कुनै पालना गर्नु गर्न आवश्यक ठान्दैन। भारत पाकिस्तानमा शुरु मे ७ मा अपरेशन सिन्दुर नाम दिएर शुरु भएको पहलगाम आक्रमणको बदला भनेर शुरु गरिएको युद्ध अमेरिकी राष्ट्रपतिको एक कल फोनको भरमा रोकिन पुग्यो। भारतले पाकिस्तान विरुद्ध शुरु गरेको सो युद्ध अनावश्यक थियो। मोदीको हठको कारण युद्ध शुरु भएको थियो। युद्ध नहुनु पर्ने थियो तर भयो। युद्ध भए पनि चाँडो रोकियो यो रोकिनुमा भारतको आन्तरिक कारण पनि हो तर ट्रम्पले जुन पहल लिए यो निकै राम्रो कुरा थियो। ट्रम्पको पहलमा भारत पाकिस्तान युद्ध रोकिन सक्छ भने गाजामा रोक्न कुनै पहल अमेरिकाले गर्दैन। अमेरिकाले इजरायललाई आर्थिक ,नैतिक, हातहतियार सबै सहयोग गरिरहेको छ हमासमाथि कारबाही गर्ने भनेपछि अमेरिकाका राष्ट्रपति जोन वाइडेनले पुरै मात्रामा सहयोग गरे। त्यसको निरन्तरता ट्रम्पले पनि दिइरहेका छन्। उनीहरूको सहयोगको कारण इजरायलले हमासविरुद्ध भन्दै गाजामा लगातार कारबाही गर्दै आएको छ। यदि अमेरिकाले चाहने हो भने उसले एक छिन मै गाजामा मानिसहरूले यति मर्नु पर्ने ,घाइते हुनु पर्ने ,लखेटिनु पर्ने थिएन तर अमेरिकाले इजरायललाई सहयोग गरिरहेको छ। सकेसम्म हमासमाथि मात्रै होइन ,क्षत्रीय रूपमा पनि युद्ध गराउँदा फाइदा हुन्छ। हतियार बेचेर कमाउन चाहन्छ। अमेरिकाको हतियारको व्यापार राम्रो चल्छ। त्यसकारण उसले युद्ध रोक्न चाहदैन। युद्धलाई निरन्तरता दिन चाहन्छ। इजरायललाई सबै मानवीय सहायताहरू उपलब्ध गराउन र युद्धका नियमहरूको पालना गर्न संयुक्त राष्ट्रसंघले पटक पटक अनुरोध गरे पनि त्यसको वास्ता इजरायलले गरेको छैन। इजरायलले कुनै पनि मानवीयताको वास्ता नगरी आक्रमण गरेको छ। घरहरू ड्रोन, बमले उडेपछि प्यालेष्टाइनीहरू कहाँ जाने ? जब आफ्नो घर भत्किन्छ कहाँ जाने ? टेक्ने जमिन नै वम गोलाले ध्वस्त हुन पुगे पछि अब बालबच्चा, महिला असाहयहरू कता जाने ? शिविरहरू ,अस्पतालहरू र भौतिक संरचना ध्वष्त भए पछि विस्थापितहरू कहाँ जाने ? नाकाबन्दी लागे पछि सहायता कहाँबाट पाउने ? उत्पादन हुने जग्गा सकिएपछि के खाने ? कसरी बाँच्ने ? यस्तो अवस्थामा गाजाका मानिसहरू पुगेका छन्।खुला आकाशमा कहिले यता कहिले उता गर्दा गर्दै आक्रमणको निशानामा पारिएको छ। इजरायली आक्रमणका कारण गाजाको ९५ प्रतिशत खेतीयोग्य जमिन नष्ट भएको समाचारहरूमा आइरहेका छन्। गाजामा यो अवस्था भोगिरहेको बेलामा सहायताको लागि भन्दै सामाजिक संजालमा आएको सहयोगको अपिल निकै सह्रानीय छ। जो जसले जहाँ जहाँबाट सहयोगकोलागि हात बढाइरहेका छन् यो निकै राम्रो काम भइरहको छ। सहयोग जसरी भएपनि संसारभरिका संघ संस्था वा व्यक्तिहरूबाट हुनु आवश्यक छ। सहयोगकोलागि सबैले पहल गर्नु आवश्यक छ। मानवीय सहायताकोलागि सक्दो कोसिस गर्नु आवश्यक छ।

हमासले जब इजरायलमाथि आक्रमण गऱ्यो तब इजरायलले प्यालेष्टाइनी भूमिमा आक्रमण गरेपछि त्यसको विरोध भएको थियो। नेपालमा पनि कम्युनिष्ट पार्टी र सो निकट मोर्चाहरूले त्यसको विरोध गर्दै प्रदर्शन गरे। हाल पनि सो विरोधलाई जारी राखेका छन् तर यतिले मात्रै पुगेको छैन। इजरायललाई आक्रमण रोक्न र प्यालेष्टाइनी स्वतन्त्रताको पक्षमा निरन्तर आन्दोलनको आवश्यकता छ।

इजरायलले गाजा लगायत प्यालेष्टाइनी भूमिमा जारी राखेको आक्रमणले उसको मुख्य उद्देश्य हमास सक्नु भन्दा पनि उसको विस्तारवादी नीतिको कारण भइरहेको छ। पहिला यो स्थानमा आक्रमण हुँदैछ भन्ने खाली गर्न निर्देशन दिने,खाली नगरे वमले उडाउने,भग्नावशेष तुल्याउने,वार्तामा बसेको समयमा गाजा खाली गर्न र अन्यत्र स्थानान्तरणको कुरा ल्याउने र उनीहरूलाई भगाउन चाहने कुरा निकै खेदजनक रहेको छ।

इजरायलले आक्रमण जारी राखेको छ। उसले प्यालेष्टाइनमाथि जुन नृसंशता प्रदर्शन गरिरहेको छ , इजरायलले प्यालेष्टाइनमाथि जुन नीति लिइरहेको छ त्यसको सबैले विरोध गर्नु आवश्यक छ। त्यहाँका बच्चा महिला,घाइते अपाङ्गहरूको बाँच्न पाउने अधिकार,मानव अधिकारको रक्षाको लागि ध्यान दिनु जरुरी छ। युद्धमा साथ दिइरहेको अमेरिकी नीतिको सबैले विरोध गर्नु पर्दछ। प्यालेष्टाइनी जनताको बाँच्न पाउने अधिकारको रक्षा हुनु पर्दछ। इजरायलबाट युद्धको नाममा निर्दोष प्यालेष्टाइनीहरूमाथि भइरहेको अमानवीय गतिविधि तत्काल बन्द हुनु पर्दछ।

युद्ध छिटोभन्दा छिटो अन्त हुनु पर्दछ। युद्ध विरामकोलागि सबैले दबाब दिनु पर्दछ। केही दिन पहिला गाजामा आक्रमण जारी राखिरहे इजरायलमाथि कडा कारबाही गर्ने भनेर फ्रान्स, क्यानडा लगायतका देशहरूले भनेका थिए। गाजामा आक्रमण रोक्नकोलागि इजरायललाई मात्रै हैन अमेरिकालाई पनि दबाब दिनु पर्दछ।

अमेरिकाको साथ र सहयोगमा प्यालेष्टाइनीमाथि आक्रमण भइरहेको छ ,त्यसकारण अमेरिकालाई पनि दबाब दिनु पर्दछ। इजरायलले संसारमा आफूभन्दा कोही सर्वेसर्वा ठान्दै आएको छ। उसले बदलास्वरूप भन्दै निर्दोषहरूमाथि आक्रमणलाई बढाइरहेको छ। प्यालेष्टाइनीहरूमाथि भइरहेको आक्रमण र नरसंहारको संसारभरबाट विरोध गरौं। न्याय, स्वतन्त्रता र मानवअधिकारको पक्षमा आवाज उठाऔं।

## ७ बुँदे...

गर्नुपर्ने, नेपाल सरकारलगायत सार्क राष्ट्रका सरकार प्रमुखहरूले मातृभाषाको पत्रकारिता गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने, सरकारी स्तरमा नीति तर्जुमा गरेर वजेटको व्यवस्था गर्नुपर्ने लगायतका माग गरेका छन्।

दुईदिने सम्मेलनलाई उद्धाटन गर्नुहुँदै प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले मातृभाषाको पत्रकारितामार्फत नेपालको संविधानले सुनिश्चित गरेको बहुल समाजभित्रको एकतालाई व्यवहारमा लागू गर्न सकिने बताउनुभयो। उहाँले सरकारी सञ्चार माध्यममा भाषाभाषीका समाचार प्रकाशन र प्रशारण हुँदै आएको सन्दर्भ जोड्दै यसमा थप समृद्ध गर्नुपर्ने विचार राख्नुभयो।

त्यस्तै, भक्तपुरको थिमि बैंक्वेटमा सम्पन्न भएको दोस्रो दिनको सम्मेलनमा मध्यपुर थिमि नगरपालिकाका मेयर सुरेन्द्र श्रेष्ठले मातृभाषा संरक्षण गर्न स्थानिय सरकार प्रतिबद्ध रहेको बताउनुभयो। विद्यालयस्तरमा मातृभाषाको अध्यापन गर्नको लागि नगरपालिकाले तयारी गरिरहेको समेत मेयर श्रेष्ठले बताउनुभयो।

'नेपालका प्रथम मातृभाषी पत्रकार धर्मादित्य धर्माचार्यले नेपालभाषाको माध्यमबाट पत्रकारिता सुरु गर्नुभएको १०१ वर्ष पुगेको उपलक्ष्यमा सम्मेलनको आयोजना गरेका हौं। सबैले आआफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुभएको छ।' पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्र लाल श्रेष्ठले बताउनुभयो।करिब ५० विदेशी पत्रकार तथा सय जना नेपाली पत्रकारहरू समिल्लित रहेको अन्तर्राष्ट्रिय सम्मेलनलाई सार्क जर्नलिष्ट फोरम र फोनिजले सहकार्य गरेको थियो।

सम्मेलनमा नेपाल लगायत विश्वव्यापी रहेको मातृभाषा पत्रकारिताको चुनौती, अवसर र भविष्यका सम्भावनाहरूमा केन्द्रीत रहेर विभिन्न चरणमा प्यानल छलफल गरेको थियो। गोरखापत्रका पूर्व प्रधान सम्पादक पुस्करभक्त माथेमाले नेपालको सरकारी सञ्चार गृहमा मातृभाषाको पत्रकारिताको अभ्यासको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा नेपाल, भारत र बंगलादेशका गरी पाँच जना वरिष्ठ सञ्चारकर्मीहरूलाई नेपालका प्रथम मातृभाषी पत्रकार धर्मादित्य मातृभाषा पत्रकारिता सम्मान प्रदान गरिएको थियो। यसअघि सन् २०२४ मा पहिलो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन, सन् २०१८ र २०२२ मा राष्ट्रिय सम्मेलन गरेको थियो।

***७ बुँदे घोषणापत्रः***

१. उहाँको उत्कृष्ट योगदानको कदर गर्दै, धर्मादित्य धर्माचार्यलाई नेपाल सरकारले विधिवत सम्मान र मान्यता दिनुपर्छ।
२. राज्य समर्थन र नीतिगत प्रतिबद्धता नेपाल सरकार लगायत सार्क सरकारका प्रमुखहरूलाई मातृभाषामा काम गर्ने पत्रकारहरूको अधिकारको रक्षा गर्ने मिडिया नीतिहरू तर्जुमा र लागू गर्न र स्थानीय तथा आदिवासी भाषाहरूमा सञ्चालित मिडिया आउटलेटहरूको विकास र दिगोपनका लागि बढ्दो बजेट सहयोग विनियोजन गर्न आग्रह गरिएको छ।
३. सरकारले आदिवासी तथा आदिवासी भाषाहरूमा पत्रकारितालाई सामाजिक न्याय र सांस्कृतिक संरक्षणको उपकरणको रूपमा मान्यता दिनुपर्छ र प्रवर्द्धन गर्नुपर्छ, यी समुदायहरूलाई आफ्नो आवाज उठाउन र सान्दर्भिक समाचार र जानकारीमा पहुँच गर्न प्लेटफर्महरू छन् भनी सुनिश्चित गर्नुपर्छ।
४. मातृभाषामा काम गर्ने पत्रकारहरूकालागि नियमित प्रशिक्षण कार्यक्रम, कार्यशाला र फेलोशिपहरू आयोजना गर्न तत्काल कदम चाल्नुपर्छ।
५. संयुक्त राष्ट्र संघ, युनेस्को, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र विकास साझेदारहरूलाई आफ्नो विकास एजेन्डा र कोष प्राथमिकताहरूमा मातृभाषा पत्रकारिता समावेश गर्न, प्राविधिक सहयोग, क्षमता निर्माण समर्थन, र तल्लो तहका मिडिया पहलहरूको लागि स्रोत परिचालन प्रदान गर्न आह्वान गरिएको छ।
६. विश्वविद्यालयहरू, मिडिया संस्थाहरू र अनुसन्धान निकायहरूले यस क्षेत्रमा मातृभाषा पत्रकारिताको वर्तमान अवस्था, चुनौतीहरू र सम्भावनाहरूको बारेमा व्यापक अध्ययन गर्नुपर्छ र सरकारहरू र प्रविधि प्लेटफर्महरूले अनलाइन मातृभाषा पत्रकारितालाई प्रवर्द्धन गर्न डिजिटल उपकरणहरू, फन्टहरू र भाषा अनुवाद प्रशोधन प्रविधिहरूमा लगानी गर्नुपर्छ र स्थानीय मिडिया आउटलेटहरूलाई मातृभाषामा डिजिटल ढाँचामा संक्रमण गर्न सहयोग दिनुपर्छ।
७. मातृभाषा पत्रकारिताको प्रवर्द्धनका लागि काम गर्ने राष्ट्रिय र क्षेत्रीय पत्रकार संघहरूलाई मान्यता दिइनुपर्छ र उनीहरूको पहुँच र वकालत विस्तार गर्न आर्थिक रूपमा सहयोग गरिनुपर्छ। निष्कर्षस् हामी, सहभागीहरू, हाम्रो मातृभाषामा पत्रकारिता डिजिटल युगमा मात्र बाँच्दैन तर फस्टाउँछ भन्ने कुरा सुनिश्चित गर्न सहकार्य गरेर काम गर्ने हाम्रो संकल्प दोहोर्याउँछौं। हामी सबै सरोकारवालाहरूलाई यी शब्दहरूलाई कार्यमा रूपान्तरण गर्न आह्वान गर्छौं ताकि दक्षिण एसियाका विविध आवाजहरूले स्वतन्त्र र निर्भयतापूर्वक बोल्न, रिपोर्ट गर्न र प्रेरणा दिन जारी राख्न सकून्।

***हस्ताक्षरकर्ता***

*१. नृपेन्द्र लाल श्रेष्ठ अध्यक्ष नेवार पत्रकारहरूको लागि राष्ट्रिय मञ्च (नेपाल)*
*२. राजु लामा अध्यक्ष सार्क पत्रकार मञ्च (नेपाल)*
*३. लक्की चौधरी अध्यक्ष फोनिज (नेपाल)*
*४. मोहम्मद अब्दुर रहमान महासचिव सार्क पत्रकार मञ्च (बंगलादेश)*
*५. डा. शशिभूषण कुमार अध्यक्ष सार्क पत्रकार मञ्च, बिहार (भारत)*

## क्रान्तिकारी....

सांगठनिक अवस्थाको बारेमा प्रतिवेदन पेश गर्नु भयो। भेलामा विषेश अतिथि असिमले भेलाको शुभकामना मन्तव्य व्यक्त गर्दै महिलाहरूमाथि उत्पीडन थोपरिरहेका दाइजो प्रथा, छाउपडी प्रथा जस्ता प्रथा र परम्पराको विरुद्धमा महिलाहरूले सचेत ढंगले सबैसंग जोडिँदै अभियान चलाउन सकिने बताउनु भयो र संगठन निर्माणमा लाग्न जोड दिनु भयो।

उहाँले देशमा विकृति, विसंगति, भ्रष्टाचार मौलाएको भन्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी त्यसका विरुद्ध असारको ५ गतेदेखि देशव्यापी भ्रष्टाचार विरुद्ध अभियानमा लाग्ने कुरा बताउनु भयो।आगामी २०८२ फागुन २४-२६ सम्म ११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस तथा आठ मार्चको दिन उद्धाटन गर्ने गरी राष्ट्रिय एकता सम्मेलन गर्ने निर्णय गरेको छ।भेलाले देशव्यापी रूपमा सदस्यता वितरण गर्ने ,जिल्ला भेला तथा सम्मेलनहरू सम्पन्न गर्ने निर्णय गर्नुका साथै राष्ट्रिय एकता सम्मेलन तयारीकोलागि व्यवस्थापन समिति ,प्रचार प्रसार समिति, आर्थिक उपसमिति गठन गरेको छ। भेलाले संगठनको मुखपत्र प्रकाशन गर्ने निर्णय गर्नुका साथै व्यूरोहरूको गठन समेत गरेको छ। कार्यक्रममा महिला नेतृ सूर्याथापाले भेलाद्धारा गठित समितिलाई बधाइ दिँदै नेपालको क्रान्तिकारी महिला आन्दोलनमा लाग्न सबैलाई अनुरोध गर्नु भयो।

## अखिल...

भने,"सरकारमा रहने मान्छेहरूकै निजी कलेज र विद्यालयहरू भएकाले त्यसलाई आमजनताको पहुँच बाहिर महँगो र लुटी खाने धन्दा बनाएका छन्, अब त्यसविरुद्ध हामी निर्णायक लडाईं लड्छौं।"

संगठनका कार्यालय सदस्य नविन खड्काले सरकारी शिक्षालयहरूलाई आफ्ना कार्यकर्ता भर्ति केन्द्र बनाउने र निजीलाई आफ्नो कमाई खाने भाँडो बनाएको आरोप लगाए। खड्काले एनओसी प्लस्टुमा नदिई स्नातक तहपछि मात्रै दिनुपर्ने निर्णय तत्काल कार्यान्वयन गर्नुपर्ने माग राखे।

कार्यालय सदस्य दिपक विष्टले सरकारी तथा सामुदायीक क्याम्पसमा विद्यार्थीहरू सुकाउने र निजी तथा विदशी सम्बन्धनका कलेजहरूलाई मोटाउने वातावरणको अन्त्य गरिनु पर्ने बताए।

कार्यालय सदस्य नेत्र शाहीले देशमा शिक्षा क्षेत्रमा भ्रष्ट र दलालहरूको विगविगी बढेकाले त्यसको अन्त्य गर्न आफूहरूले उनिहरूविरुद्ध कडा संघर्ष गर्ने चेतावनी दिए।

कार्यालय सदस्य सोभा सेन्चुरीले प्रेस विज्ञप्ति वाचन गर्दै १० बुँदे 'विद्यार्थी जागरण तथा शैक्षीक संघर्षको अभियान'को बारेमा जानकारी दिइन्।

यसैबिच, सो अवसरमा संगठनका संयोजक महेश श्रेष्ठद्वारा जारी वक्तव्यमा भनिएको छ, " हामी दुई अखिल (क्रान्तिकारी) र अखिल छैठौं गरि तीन विद्यार्थी संगठन बिच एकता गरि बनेको अखिल (क्रान्तिकारी) विद्यार्थी एकताको सुत्राधार संगठन हो भन्ने कुरा सर्वदिविदै छ इतिहास देखि नै हाम्रो संगठन निरन्तर विद्यार्थीहरूको हक, हित र अधिकारको पक्षमा र शैक्षिक बिकृती बिसङ्गतिका विरुद्धमा निर्मम तथा न्यायपूर्ण संघर्ष गर्दै सडक बाघको रूपमा स्थापित छ आज पनि शिक्षामा निजीकरण, व्यापारिकरण, माफियाकरण, दलालिकरण, भ्रष्टीकरण लगायत अनियमितताको चरम अखडा बनेको छ। पढ्नको लागी बिदेशीने विद्यार्थीहरूको संख्या लाखौंमा छ, भने पुजी अरबौमा बिदेशिएको छ। देश भित्र आफ्नो भविष्य नदेख्ने बरु बिदेशमा जस्तो पनि दुख गर्न तयार रहने बुझाइका कारण माध्यामिक तह अध्ययन गर्दैका विद्यार्थी बिदेशको सपना बुन्न थाल्छन भने अर्कोतिर, यो दलाल राज्यले शिक्षामा लगानी गर्ने। देशप्रेमी, नैतिकवान, कर्तव्यनिष्ट, प्राबिधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम निर्माण बिश्वबिद्यालय, क्याम्पस र विद्यालयका सार्वजनिक सम्पतिको सदुपयोग तथा रक्षागर्ने लगायत तमाम समस्याहरूलाई नजरअन्दाज गरिरहेको छ। यी समस्याहरूको समाधान तथा शिक्षामा आमूल परिवर्तनको लागि निरन्तर संघर्षरत हाम्रो संगठन अखिल (क्रान्तिकारी) यही जेष्ठ २८ र २९ गते काठमाडौमा एकता राष्ट्रिय सम्मेलन आयोजक समितिको बैठक सम्पन्न गरेको छ। उक्त बैठकद्वारा पारित गरिएको "विद्यार्थी जागरण तथा शैक्षिक संघर्ष अभियान" लगायत योजना तथा कार्यक्रमहरू यस प्रेस वक्तव्य मार्फत सर्वजनिक गर्न चाहान्छौ। असार १५ गते देखि भाद्र ३० गते सम्म पहिलो चरणमा देश व्यापी रूपमा "विद्यार्थी जागरण तथा शैक्षिक संघर्ष अभियान" संचालन हुनेछ।

-अभियानमार्फत नेपालका सम्पूर्ण विद्यार्थीहरूलाई आफ्नो हक, हित, अधिकार, कर्तव्य तथा दायित्वको साथै राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, जनजिविका लगायत राजनितिक, आर्थिक, सामाजिक, साँस्कृतिक विषयहरूबाट जागरण पैदा गर्ने।

- विद्यार्थीहरूले भोग्दै आएका समस्याहरू छात्रवृत्ति, खेलकुद सामग्री तथा खेलमैदान, खानेपानी, सफा, सुरक्षित तथा छात्रा मैत्री शौचालय, भवन तथा भौतिक संरचना, नियमित पठनपाठन, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रयोगशाला, स्तरिय पुस्तकालय, प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था, लागुऔषध दुर्व्यसनको अन्त्य लगायत समस्याहरूको निराकरण तथा अन्त्यको लागि संबंधित निकायसंग संघर्ष एवं सहकार्य गर्ने।

-अवैधानिक तथा मापदण्ड विपरीत चलाइरहेका शैक्षिक संस्था, चर्को शुल्क असुली, शैक्षिक क्षेत्रमा भ्रष्टाचार, अतभखतभ लगायत प्रतिष्ठानहरूको भ्रष्टाचार, अनियमितता तथा बेतिथी, विश्वविद्यालय क्याम्पस विद्यालयहरूको जमिन लगायत सार्वजनिक सम्पतिको हिनामिना, प्रकाशन बदल्दै पाठ्यपुस्तक बर्षेनि लाद्ने प्रवृत्ति, विद्यालय क्याम्पस लगायतका शैक्षिक क्षेत्रभित्र छात्राहरूमा हुने दुर्ववहार, हिंसा र यौनजन्य अपराध लगायतका विकृतिहरूको विरुद्धमा निसर्त र निर्णायक संघर्ष तथा कार्वाही गर्ने।

- मनसुनको सिजन भएकाले वृक्षारोपण गर्ने, सम्भावित बाढीपहिरो हुनसक्ने हुँदा उद्धार तथा राहतका कार्य गर्ने, विभिन्न शैक्षिक प्रतियोगितात्मक कार्यक्रम गर्ने।

- विश्वविद्यालय, क्याम्पस, विद्यालयमा हुने राजनितिक भागबन्डा र नियुक्तिको भण्डाफोर सहित संघर्ष गर्ने। विश्वविद्यालयहरूमा वार्षिक शैक्षिक क्यालेन्डर व्यवस्थित गरी कार्यान्वयन गर्न। शिक्षक सरुवाबढुवामा हुने भ्रष्टाचार, अनियमितता, लगायत बेतिथिहरूको अन्त्यको लागि संघर्ष गर्ने।

- संविधानको धारा ३१ अनुसार माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने संवैधानिक व्यवस्थाको पुर्नरूपमा कार्यान्वयन गरि शिक्षाको सम्पुर्ण दायित्व राज्यलाई बहन गर्न दवाव दिने।

- मेडिकल शिक्षाको नाममा भइरहेको पूजी पलायन सबै मेडिकल माफियाहरूको दादागिरी विरुद्ध संघर्ष गर्ने।

- राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, जनजिविकाको पक्षमा र राष्ट्रघात, जनघात, भ्रष्टाचार, लगाय बिकृतीका विरुद्ध संघर्ष गर्दै नयाँ जनवाद - वैज्ञानिक समाजवादको पक्षमा विद्यार्थीहरूलाई प्रशिक्षित गर्ने।

- अवैधानिक रूपमा संचालित स्वदेशी तथा विदेशी लगानीका विदेशी पाठ्यक्रम पढाइ हुने शैक्षिक संस्थाहरू विरुद्ध निर्मम संघर्ष गर्ने।

क्रान्तिकारी अभिवादन सहित।"

## भ्रष्टाचारविरूद्ध...

संचालन गर्ने समय आएको छ। त्यसमा हाम्रो सशक्त उपस्थिति हुन्छ। चरणबद्ध रूपमा जनता भ्रष्टहरू खिलाप जनता उठनेछन्।' पार्टीका रामग्राम नगर संयोजक जयफूल्लाह हसनले भ्रष्टचार बिरुद्धको अभियान यही असार पाँच गते उद्धाटन गर्ने तयारी रहेको जानकारी गराए। अभियानको पूर्व तयारी स्वरूप पार्टीका आन्तरिक कामहरू जारी रहेको उक्त पार्टीले जनाएको छ।

## १५ नं....

ब्युरो इन्चार्ज सरलले पनि प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो। कार्यक्रम शुक्रबार सम्पन्न भएको हो।


यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## गाजामा गुमेको मानवता

*सहायता बोकेर गाजामा प्रवेश गर्न खोज्ने ट्रकहरूलाई इजरायली सेनाले प्रवेश रोक लगाउँछ । भोक र प्यासले मर्नेहरूको संख्या दिनानु दिन बढिरहेको छ । खाना अभावमा ३ सयको संख्यामा बच्चाहरू मरेको भन्ने खबर छ । बच्चाहरू निर्दोष ,भोलिका संसारका सन्तानहरू दिनानुदिन मारिनु परेको छ । भविष्य सिँगार्ने हात र दिमागहरू बम र ड्रोनहरूले उडाइएको छ ।*



● मनु वि.क. ●

प्यालेष्टाइनी भूमि गाजामा दिनानुदिन मानवीय संकट गहिरिँदै गएको छ। सन् २०२३ अक्टोबर ७ मा प्यालेष्टाइनमा क्रियाशील हमास लडाकु समुहले इजरायली भूमिमा आक्रमण गरेर १२ सयको हत्या र २ सय ५० जनाको ज्यान गए पछि हमास समुहको कार्यको बदलास्वरूप भन्दै इजरायलले थालेको सैन्य कारवाही जारी छ। झण्डै १८ महिनाको युद्धमा मारिनेहरूको संख्या प्यालेष्टाइनमा ६० हजार भन्दा माथि पुगेको छ। घाइतेहरूको संख्या १ लाख २५ हजार भन्दा माथि छ। मारिनेहरू कैयौं भग्नावशेषमा पुरिएका समाचारहरू आउँछन्। मारिनेहरूमा अधिकांश महिला ,बालक केटाकेटी रहेका छन्। यहाँ सहायता प्रदान गर्न खटिएकाहरू ७५ जना भन्दा बढीको मृत्यु भएको छ र ४ सय भन्दा बढि घाइते भएका छन्। मर्ने र मारिने क्रम जारी छ। लगातारको हमलाको कारण स्कूल,अस्पताल, शरणार्थी शिविरहरू ध्वस्त हुन पुगेका छन्। विस्थापितहरूको अवस्था अत्यन्त चिन्ताजनक रहेको समाचारहरूमा बताईन्छ।

हातमा थाल वा यस्तै भाडाहरू बोकेर राहत लिन लाइनमा बसेका बच्चाहरूको मुहार देख्दा,रगतले रक्ताम्य बालबच्चाहरूको तस्बिर देख्दा मन अति आत्तिन्छ। भग्नावशेषको धूलो पन्छाउँदै उठेका बच्चाहरू देख्दा के गरुम र कसो गरेर निकास निस्कन्छ भन्ने हुन्छ। बच्चाहरूको शवलाई छातीमा टाँसेर चिच्याउँदै आँसु बगाइरहेका महिलाहरूको कारुणिक तस्विरले निकै वेचैन बनाउँछ। महिला,बच्चा, केटाकेटीहरू आक्रमणको समयदेखि रोइरहेका छन्। अस्पतालहरू वमले उडाएका छन्। सुत्केरी,असक्त विरामीहरूको विचिल्ली भएको छ। विद्यार्थीहरू पढ्ने स्कूलहरू भत्किएका छन्। विद्यार्थीहरू मारिएका छन्। उनीहरूको पठनपाठन रोकिएको छ। आफन्त र सहारा गुमेका बच्चाहरू कहिले यता र कहिले उता राहत खोज्न हिँडेको भिडियो र फोटोहरूले मन थाम्नै नसक्ने बनाउँछ।

केही समययतादेखि अझै निकै निष्ठुर समाचार आएका छन्। राहत लिन लाइन लागेका निर्दोषहरूमाथि गोली प्रहार र आक्रमण भएको छ। मानवीय सहायता लिन लाइनमा बसेकाहरू सुरक्षित हुनु पर्ने हो तर उनीहरूको ज्यान उडेको छ।

सहायता बोकेर गाजामा प्रवेश गर्न खोज्ने ट्रकहरूलाई इजरायली सेनाले प्रवेश रोक लगाउँछ। भोक र प्यासले मर्नेहरूको संख्या दिनानु दिन बढिरहेको छ। खाना अभावमा ३ सयको संख्यामा बच्चाहरू मरेको भन्ने खबर छ। बच्चाहरू निर्दोष ,भोलिका संसारका सन्तानहरू दिनानुदिन मारिनु परेको छ। भविष्य सिँगार्ने हात र दिमागहरू बम र ड्रोनहरूले उडाइएको छ। गर्भवती, सुत्केरी बच्चाहरू कुपोषणको शिकार भएका छन्।

संसारभरमा मानवअधिकारको वकालत गरेर नथाक्नेहरू अहिले किन चुप छन् ? के मानवअधिकार उनीहरूकोलागि मात्रै हो *बाँकी ७ पेजमा*

### विश्वभरका...

गर्थे। यसको गहिरो प्रभाव आम श्रमिकहरूमाथि पनि परेको थियो। श्रमिक तलब पनि बढी काम गर्नेलाई बढी र कम गर्नेलाई कम निर्धारण गरिएको थियो। यसरी देश र समाजको लागि लगातार कार्य गरिरहँदा पनि चे कहिल्यै सन्तुष्ट भएनन्। उनलाई सदैव के लाग्दथ्यो भने अझै केही गर्न बाँकी छ। उनलाई ल्याटिन अमेरिकाका बाँकी देशहरूको औपनिवेशिक शोषणलाई देखेर आफ्नो उद्देश्य पूरा नभएको कुरा महसुस भइरहन्थ्यो। त्यसकारण अब उनले समाजवादको लागि विश्वव्यापी अभियान छेड्ने कार्यको शुरुवात गर्ने महान कदम उठाउन लागे।

क्युवामा कम्युनिष्ट सरकार जनप्रिय हुँदै गएपछि अमेरिकासहित पश्चिमी देशहरूले आर्थिक नियन्त्रण गर्नुका साथै आयात प्रतिबन्ध लगाएपछि क्यास्त्रो र चेले पूर्वी देशहरूसँग व्यापरिक सम्बन्ध अगाडि बढाउन लागेका थिए। यसछि उनीहरूले सन् १९६० बाट उत्तर कोरिया, पूर्वी जर्मनी, चेकोस्लोभाकिया, हंगेरी, आदि देशहरूमा व्यापारिक सम्झौता गरी पश्चिमी निर्भरता घटाए। अब दिनदिनै चे ग्वेभाराको विरुद्ध समाजवादी विरोधी देशहरूले मोर्चा खडा गरेका थिए। क्युवाको क्रान्तिकारी सरकारलाई ध्वस्त पार्नको लागि सीआइए लगातार लागिरहेको थियो तर असफल भइरहेको थियो। चे ग्वेभारा अमेरिकी साम्राज्यवादको विरुद्ध खुलेआम रूपमा आवाज बुलन्द गरिरहेका हुन्थे। विश्वव्यापी समर्थनमा चे ग्वेभारालाई रूसको सहयोग प्राप्त थियो। सोभियत रूस त्यस बेला कम्युनिष्ट देशहरूको अगुवा र विश्वको दोस्रो महाशक्ति राष्ट्र थियो। रूसले त्यसबेला क्युवालाई विशेष रूपले हतियार र यसमा आणविक हतियार समेत सहयोग गरेको थियो। यद्यपि पछि अन्तर्राष्ट्रिय दबावको कारण अपेक्षित रूपमा अबरुद्ध पनि गरिएको थियो। सन् १९६४ सम्म आइपुग्दा चे ग्वेभारा विश्वस्तरमा क्रान्तिकारी नेताको रूपमा स्थापित भइसकेका थिए। यही वर्ष उनले न्यूयोर्क संयुक्त राष्ट्र संघको सभामा भाषण गर्दै अमेरिकाको रंगभेद नीतिको विरोध गरेका थिए। त्यही भाषणमा उनले समाजप्रति आफ्नो प्रतिबद्धता दर्शाउँदै भनेका थिए - 'हामी समाजवादको स्थापना चाहन्छौं। हामी स्वयंले शान्तिको लागि आफ्नो सम्पूर्ण कुरा बलिदान गरेका छौं। यद्यपि हामी मार्क्स र लेनिनका समर्थक हौं। यसको बाबजुद हामीले स्वयंलाई गुटनिरपेक्ष देशको हिस्सा घोषित गरेका छौं। आफ्ना समानधर्मी गुटनिरपेक्ष देशहरू जस्तै हामी पनि साम्राज्यवादसँग लडिरहेका छौं। हामी शान्ति चाहन्छौं। हामी आफ्ना नागरिकहरूलाई उत्तम जीवन दिन चाहन्छौं। यही कारणले गर्दा सभंव भएसम्म अमेरिकाले गरेको उत्तेजनापूर्ण कार्वाहीको बाबजुद पनि हामी शान्त रहेका छौं। तर हामी अमेरिकी शासकहरूको मनस्थितिलाई बुझ्छौं। उनीहरू हामीसँग हाम्रो शान्तिको धेरै ठूलो मूल्य असूल्न चाहन्छन्। हामी उनीहरूलाई भन्दछौं - त्यो मूल्य, शान्तिको त्यो मूल्य, जुन उनीहरू हामीसँग असूल्न चाहिरहेका छन्, कहिल्यै पनि हाम्रो आत्मसम्मानभन्दा ठूलो हुनसक्तैन।' जनताको नाममा चे ग्वेभाराको अन्तिम सम्बोधन २४ फेब्रुअरी १९६५ मा एशिया-अफ्रिका एकजुटताको पक्षमा अल्जेरियामा दिइएको भाषण थियो। यसमा उनले समाजवादी देशहरू निम्न स्वार्थमा अल्झिएर विकसित पश्चिमी देशहरूको शोषणप्रति मूकदर्शक रहेका छन् भनेका थिए। उनले भियतनामको पक्ष लिँदै विकासशील देशहरूलाई के आव्हान गरेका थिए भने त्यहाँका जनताले पूँजीवादको पतनको लागि यस्तै अनगिन्ती भियतनाम बन्नुपर्दछ। यसबाट के स्पष्ट हुन्छ भने उनी पूँजीवादको विरोधको लागि कुनै एक देश अथवा राज्यलाई सीमाभन्दा बाहिर निकालेर त्यसको लागि विश्वव्यापी माहौल तयार गर्ने र संघर्षलाई अन्तर्राष्ट्रिय रूपमा दिने कुराको समर्थक थिए।

क्युवाको सरकामा चे ग्वेभाराको पद दोस्रो स्तरको भएकोले उनले चाहेको भए भव्य व्यक्तिगत सुखमय जीवन बिताउन सक्थे। तर चेको लागि वैचारिक प्रतिबद्धता उनको निजी सुख, धनसम्पत्ति र भोगविलासभन्दा कैयौं धेरै बढी थियो। उनी आफूलाई सदैव एक छापामार योद्धा र बढीमा छापामार सेनाको सेनापति ठान्थे। त्यसकारण मौका मिल्ने वित्तिकै उनी औपनिवेशिक शोषणको शिकार भएका देशहरूमा समाजवाद स्थापनाको लागि प्रयास गरिहाल्थे। यो काम उनले कहिल्यै छोडेनन्। यही महान उद्देश्यलाई निरन्तरता दिनकै लागि उनी सन् १९६५ मा कंगो यात्रामा निस्किए। उनलाई के लाग्दथ्यो भने अफ्रिकाकाको कमजोर राज्यसत्तासँगै त्यहाँ क्रान्तिको नयाँ पाठ लेख्न संभव हुन्छ। उनको उद्देश्य विरोधीहरूलाई छापामार युद्धको प्रशिक्षण दिएर त्यहाँ क्रान्तिको शंखनाद गर्नु थियो। तर अफ्रिकाको वातावरण उनको स्वास्थ्य अनुकूल भएन। उनी उहाँ पुग्नेवत्तिकै बिग्रिएको स्वास्थ्यसँग लगभग सात महिना जुधिरहे। यस बीचमा उनले विद्रोहलाई अगाडि बढाउने यथासंभव कोशिस गरे तर असफलता हात लाग्यो। । यसपछि उनी तान्जानिया गए र त्यहाँ पनि क्रान्तिकारीहरूलाई साथ दिए। त्यहाँबाट उनी चेक देशको प्राग सहरमा गए। आफ्नो क्रान्तिको कार्यक्रमलाई निरन्तर अगाडि बढाइरहे।

चे ग्वेभाराको उद्देश्य केवल क्युवालाई अमेरिकी साम्राज्यवाद र पूँजीवादबाट बचाउनु मात्र थिएन। उनी सम्पूर्ण ल्याटिन अमेरिका र विश्वलाई पूँजीवाद र साम्राज्यवादका दानवबाट छुटकारा दिलाउन चाहन्थे। यसरी निरन्तर चे ग्वेभारा संसारमा समाजवादी क्रान्तिको खोज गर्न विभिन्न माध्यमबाट संसारको यात्रा गरिरहेका हुन्थे। उनी विशेषगरी यूरोप, उत्तरी अमेरिका, आदि देशहरूमा गोप्य कागजात बनाएर भ्रमण गर्ने गर्दथे। यसको बारेमा उनका परममित्र क्यास्त्रोलाई पनि थाहा हुँदैनथ्यो। यही क्रममा सन् १९६६ को प्रारम्भिक महिनामा चे ग्वेभाराले लगभग गुप्तवासमा समय बिताए। उनको बारेमा कसैलाई पनि जानकारी थिएन। यस अवधिमा उनले क्रान्तिको संभावना खोजिरहेका विद्रोहीहरूसँग अत्यन्तै गोप्य रूपमा भेटघाट पनि गरे। सन् १९६६ मै चे ग्वेभाराले आफ्नो परिचय लुकाउनको लागि हुलिया परिवर्तन गरेका थिए। उनले आफ्नो सम्पूर्ण जुँघा-दारी खौरिएका थिए। यसरी ३ नोभेम्बर १९६६ मा उनी भूमिगत रूपमा बोलिभिया पुगे। यो यात्रा उनले आफ्नो छद्म नाम एडोल्फ मेना गोन्जलजको नामबाट आफूलाई एक व्यापारीको रूपमा परिचित गराएर सम्पन्न गरेका थिए। अब उनी बोलिभियाको एक भीषण जंगल मोनटेनमा पुगे। उनको उद्देश्य त्यहाँ एक छापामार दलको गठन गर्ने थियो। चेलाई आफ्नो बीचमा देखेर बोलिभियाको साम्राज्वाद विरोधी संगठनमा नयाँ शक्ति पैदा भयो। स्थानीय नेताहरूको सहयोगले त्यहाँ चे ग्वेभाराले प्रारम्भिक रूपमा सफलता पनि हासिल गरे। उनीहरूसँग मिलेर चे ग्वेभाराले त्यहाँ नेशनल लिबिरेशन आर्मी अफ द बोलिभियाको गठन गरे। यसका सदस्यहरूको संख्या बढ्दै गयो र केही महिनापछि यो संगठनले छापामार युद्धको लागि आवश्यक सबै हतियार जुटायो। बोलिभियाका सैन्य टुकडीहरूलाई कैयौं मोर्चामा झुक्क्याएर चे ग्वेभाराले त्यहाँ आफ्नो उपस्थिति पनि दर्ज गरे। यसबाट बोलिभिया सरकार शतर्क भयो र उसले छापामार दललाई नियन्त्रणमा लिनको लागि ठूलो संख्यामा सैनिक लगायो। सेप्टेम्बर महिनामा सेना र विद्रोही छापामार दलबीच भयंकर संघर्ष भयो, जसमा केही छापामार योद्धा पनि मारिए। चे ग्वेभाराको बोलिभिया अभियानले सोचेजस्तो सफलता प्राप्त गर्न सकेन। यसका कैयौं कारणहरू थिए। वास्तवमा बोलिभियामा क्रान्ति अभियान शुरु गर्नुभन्दा पहिले उनले केवल त्यहाँको सेनासँग लडाइँ गर्नुपर्दछ भन्ने सोचेका थिए। उनलाई के कुराको जानकारी थिएन भने सीआइएले एक विशेष सैन्य दल बोलिभिया पठाएको थियो। उनीहरूसँग अत्याधुनिक हतियार थिए। सीआइएका सेनाहरूले बोलिभियाको जंगललाई घेरा हालेका थिए। अर्को कुरा चेलाई के विश्वास थियो भने बोलिभियामा उनलाई स्थानीय असन्तुष्ट, विशेषगरी मेरियो मेन्जोको नेतृत्व र बोलिभियाको कम्युनिष्ट पार्टीको समर्थन प्राप्त हुन्छ। तर यस्तो हुनसकेन। बोलिभियामा पराजयको अर्को कारण छापामार संगठनहरूबीचमा तालमेल तथा सम्पर्कको कमी पनि थियो। क्युवा सरकारले दिएका ट्रान्समिटर पनि खराब भए। छापामार युद्ध शुरु गर्नुभन्दा पहिले स्थानीय जनतासँग राम्रो सम्बन्ध बनाउने र उनीहरूबाट सहयोग लिने कुरामा पनि कमी भएको थियो। यी विभिन्न कारणहहरूले गर्दा बोलिभियामा चे ग्वेभाराले पराजयको सामना मात्र गर्नुपरेन, बरू त्यो उनको जीवनको अन्तिम अभियान सिद्ध भयो।


## योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोकसेवा आयोगको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं ।

**'योग्यता, स्वच्छता, निष्पक्षता-लोकसेवा आयोगको प्रतिबद्धता'**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं ।

**'हाम्रो पहिचान, हाम्रो स्वाभिमान'**

नेपाल सरकार
**विज्ञापन बोर्ड**





**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।